# विषय सूची


| क्र.सं. | ऐनको नाम | पेज नं. |
|---|---|---|
| १. | गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५............ | १ |
| २. | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५.................................................... | १२ |
| ३. | सार्वजनिक निजी साझेदारी ऐन, २०७७........................ | ३२ |
| ४. | चौरजहारी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७७........................... | ५० |
| ५. | चौरजहारी नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७७ | १०४ |
| ६. | चौरजहारी नगरपालिकाबाट कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन, २०७७.................................................................. | ११९ |
| ७. | नगर प्रहरी ऐन, २०७७............................................. | १४८ |
| ८. | चौरजहारी नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७.............................................................. | १७९ |
| ९. | चौरजहारी नगरपालिका विनियोजन ऐन, २०७७............ | २१६ |

# गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५

**प्रस्तावना:** स्थानीय तहहरूमा काम गर्ने गैरसरकारी संघ संस्थाहरू सँग आपसी समन्वय, सहयोग र साझेदारीलाई प्रभावकारी बनाउन नेपालको संविधान, २०७२ को भाग ३ मा उल्लेखित मौलिक हकको व्यवहारिक कार्यान्वयनका लागि साझेदार संस्थाको भूमिका निर्वाह गर्न एवं धारा १७ को उपधारा १ (घ) द्वारा प्रत्याभूत संघ संस्था खोल्ने स्वतन्त्रताको हकको उपयोग एवं संविधानको भाग ४ धारा ५१ मा उल्लेखित राज्यका नीतिहरूको कार्यान्वयन र दिगो विकासको लक्ष्यपुरा गर्न नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत संघ प्रदेश तथा स्थानीय तहको एकल तथा साझा अधिकार सूचीहरूको विस्तृतीकरणमा गरिएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा २५ र १०२ वमोजिम प्राप्त अधिकार बमोजिम मिति २०७५/१०/२८ को नगरसभाले यो गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५ लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम **"गैरसरकारी संस्था समन्वय सम्बन्धी ऐन, २०७५"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "प्रमुख" भन्नाले चौरजहारी नगरपालिकाको नगरप्रमुख सम्झनुपर्छ ।

(ख) "अन्तर्राष्ट्रिय गैरसरकारी संस्था" भन्नाले विदेशमा दर्ता भई नेपालमा सामाजिक सेवा तथा विकास कार्यमा संलग्न हुने तथा त्यस्तो कार्यमा सहयोग गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ग) "समन्वय समिति" भन्नाले नगरपालिका अन्तर्गत स्थापना गरिएको गैर सरकारी संस्था समन्वय समितिलाई सम्झनु पर्छ ।

(घ) "दातृ निकाय" भन्नाले समाजकल्याण वा सामाजिक सेवा तथा विकास कार्यमा सहयोग गर्ने विदेशी सरकार वा संघसंस्था आदि सम्झनुपर्छ ।

(ङ) "गैरसरकारी संस्था" भन्नाले लाभांश वा मुनाफा वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानुन बमोजिम दर्ता भई कार्य गर्ने स्वयंसेवी सामाजिक संघ संस्थाहरूलाई सम्झनु पर्छ । यसलाई छोटकरीमा गैसस भनिनेछ ।

(च) "विधान" भन्नाले गैरसरकारी संस्थाको विधान सम्झनुपर्छ ।

(छ) “बोर्ड सदस्य” भन्नाले गैरसरकारी संस्थाका कार्यसमितिका सदस्यलाई सम्झनुपर्छ ।

(ज) “सामाजिक सेवा तथा विकास कार्य” भन्नाले नेपाली समाजको समतामूलक समावेशी विकास, सामाजिक रूपान्तरण, कानुनको शासन, न्याय, सामाजिक न्याय, असल शासन, लोकतन्त्र मानव अधिकारको संरक्षण तथा प्रबर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अपांगता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, उपेक्षित, उत्पीडित तथा अल्पसंख्यक समुदायको सर्वोपरी मानवीयहित, सहायता, क्षमता विकास, सशक्तीकरण, पैरवी, वकालत, सामाजिक परिचालन, उपभोक्ता अधिकार, सशक्तीकरण, आर्थिक विकास, सेवा, पुनर्स्थापना र पुर्नमिल (Reintegration) का लागि गरिने कार्य समेतलाई सम्झनुपर्दछ ।

(झ) “विषयगत समिति” भन्नाले स्थानीय तहमा गठित विभिन्न समितिलाई सम्झनुपर्छ ।

(ञ) “स्थानीय तह” भन्नाले चौरजहारी नगरपालिकालाई जनाउनेछ ।

## परिच्छेद-२

## संघ संस्थाहरूको वर्गीकरण र सामाजिक विकास कार्यक्रम

३. **संस्थाहरूको सूची तयार गर्ने** : (१) नगरपालिकाले सामाजिक क्षेत्रमा काम गरिरहेका तथा काम गर्न चाहने सम्पूर्ण संघ संस्थाहरूको सूची तयार गर्दा आफुसँग आबद्ध हुन आउने संघ संस्थाहरूको देहाय बमोजिमको तहगत प्रकृतिको संघ संस्थाको वर्गीकरण गर्नेछ ।

(क) संघीय कानुन बमोजिम केन्द्रमा दर्ता भई नेपालभर कार्यक्षेत्र तय गरेका र यस नगरपालिकामा पनि कार्य गरेका वा काम गर्न चाहने राष्ट्रिय प्रकृतिका संघ संस्था,

(ख) प्रदेश कानुन बमोजिम प्रदेश सरकारमा दर्ता भई नेपालभर वा प्रदेश कार्यक्षेत्र तय गरेका र यस नगरपालिकामा पनि कार्य गरेका वा काम गर्न चाहने संघ संस्था,

(ग) संघीय कानुन बमोजिम कुनै एक जिल्लामा दर्ता भई एक वा एकभन्दा बढी जिल्ला र यस नगरपालिकामा कार्य गरिरहेका वा काम गर्न चाहने संस्था,

(घ) संघीय कानुन बमोजिम कुनै एक जिल्लामा दर्ता भई सोही जिल्लाका विभिन्न स्थानीय तहमा मात्र कार्य गरिरहेका वा कार्य गर्ने संघ संस्था,

(ङ) विभिन्न संघ संस्था तथा विषयगत कार्यालयहरूका तर्फबाट नेपालभर वा सम्बन्धित जिल्ला वा स्थानीय तहमा मात्र गठन भई सम्बन्धित कार्यालय वा स्थानीय तहसँग मात्र समन्वय गरी कार्य गर्ने गरी स्थानीय तहमा रहेका वा गठन हुन चाहने अन्य सामाजिक प्रकृतिका संघ संस्थाहरू (आमा समूह, बाल क्लव, महिला सञ्जाल, युवा सञ्जाल, सामुदायिक समुह आदि) ।

(२) सामाजिक संघ संस्थाहरूको सूची तयार गर्दा तपशिल अनुसार वर्गीकरण गरी अलग अलग सूची तयार गरिनेछ ।

(क) सामाजिक संस्थाहरू (सामाजिक सचेतना, कानुनको शासन, असल शासन, मानव अधिकारको संरक्षण, लैङ्गिक तथा सामाजिक न्याय तथा प्रबर्द्धन, सामाजिक विकास, आयमूलक कार्यक्रम, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, क्षमता विकास, सामाजिक परिचालन, भौतिक पूर्वाधार विकास, जीविकोपार्जन तथा आर्थिक क्रियाकलाप, मानवीय सहायता, प्राकृतिक स्रोत संरक्षण र व्यवस्थापन, विपद व्यवस्थापन, पुनर्निर्माण तथा मानवीय सहायता, गरिबी निवारण, पैरवी, उपभोक्ताहरूको हित संरक्षणका लागि स्थापित नागरिक संस्थाहरू)

(ख) खेलकुद विकास संस्थाहरू (विभिन्न खेलकुद खेल्ने वा खेलाउने संघ संस्थाहरू)

(ग) धार्मिक तथा साँस्कृतिक संस्थाहरू (भजन कृतन गर्ने, गुम्बा, मदरसा, मठ, मन्दिर निर्माण वा संरक्षण, विभिन्न पौराणिक भाषा, कला, सम्पदा, सँस्कृति वा रीतिरिवाज संरक्षण वा प्रबर्धन गर्ने उद्देश्यकले खोलिएका संघ संस्थाहरू)

(घ) प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू (विभिन्न व्यक्ति वा स्थानको स्मृतिमा स्थापना गरिएका प्रतिष्ठान, ट्रष्ट तथा गुठीहरू)

(ङ) परोपकार संस्थाहरू (असहाय, बृद्ध, अपाङ्ग, दीर्घरोगी वा जोखिममा परेका व्यक्तिहरू वा समूहरूलाई कल्याण गर्ने उद्देश्यले खोलिएका परोपकारी संस्थाहरू)

(च) पेशागत संस्थाहरू (निश्चित पेशामा लागेका वा अंगालेका व्यक्तिहरूले आफ्नो पेशागत भलाइका लागि खोलिएका संस्थाहरू जस्तै वकिल, डाक्टर, नर्स, इन्जिनियर, मजदुर, पत्रकार आदिको पेशागत संस्थाहरू)

(छ) सञ्जाल तथा महासंघहरू (निश्चित उद्देश्य, लक्षित समूह वा विषयमा कार्यरत समूह वा संस्थाहरूको सञ्जाल, एलायन्स, महासंघ, संघ, गठबन्धन आदि)

(ज) उपभोक्ता संस्था तथा समूहहरू (निश्चित वस्तु वा सेवाको उपभोग गर्ने व्यक्ति वा समूहरूको पक्षमा काम गर्ने गरी खोलिएका संघ संस्थाहरू जस्तै वन उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, सिंचाइ उपभोक्ता समिति आदि)

(झ) अनुसन्धान संस्थाहरू (समसामयिक वा अन्य कुनै विषयमा केन्द्रित भई अध्ययन, अनुसन्धान, सर्वेक्षण आदि गर्ने प्रकृतिका संघ संस्थाहरू)

(ञ) सामुदायिक संस्थाहरू (समुदाय, बस्ती, वडा वा टोल स्तरमा गठन भएका समूह, सुधार समिति र समुदायमा आधारित संस्थाहरू, बाल क्लब आदि)

(ट) अन्य संस्थाहरू (माथि उल्लेख गरिएका बाहेकका अन्य प्रकृतिका संस्थाहरू)

(३) सूचीकृत गर्दा यदि कुनै संस्थाहरू जसले एकभन्दा बढी क्षेत्रमा कार्य गर्ने उद्देश्य संस्थाको विधानमा भएमा र सो स्थानीय तहमा सञ्चालन गर्ने कार्यको प्रकृति त्यस्तो देखिएमा त्यस्ता संस्थालाई बहुक्षेत्राधिकार प्राप्त संस्थाको सूचीमा दर्ता गरिनेछ ।

**४. सामाजिक कार्यक्रम :**

(क) स्थानीय तहहरूले सामाजिक संघ संस्थाहरूसँग समन्वय गरी सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

(ख) स्थानीय तहले सामाजिक परिचालन लगायतका कार्यहरू गर्दा दफा २ (क) वमोजिम सूचीकृत गैससहरूलाई प्राथमिता दिई समन्वय र साझेदारी गर्नेछ ।

(ग) संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरूमा मात्र खर्च गर्ने गरी आफ्नो स्रोत निर्माणका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन् ।

(घ) नगरपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण गैरसरकारी संस्थाहरूको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन तथा प्रभावकारी रूपमा सामाजिक संस्थाका गतिविधिहरू सञ्चालनको अवसर प्रदान गर्न आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्न सक्नेछन् ।

५. **स्थानीय दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालन :** (१) स्थानीय तहमा दिगो विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्दा नगरपालिकाले देहायबमोजिमका विशेष कार्यक्रमहरू छनौट गरी साझेदारीमा सञ्चालन गर्नेछ :

(क) महिला, एकल महिला, बालबालिका, आर्थिक रूपले विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदिवासी, जनजाति तथा दलित, असहाय लगायत पिछडिएका एवं सीमान्तकृत ( सामाजिक तथा आर्थिक) साथै जोखिममा परेका समुदायको हित र कल्याण सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय शासन तथा विकासका लागि सहभागिता अभिवृद्धि सम्बन्धी कार्यक्रम

(घ) लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरण र लैङ्गिक न्याय तथा न्यायमा पहुँच सम्बन्धी कार्यक्रम,

(ङ) कानुनको शासन, न्याय, समानता, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रबर्द्धनात्मक कार्यहरू,

(च) स्रोत साधनमा पछाडि पारिएका समुदायहरूको पहुँच, स्वामित्व र नियन्त्रण बढाउने कार्य,

(छ) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण,

(ज) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको कार्यक्रम,

(झ) गरिबी निवारण, आयआर्जन तथा सीप विकास सम्बन्धी कार्यक्रम,

(ञ) नागरिक कर्तव्य तथा दायित्व सम्बन्धी सचेतना कार्यक्रम,

(ट) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा प्रभाव न्यूनीकरण एवं विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ठ) जनस्वास्थ्य, जनचेतना अभिवृद्धि तथा सेवा प्रवाह सम्बन्धी कार्यक्रम,

(ड) शिक्षा लगायत आधारभूत शैक्षिक उद्देश्य परिपूर्ति सम्बन्धी विविध कार्यक्रम,

(ढ) खानेपानी, सरसफाइ, जलस्रोत व्यवस्थापन तथा लघु तथा वैकल्पिक उर्जा विकास,

(ण) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी

(त) सामुदायिक सुरक्षा प्रबर्द्धन

(थ) सामाजिक तथा धार्मिक सद्भाव

(द) अन्तरघुलन तथा शान्ति प्रबर्द्धन कार्यक्रमहरू

(२) नगरपालिकाले प्रस्तावना आह्वान गरी सामाजिक संघ संस्था मार्फत कार्यक्रम कार्यान्वयन गराउन सक्नेछ ।

## परिच्छेद– ३

## कार्यक्रम सञ्चालन र समन्वय

६. **स्थानीय तहसँग समन्वय :** (१) यस ऐन अन्तर्गत सूचीकृत भएका र हुन चाहने संस्थाहरूले आफूले काम गर्ने कार्यक्षेत्र भित्रको नगरपालिकाबाट कार्यक्रमको प्रकृति हेरी नगरसभामा पेश गर्ने वा समन्वय वा जानकारी गराई काम गर्नुपर्नेछ ।

(क) एक वर्षभन्दा छोटो अवधिको परियोजनाहरू, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रबर्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण अध्ययन अनुसन्धान सम्बन्धी कामहरू गर्दा स्थानीय तहलाई जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम र सम्पन्न पश्चात सोको प्रतिवेदन स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) स्थानीय तहको नियमित र विषयगत कामसँग मेल खाने प्रकृतिका परियोजना तथा कार्यक्रमहरूमा स्थानीय तहसँग समन्वय गरेर काम गर्ने ।

(ग) एक वर्षभन्दा लामो अवधिका जनचेतनामूलक तथा अधिकारमुखी कार्यक्रमहरू सञ्चालनका लागि सम्बन्धित स्थानीय निकायको सहमति लिई कार्य गर्ने एवं भौतिक

निर्माणका परियोजना वा त्यस्तो स्थानीय तह वा सरकारसँग पूर्व सहमति लिएर गर्नुपर्ने प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्नु परेमा स्थानीय तहसँग स्वीकृति लिएर काम गर्ने ।

(२) गैससहरूले सञ्चालन गर्ने एक वर्षभन्दा लामो कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत नगरपालिकाको एकीकृत वार्षिक कार्यक्रम तथा बजेटमा समावेश हुने गरी पेश गर्नु पर्नेछ र नगरसभामा स्वीकृत गर्नुपर्नेछ ।

(३) नगरसभा सम्पन्न भएपछि गैससहरूको कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने भएमा नगरपालिकामा
स्वीकृत गराउनु पर्नेछ र अर्को आर्थिक वर्षको नगरसभाबाट अनुमोदन गराउन सकिनेछ ।

(४) नगरपालिकामा संस्थाले सहमति/स्वीकृतको लागि निवेदन पेश गरेको सामान्यतया १५ दिनभित्र सम्बन्धित नगरपालिकाले सहमति/स्वीकृतिपत्र दिनेछ । सहमति/स्वीकृतिपत्र दिन नसकिने अवस्था भए कारण सहित जानकारी दिइनेछ ।

**७. गैसस समन्वय समिति गठनः**

(१) गैससहरूसँग समन्वय र साझेदारी प्रवर्धन गर्न निम्न बमोजिम पाँच सदस्यीय गैसस समन्वय समिति गठन गरिनेछ ।

(क) नगरपालिका उपप्रमुख - संयोजक

(ख) सामाजिक विकास समिति हेर्ने वडा अध्यक्ष एक जना - सदस्य

(ग) गैसस महासंघ नेपालको सम्बन्धित जिल्ला/स्थानीय तहको प्रतिनिधि - सदस्य

(घ) महिला अधिकार र सशक्तीकरणको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरूमध्येबाट गैसस समन्वय समितिले तोकेको सम्बन्धित जिल्लामा क्रियाशील संस्थाको एकजना महिला प्रतिनिधि - सदस्य

(ङ) अल्पसंख्यक वा सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने गैससको तर्फबाट समितिले तोकेको सोही समुदायको प्रतिनिधि एक जना - सदस्य

(२) समन्वय समितिको बैठक र कार्यविवरण भने समन्वय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**८. प्रगति प्रतिवेदन पेश गर्नुपर्नेः**

(१) हरेक गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको नगरपालिका समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) एक स्थानीय तह वा जिल्लाभन्दा बढी जिल्ला वा देशभर कार्यरत रहेको संस्था भएको अवस्थामा सम्बन्धित स्थानीय तहको गतिविधिको संक्षिप्त प्रगति प्रतिवेदन र सम्बन्धित परियोजना वा गतिविधिको आयव्ययको विवरण प्रस्तुत गर्न सकिनेछ । तर त्यस्तो स्थानीय तहले आवश्यक ठानी माग गरेको अवस्थामा उक्त संस्था वा परियोजनाको सम्पूर्ण प्रगति विवरण वा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

**९. सामाजिक लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

(१) गैरसरकारी संस्थाले सन्चालन गरेका कार्यक्रमको लक्ष्य, बजेट, कार्यक्रम एवं उपलब्धिका बारेमा कार्यक्रम कार्यान्वयन गरिएको स्थानका सम्बन्धित सरोकारबाला निकाय, सञ्चारकर्मी, नागरिक समाज एवं लक्षित समुदाय तथा उपभोक्तासमेतको सहभागितामा वार्षिक रूपमा सामाजिक परीक्षण गर्नुपर्नेछ। तर एक स्थानीय तहभन्दा बढी जिल्लाभर कार्यक्रम सञ्चालन गर्ने संस्थाले जिल्ला तहमा समेत सामाजिक परीक्षण गर्न सकिनेछ।

(२) नगरपालिकाले गैरसरकारी संस्थाहरूको लागि सामाजिक परीक्षण तथा सुनुवाई सम्बन्धी मार्गनिर्देशिका बनाई लागु गर्नसक्नेछ।

**१०. गैरसरकारी संस्थामा स्थानीय तहको संलग्नताः**

नगरपालिकाका पदाधिकारी सदस्य तथा कार्यरत कर्मचारीहरू गैरसरकारी संस्थाका कार्यसमितिका सदस्य वा कर्मचारीका रूपमा संलग्न हुनपाउने छैनन् ।

**११. गैससको प्रतिनिधित्व :**

स्थानीय तहका विभिन्न विषयगत समितिहरू र नेपाल सरकारद्वारा गठन गरिने गैरसरकारी संस्था सम्बन्धी विभिन्न समिति वा उपसमितिमा गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसका आधारमा विषयगत गैरसरकारी संस्थाको प्रतिनिधित्व हुनेछ।

**१२. संस्थाका क्रियाकलापहरू सार्वजनिक गर्नुपर्ने :**

सम्बन्धित गैससले आफ्नो संस्था तथा कार्यक्रमको बारेमा जानकारी गराउनका लागि त्यस्तो संस्थाको कार्यालय वा कार्यालय परिसरमा

आफ्नो संस्थाको तर्फबाट सञ्चालित कार्यक्रम तथा बजेटको जानकारी सार्वजनिक गर्न Display Board राख्नुपर्नेछ ।

## परिच्छेद– ४

## गैरसरकारी संस्था र स्थानीय तहको योजना तर्जुमा

**१३. योजना तर्जुमा प्रक्रियामा गैससहरूको सहभागिता :**

(१) यस नगरपालिकाको दीर्घकालिन, आवाधिक, बार्षिक तथा बिषयगत योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सम्बन्धित गैससहरूको सहभागिता र प्रतिनिधित्व गराइनेछ ।

(२) सम्बन्धित विषय र क्षेत्रको सूचना संकलनमा गैससहरूले नगरपालिकाको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।

(३) गैससका सम्बन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन नगरपालिकालाई सहयोग गर्नुपर्नेछ ।

(४) गैससहरूले नगरपालिको योजना निर्माण र कार्यान्वयनवारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्नेछ ।

(५) योजना तर्जुमा प्रक्रियामा सहभागी हुन नसकेका गैससले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा त्यस्ता गैससका कार्यक्रम लागु हुने विषयको जानकारी दिई नगरपालिकासँगको समन्वयमा तोकिएका भौगोलिक क्षेत्र वा विषयमा त्यस्ता कार्यक्रमहरू सञ्चालनका लागि प्राथमिकता दिनुपर्नेछ ।

**१४. योजना कार्यान्वयन र साझेदारी :**

(१) नगरपालिकाहरूको योजना कार्यान्वयनमा गैससहरूले आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।

(२) नगरपालिकामा सञ्चालित विकास आयोजनाहरूको गुणस्तर अभिवृद्धिका लागि नगरपालिकाबाट अनुरोध भईआएमा आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनुपर्नेछ ।

(३) गैससहरुले समीक्षा बैठकहरूमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।

**१५. स्थानीय योजना अनुगमन तथा मूल्यांकनः**

(१) नगरपालिकाबाट सञ्चालन हुने विकास आयोजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा विषयगत गैससहरूलाई गैरसरकारी संस्था महासंघ नेपालको सिफारिसको आधारमा प्रत्यक्ष सहभागी गराइने छ ।

(२) नगरपालिकाले स्वतन्त्र रूपमा विकास आयोजनाको तेश्रो पक्ष मूल्यांकन गर्न सक्नेछ जसमा सूचीकृत रहेका दक्ष गैससहरूलाई प्राथमिकता दिने छ ।

१६. **गैससका कार्यक्रम अनुगमनः** नगरपालिकामा सञ्चालित गैससहरूको परियोजना तथा कार्यक्रमहरू अनुगमन गर्नेछ । अनुगमन कार्यमा गैरसरकारी संस्था महासंघ नेपालको संस्थागत प्रतिनिधित्व गराइनेछ ।

१७. **एकद्वार प्रणाली सम्बन्धमाः** नगरपालिकामा कार्य क्षेत्र रहेका सम्पूर्ण गैससहरूले आफ्ना कार्यक्रमहरू सञ्चालनको समन्वय गर्दा एवं सहमति लिँदा सम्बन्धित नगरपालिका मार्फत लिनेछ । सहमति लिंदा दिंदा कार्यक्रममा दोहोरोपन नहुने गरी गरिनेछ ।

## परिच्छेद- ५
## अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

१८. **अन्तर्राष्ट्रिय गैसस सम्बन्धमा :** नगरपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले राष्ट्रिय तथा प्रदेश स्तरमा दर्ता भई यस नगरपालिकामा सूचीकृत भएका वा कुनै जिल्लामा दर्ता भई विभिन्न जिल्ला वा प्रदेशमा कार्यक्षेत्र बनाएका वा रुकुम पश्चिम जिल्लामा दर्ता भई यस नगरपालिकामा कार्यरत वा काम गर्न इच्छुक गैरसरकारी संस्थामार्फत कार्य गर्नुपर्नेछ । तर, सम्भव भएसम्म यस नगरपालिकाहरुमा सूचीकृत संस्थाहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

## परिच्छेद- ६
## विविध

१९. **पुरस्कार र प्रोत्साहन :** नगरपालिकाले सामाजिक सेवा तथा विकास कार्यमा संलग्न भई जनताको अधिकार संरक्षण गर्ने तथा पछाडि पारिएको वर्ग र समुदायको हित, कल्याण र सशक्तीकरणका लागि उल्लेखनिय योगदान पु¥याउने गैरसरकारी संस्थाहरूलाई प्रोत्साहित गर्न सामाजिक सेवा पुरस्कारहरूको स्थापना तथा वितरण गर्नेछ ।

२०. **गैसस क्षमता विकास कोष :** गैरसरकारी संस्थाहरूको संस्थागत विकास तथा गैससमा कार्यरत कार्य समिति, कर्मचारी एवं स्वयंसेवकहरूको क्षमता विकासका लागि नगरपालिकाले गैसस क्षमता विकास कोषको स्थापना गरी त्यस्ता संस्थाहरूको संस्थागत विकासमा सहयोग गर्न सक्नेछ ।

**२१. कार्वाही :**

(१) नगरपालिकामा कार्यरत गैरसरकारी संस्थाहरूले काम गर्ने क्रममा आर्थिक हिनामिना वा कानुन विपरित कार्य गरेको पाइएमा त्यस्ता संस्थाहरूलाई आवश्यक लिखित सुझाव दिई सुधार गर्ने अवसर प्रदान गर्ने वा केही समयका लागि कार्य स्थगन गर्न निश्चित अवधिको लागि काम गर्न रोक लगाउने वा आवश्यक कानुनी कारवाहीको लागि त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष लिखित रूपमा आवश्यक प्रमाणसहित कारवाहीको लागि सिफारिश गर्न सक्नेछ ।

(२) संस्था दर्ता तथा नविकरण गर्ने निकायबाट उक्त संस्थाले गलत काम गरेको प्रमाणित नभएसम्म त्यस्तो संस्थाको गतिविधिमा रोक लगाइने छैन । साथै त्यस्तो कारवाही गर्नु अघि उक्त संस्थालाई लिखित स्पष्टीकरणको उचित मौका प्रदान गर्नुपर्नेछ ।

**२२. नियमावली बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमावली तर्जुमा गरीलागु गर्नसक्नेछ ।

**२३. आचारसंहिता:** गैरसरकारी संस्थाहरूका छाता संगठनहरू वा गैरसरकारी संस्थाहरू स्वयंले आचारसंहिता निर्माण गरी लागु गर्नुपर्नेछ ।

**२४. बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ । तर त्यस्तो आदेश नगरपालिकाले ६ महिनाभित्र नगरसभाबाट अनुमोदन गर्नुपर्नेछ नगरेमा उक्त आदेश स्वतः निस्क्रिय हुनेछ ।

**२५. बचाउ र लागु नहुने**: (१) यस ऐनमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रदेश तथा संघीय कानुन वमोजिम हुनेछ ।

(२) संविधानसँग बाझिएको यस ऐनको दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछन् ।

# अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५

**प्रस्तावनाः** अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि स्थानीय तहमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले, चौरजहारी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम (सञ्चालन कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ तथा जोखिमयुक्त बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नभएका दफा १२ बमोजिमका लाभग्राही बालबालिका सम्झनुपर्छ ।

(ख) "अभिलेख" भन्नाले दफा २२ बमोजिम तयार गरिएको अभिलेख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगरकार्यपालिका सम्झनुपर्छ ।

(घ) "कोष" भन्नाले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न यसै कार्यविधिद्वारा स्थापना हुने अक्षय कोष सम्झनुपर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख भन्ने सम्झनु पर्छ ।

(छ) "वडा कार्यालय" भन्नाले नगरपालिकाको वडा कार्यलय भन्ने सम्झनुपर्छ ।

(ज) “शाखा” भन्नाले सामाजिक सुरक्षा हेर्ने शाखा सम्झनु पर्छ ।

(झ) “समिति” भन्नाले कार्यपालिकामा गठित सामाजिक विकास समिति सम्झनुपर्छ।

(ञ) “सञ्चालक समिति” भन्नाले दफा ६ बमोजिम गठित कोष व्यवस्थापन तथा संचालक समिति सम्झनुपर्छ ।

(ट) "स्थानीय तह" भन्नाले चौरजहारी नगरपालिका भन्ने सम्झनुपर्छ ।

(ठ) “स्थानीय स्तर” भन्नाले चौरजहारी नगरपालिकाको भौगोलिक क्षेत्र सम्झनुपर्छ ।

(ड) “स्थानीय बाल अधिकार समिति” भन्नाले प्रचलित कानून बमोजिम स्थानीय स्तरमा बाल अधिकार सम्वर्द्धनको लागि गठित समिति सम्झनुपर्छ ।

३. <u>**उद्देश्य**</u> : यस ऐनको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि नगरपालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न स्थापना हुने वा भएको कोषलाई नियमन गर्ने ।

(ख) सञ्चालनमा रहेका अक्षषय कोषवाट प्राप्त आम्दानी समेतको आधारमा सामाजिक सुरक्षा आवश्यक देखिएका अनाथ तथा जोखिम युक्त बालबालिकाको पहिचान गरी उनीहरुलाई नगद प्रवाह गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद-२

## कोष स्थापना तथा सञ्चालन

४. <u>**अनुमति दिने**</u> : (१) नगरपालिका क्षेत्रमा अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न अनुमति लिन चाहने व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति माग गर्ने व्यक्ति वा संस्थालाई कार्यपालिकाले कार्यक्रम तथा सोमा हुने खर्च रकम नगरपालिकाको वार्षिक बजेटमा उल्लेख हुने र उक्त रकम दफा ५ बमोजिमको कोष मार्फत खर्च हुनेगरी कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारको सहमति वा अनुमति अथवा नेपाल सरकार वा प्रदेश सरकारको नीति अन्तर्गत सञ्चालित हुने अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन भइरहेको हकमा यो ऐनको व्यवस्था लागू हुने छैन ।

५. **<u>कोष स्थापना</u>** : (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघ संस्था तथा अन्य निकायले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्न वा कोषको मूलधनमा योगदान गर्ने गरि रकम दाखिला गर्नको लागि एक अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कोष स्थापना गर्नेछ ।

(२) कोषमा स्थानीय तहले अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि सामाजिक सुरक्षा प्रदान गर्ने गरीबी न्यूनिकरणका लागि विनियोजन गरिएको रकम पनि दाखिल गर्न सकिनेछ ।

(३) नगरपालिका क्षेत्रमा कोषमा दाखिला रकम बाहेक अन्य स्रोतबाट खर्च गर्नेगरी कुनै संस्थालाई अनुमति वा सहमति दिइने छैन ।

६. **<u>कोष सञ्चालन व्यवस्था</u>** : (१) कोषको सञ्चालनको लागि देहाय बमोजिमको एक कोष व्यवस्थापन तथा सञ्चालक समिति रहनेछ :

(क) नगरकार्यपालिकाबाट मनोनित कार्यपालिकाको एक जना महिला सदस्य, -संयोजक

(ख) स्थानीय स्तरमा कार्यरत बालबालिकाहरु संग सम्बन्धित गैरसरकारी संस्था वा स्थानीय बाल संरक्षण समितिका

अध्यक्षहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ग) स्थानीयस्तरमा सञ्चालित सार्वजनिक वा सामुदायिक माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(घ) स्थानीय स्तरमा संचालित सहकारी संस्थाहरुका अध्यक्षहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ङ) स्थानीयस्तरमा कार्यरत स्वास्थ्य सस्थासंग सम्बन्धित कर्मचारी वा महिला स्वास्थ्य स्वयंम सेवकहरु मध्येवाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(च) कोषमा योगदान गर्ने दाताहरु मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(छ) स्थानीय बाल क्लवहरू मध्येबाट समाजिक विकास समितिबाट मनोनित एक जना प्रतिनिधि -सदस्य

(ज) सामाजिक विकास शाखाका एकजना कर्मचारी-सदस्य-सचिव तर सामाजिक विकास समिति गठन भईनसकेको अवस्थामा गाउँ तथा नगर कार्यपालिकाले सदस्य तोक्नु पर्नेछ ।

(२) समितिका सदस्यहरूको कार्यावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा कुनै रकम दाखिला गर्दा भएको सम्झौताले सञ्चालक समितिमा कुनै प्रतिनिधित्व गराउनुपर्ने भएमा सो रकमसँग सम्बन्धित खर्चको निर्णय गर्दा सम्झौता बमोजिमको प्रतिनिधित्व गराउन बाधा पर्नेछैन ।

७. **अक्षय कोष खडा गर्ने** : (१) कोषले जम्मा गर्ने गरी प्राप्त हुने रकम मध्ये अक्षयकोषका लागि प्राप्त हुने सबै र अन्य मध्ये पच्चीस प्रतिशत रकम अक्षय कोषको रूपमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकमको ब्याज वापत प्राप्त हुने रकम बाहेक अक्षय कोषको रूपमा रहेको रकम कुनै पनि कार्यमा खर्च गर्नपाइनेछैन ।

८. **शर्त बमोजिम खर्च गर्ने** : कोषमा रकम दाखिला गर्दा कुनै निर्धारित कार्यक्रम वा कुनै कार्यक्रममा निर्धारित प्रक्रियाबाट खर्च गर्ने सहमति बमोजिम दाखिला भएको रकम खर्च गर्दा सञ्चालक समितिको सहमति बमोजिम खर्च गर्नुपर्नेछ ।

९. **कोषको रकम खर्च गर्न नपाइने** :देहाय बमोजिमको कार्यमा कोषको रकम खर्च गर्न पाइनेछैन :-

(क) तालिम, गोष्ठी, भ्रमण वा सो प्रकृतिको अन्य कार्य,

(ख) मसलन्द, छपाइ, पत्रपत्रिका, विज्ञापन वा सो प्रकृतिको अन्य कार्य ।

१०. **कोषमा रकम दाखिल गर्नसक्ने** : (१) नगरपालिकाले अनाथ तथा जोखिममा रहेका बालबालिकाको संरक्षण, सुरक्षा तथा सबलीकरणमा वार्षिक बजेट मार्फत तोकिएको रकम कोषमा दाखिल गरी कोष मार्फत खर्च गर्नसक्नेछ ।

(२) नगरपालिका क्षेत्रमा कार्यक्रमको लागि खर्च हुने सबै प्रकारका रकम कोषमा दाखिला हुने व्यवस्था कार्यपालिकाले मिलाउने छ ।

## परिच्छेद-३

## कोषको रकम खर्च गर्ने प्रक्रिया

११. **खर्च ब्यवस्थापनः** कोषको रकम देहाय बमोजिमको कार्यक्रमहरूमा खर्च गर्न सकिनेछ :-

(क) लक्षित समूहलाई दिईने नगद अनुदान्

(ख) लक्षित समूहलाई निश्चित अवधिको सहयोगार्थ दिइने आवधिक अनुदान्

(ग) लक्षित समूहलाई आवश्यकता अनुसार विपद समेतमा सहयोग गर्न दिईने विशेष अनुदान्

(घ) कुनै दाताले कुनै बालबालिका लागि तोकेर दिएको सशर्त अनुदान ।

१२. **लाभग्राही समूह** : दफा ११ बमोजिमको कार्यक्रम देहाय बमोजिमको लाभग्राही बालबालिकाको लागि सञ्चालन गर्नुपर्नेछ :-

(क) आमा बाबु दुबैको मृत्यु भएको कोही पनि आफन्त नभई अरुको शरणमा बसेका बालबालिका,

(ख) आमा बाबु दुबैको मृत्यु भई आफै घरमुली भएका बालबालिका,

(ग) आमा बाबु दुबैको मृत्यु भई आफन्तको (परिवारका अन्य सदस्यको) रेखदेखमा रहेका बालबालिका,

(घ) आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका,

(ङ) आमा वा बाबु कुनै एकको मृत्यु बेपत्ता, दोश्रो विवाह गरी टाढा बसेको,बौद्दिक वा इन्द्रीय सम्बन्धी दिर्घकालिन अशक्तता भएका, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका ।

(च) आफ्नो सम्पत्ति नभएको, स्याहार सुसार गर्ने परिवारको सदस्य वा संरक्षक नभएको बालबालिका ।

१३. **नगद अनुदानको दर** : लाभग्राहीलाई नगद अनुदान दिंदा प्रति महिना कार्यपालिकाले तोकेको रकममा नघटने गरी दिनुपर्नेछ ।

१४. **सार्वजनिक सूचना गर्नुपर्ने** : (१) प्रत्येक वर्ष अनुसूची-१ बमोजिमको ढाँचामा कार्यतालिका सहित सार्वजनिक सूचना गरी लक्षित बालबालिकाको लागि दिइने अनुदानको प्रक्रिया सुरु गर्नु पर्नेछ ।

(२) सूचना प्रकाशन गर्दा वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था बालबालिकासँग काम गर्ने सरकारी तथा गैर सरकारी संस्थाका कार्यालयहरुमा सूचना टाँस्नु पर्नेछ ।

१५. **आवेदन गर्नुपर्ने** (१) आवेदन आव्हानको लागि सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा र आवेदन फारम वितरण गर्दा नगरपालिकामा कार्यक्षेत्र रहेका सङ्घ संस्था, बाल अधिकार समिति, बाल समूहको सहयोग लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गरेको पन्ध्र दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको आवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछ :-

(क) बालबालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(ख) अभिभावक हुनेहरुले अभिभावकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(ग) बाबु-आमाको मृत्यु भएको अवस्थामा मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अभिभावक पूर्ण अपाङ्गता भएमा अपाङ्गता कार्डको प्रतिलिपि,

(ङ) बाबुआमा बेपत्ता भएको, मानसिक रोगी भएको सन्दर्भमा प्रमाण खुल्ने कागजात ।

१६. **लाभग्राहीलाई दिइने रकमको निर्धारण, लाभग्राहीको संख्या निर्धारण, छनौटको लागि प्राथमिकता र छनौटको प्रक्रिया**: (१) लाभग्राहीलाई वितरण गर्ने अनुदान रकम देहाय बमोजिम निर्धारण गर्नपर्नेछ :-

(क) अघिल्लो वर्षको लेखा विवरणमा खुलेको कोषको रकमवाट प्राप्त व्याज, कुनै दाता वा निकायवाट लक्षित बालबालिकालाई वितरण गर्नभनि दिइएको रकम जोडेर लाभग्राहीलाई वितरण गर्ने जम्मा अनुदान रकमको तय गर्ने,

(ख) खण्ड (क) अनुसार रकम गणना गर्दा यस अघिको वर्षमा सम्झौता भएका लाभग्राहीलाई दिनु पर्ने रकम घटाई वितरण गर्ने रकमको तय गर्ने,

(ग) कुनै दातावाट निर्धारित दर बमोजिम निश्चित अवधिकोलागि अनुदान दिने गरी रकम प्राप्त भएमा त्यस्ता लाभग्राहीको लागि प्राप्त रकम छुट्टै विशेष अनुदान उपशीर्षकमा रकम उल्लेख गर्ने,

(घ) तर खण्ड (ग) बमोजिम रकम प्राप्त गर्दा दफा १३ बमोजिमको दरमा कम्तीमा एक वर्षभन्दा कम समयको लागि रकम स्वीकार गर्न पाईने छैन । यस दफामा तोकिएभन्दा कम रकम अक्षय कोषमा भने जम्मा गर्न सकिने ।

(२) लाभग्राहीको सङ्ख्या निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ ः

(क) दफा १३ मा तोकिएको दरलाई बाह्र महिनाले गुणन गरेर दफा १६.१(ख)बाट प्राप्त रकमलाई भाग गरी लाभग्राहीको सङ्ख्या निर्धारण गर्न पर्ने।

(ख) तर दफा १६.१ को लागि लाभ ग्राहीको लागि दाताबाट अनुदान रकम प्राप्त भएकालाई छुट्टै उपशीर्षकमा राखी लाभग्राहीको सङ्ख्या एकिन गर्ने ।

(३) लाभग्राहीको छनौटको प्राथमिकिता देहाय बमोजिम हुनेछ :-

| क्र.सं. | आवेदकको प्रकार | प्राथमिकीकरण | थप प्राथमिकीकरण |
|---|---|---|---|
| १ | आमाबाबु दुवै गुमाई अरुको शरणमा रहेका बलबालिका | पहिलो | एकै प्रकारका आवेदकहरू मध्येबाट छनौट गर्नु परेमा निम्नानुसार बालबालिकालाई प्रथमिकीकरण गर्नु पर्नेछ :- |
| २ | आमाबाबु दुवै गुमाई आफै घरमूली भएका बालबालिका | दोस्रो | |
| ३ | आमाबाबु दुवै गुमाई आफन्तको रेखदेखमा रहेका बालबालिका | तेस्रो | |

| | | | |
|---|---|---|---|
| ४ | आमाबाबु दुवै मानसिक रोगी, वेपत्ता, पूर्ण अपाङ्गता भई उचित संरक्षण पाउन नसकेका बालबालिका | चौथो | (क) हाल बाल श्रमिकको रूपमा काम गरिरहेका बालबालिका (ख)विद्यालय बाहिर रहेका बालबालिका (ग)आफ्नो सम्पति नभएका बालबालिका |
| ५ | आमाबाबुमध्ये कुनै एकको मृत्यु, बेपत्ता, दोस्रो विवाह गरी छुट्टै बसेको, मानसिक रोगी, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भई एकल अभिभावकसँग बसिरहेका बालबालिका | पाँचौं | |

(४) उपदफा (३) बमोजिमको प्राथमिकीकरण गरी छनौट भएका बालबालिकाहरुको नामावली सम्बन्धित स्थानीय तहले सार्वजनिक सूचनाद्वारा जानकारी गराउनु पर्नेछ ।

(५) छनौट सम्बन्धी जानकारी सम्बन्धित बालबालिका, उनीहरुका अभिभावक र अध्ययन गरिरहेको विद्यालयलाई पत्र मार्फत वा अन्य सञ्चार माध्यमद्वारा गरिनेछ ।

१७. **सम्झौता गरी परिचयपत्र दिनु पर्ने** : (१) दफा १६ बमोजिम छनौट भएका बालबालिकाहरुलाई सहयोग प्रदान गर्नु अघि उनीहरुका बाबु आमा वा अभिभावक वा स्वयं बालबालिकासँग अनुसूची-३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

(२) सम्झौताको समयमा छनौट भएका बालबालिका, उनीहरुको बाबु आमा वा अभिभावकलाई यसबाट पर्ने असर तथा प्रभावका बारेमा जानकारी एवम् परामर्श गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौता गरिएका आमा बुवा वा अभिभावक वा स्वयं बालबालिकालाई अनुसूची-४ बमोजिमको ढाँचामा परिचय पत्र दिनु पर्नेछ ।

## परिच्छेद ४

## अनुदान रकमको वितरण, रोक्का तथा उपयोग

१८. **रकम वितरण र उपयोगः** (१) अनुदान रकम चौमासिक रुपमा वितरण गर्नु पर्नेछ ।

(२) अनुदान रकम बालबालिकाको अभिभावकलाई दिनु पर्नेछ । यदि बालबालिका आफैं घरमूली भएको अवस्थामा भने सम्बन्धित बालबालिकालाई नै दिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको रकमको वितरण गर्दा सबै सरोकारबालाहरुलाई समेटेर कुनै समारोह भएको अवसर पारेर भत्ता वितरण गर्न सकिनेछ वा नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने समयमा वितरण गर्न बाधा पर्ने छैन ।

(४) अनुदान रकमको उपयोग लाभान्वित वर्गका अभिभावकले बालबालिकाको हितमा (जस्तै शिक्षा, ,स्वास्थ्य, खाना, कपडा, आदि) प्रयोग गर्नुपर्नेछ ।

१९. **लगत कट्टा हुने अवस्थाहरू** : देहायको अवस्थामा लाभग्राहीहरूको नाम सम्बन्धित स्थानीय तहको अभिलेखबाट कट्टा गरिनेछ :-

(क) निज बसाइँ सरी गएमा,

(ख) निजले अन्य व्यक्ति वा संघ संस्थाबाट यस कार्यक्रमबाट भन्दा बढी सहयोग प्राप्त गरेमा,

(ग) निजले उच्च माध्यमिक तह पूरा गरेमा वा अठार वर्ष पूरा भएमा,

(घ) निजको बाल विवाह भएमा,

(ङ) निजको मृत्यु भएमा ।

(च) स्वयं नाबालकले आफूँले पाउने अनुदान रकम नलिने भनि स्व घोषणा गरेमा ।

## परिच्छेद ५
## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

२०. **अनुगमन तथा प्रतिवेदन** : (१) कार्यक्रमको वार्षिक प्रतिवेदन जेष्ठ महिनामा तयार गरी कार्यपालिकाको सामाजिक विकास हेर्ने समितिमा पेस गर्नु पर्नेछ।

(२) प्रतिवेदनको ढाँचा समितिले तोकिदिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन समितिले गर्नेछ ।

(४) अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि यस ऐन बमोजिमको कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्न सामाजिक शाखा वा कुनै समितिको सदस्यको संयोजकत्वमा अनुगमन टोली बनाई प्रतिवेदन तयार गराउन बाधा पर्नेछैन ।

(५) समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको हेरी नभएको पाएमा अनुदान रकम रोक्का गर्न निर्देशन दिन सक्नेछ ।

(६) अनुगमन गर्दा सञ्चालक समितिले गरेका काम कार्वाही समेत हेरी प्रक्रिया पूरा भए नभए प्रतिवेदन तयार गरी सञ्चालक समितिलाई सुधारकोलागि निर्देशन दिन सक्नेछ ।

२१. **लेखा सम्बन्धी व्यवस्था** : (१) अक्षय कोषको रकम नेपाल राष्ट्र बैंकबाट "क, ख, वा ग" श्रेणीको इजाजत प्राप्त मध्ये अधिकतम व्याजदर तथा अन्य सुविधा उपलब्ध गराउने बैंकमा मुद्दती खाता खोली रकम जम्मा गरिनेछ ।

(२) कोषबाट प्राप्त व्याज तथा कोषमा नजाने तर लाभग्राहीलाई अनुदानको लागिदिइने भनी प्राप्त रकम सङ्कलनका लागि सोही बैंकमा छुट्टै चल्ती र बचत खाता खोलिनेछ ।

(३) दुवै खाताको खाता सञ्चालन सञ्चालक समितिको सयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

२२. **लाभग्राहीहरुको मूल अभिलेख** : लाभग्राहीहरूको मूल अभिलेख अनुसूची -५ बमोजिमको ढाँचामा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

२३. **<u>गुनासो दर्ता गर्न सक्ने</u>** : (१) अनुदानको लागि छनौट भएका बालबालिकाले रकमको वितरण वा अन्य प्रकृया उपर चित्त नबुझेमा निर्णय भएको मितिले पैंतीस दिनभित्र कार्यपालिकाको सामाजिक सुरक्षा हेर्ने शाखामा गुनासो दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा समामाजिक विकास शाखाले सो उपर आवश्यक जाँचबुझ गरी निर्णयको लागि समितिको बैठकमा पेस गर्नु पर्दछ ।

२४. **<u>अनूसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u>** : कार्यपालिकाले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

## अनुसूची – १
## (दफा १४ को उपदफा (१) सगँ सम्बन्धित)
## अनुदान बितरण तालिकाको ढाँचा

| चरण | महिना | गर्न पर्ने कार्य | कैफियत |
|---|---|---|---|
| प्रक्रिया सुरु | असोज | रकम, संख्या र अन्तिम नतिजा जानकारी गराउने मिति तय | |
| सूचना प्रकाशन | कार्तिक | सबै वडाकार्यालय तथा विद्यालयमा समेत | सबैजनाले थाहा पाउने गरी सूचना प्रवाह हुनुपर्ने । |
| आवेदन सकलन | मङ्सिर मसान्त सम्म | सबैलाई सहज हुने गरी सङ्कलन गर्ने । | बडा कार्यालयसँग समन्वय गरी वडास्तरवाट सङ्कलन गर्ने व्यवस्था गर्नुपर्ने । यसका लागि स्थानीय स्तरमा गठित बाल सरक्षण समितिको सहयोग लिन सकिनेछ । |
| छनौट | पुस मसान्त | आवेदनको मूल्याङ्कन तथा छनौट | |
| गुनासो सुनुवाः | फाल्गुन पहिलो हप्ता | सूची प्रकाशन गरी ७ दिन सम्ममा कसैको केही गुनासो भए राख्न अनुरोध गर्दै सूचना प्रकाशन | |
| सम्झौता | फागुन महिना | सम्झौतामा कहिले | |

| | | | |
|---|---|---|---|
| | भित्र | सम्म कसरी कुन महिना दिइने आदि खुलाउनुपर्ने । | |
| कार्यान्वयन | सम्झौता अवधिसम्म | | |

## अनुसूची –२
## (दफा १५ को उपदफा (३) सँग सम्बन्धित)

## <u>अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम आवेदन फारमको ढाँचा</u>

१. बालबालिकाको विवरणः

नाम थर...............................लिङ्ग ...........उमेर ......

चौरजहारी नगरपालिका वडा नं..... , .......................

जिल्ला **रुकुम (पश्चिम)** प्रदेश **कर्णाली**

विद्यालय ..................................... कक्षा ...........

स्वास्थ्य अवस्था .....................................

जन्म दर्ता भएको/नभएको ..................

२. बुवाको विवरण

(१) बुवाको नाम, थर .....................................

(२) बुवा नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य ......

(३) बुवाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पुर्ण अपाङ्ग (ग) अन्य अवस्था ......................

३. आमाको विवरण

(१) आमाको नाम, थर ................................

(२) आमा नभएको भए सोको कारण : (क) मृत्यु भएको (ख) बेपत्ता (ग) अर्को विवाह गरी गएको (घ) अन्य .........

(३) आमाको शारीरिक वा मानसिक अवस्था : (क) मानसिक रोगी (ख) पुर्ण अपाङ्ग (ग) अन्य अवस्था ................

४. आमा वा बुवा वा अभिभावक अपाङ्ग भएमा अपाङ्गताको परिचय पत्र भएको/नभएको

- ✓ अपाङ्गताको प्रकार क ख ग घ

५. अभिभावक/संरक्षकको विवरणः

- ✓ अभिभावक/संरक्षकको नाम, थर ............................
- ✓ पूरा ठेगाना ..................................................
- ✓ अभिभावक//संरक्षकको नागरिकता प्रमाण पत्र नम्बर.............

६. पारिवारिक विवरणः

| क्र.सं. | परिवारको सदस्यको नाम | नाता | उमेर | पेसा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची -३
## (दफा १७ को उपदफा (१) सँग सम्बन्धित)
## <u>नगरपालिका र सम्बन्धित अभिभावक वा बालबालिका बीच हुने सम्झौताको ढाँचा</u>

स्थानीय सामाजिक सुरक्षा प्राप्त गर्ने बालबालिकाको अभिभावक वा बालबालका स्वयं श्री..............................., पहिलो पक्ष र कोष व्यवस्थापन समिति, दोस्रो पक्ष बीचमा श्री............................... को हितार्थ उपयोग गर्ने गरी मासिक रु. ............ का दरले .......... सम्म तपसिल तथा अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन, २०७५ मा उल्लिखित शर्त बन्देज पालना गरेसम्म अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा सम्झौता गर्न दुवै पक्ष सहमत भई यस सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ ।

<u>तपसिल</u>

(क) सम्बन्धित अभिभावकले पालना गर्नुपर्ने शर्त

१. बालबालिकालाई निरन्तर विद्यालय पठाउने ।

२. प्राप्त सहयोगको रकम बालबालिकाको हितको लागि खर्च गर्ने ।

३. बिरामी भएर वा अन्य कारणबाट बालबालिका विद्यालय जान नसकेमा सम्बन्धित विद्यालय र नगरपालिकालाई लिखित जानकारी दिने ।

४. बालबालिकालाई जोखिमपूर्ण काममा नलगाउने ।

५. अनुगमन समितिलाई सहयोग गर्ने र दिएका सुझाव कार्यान्वन गर्ने ।

६. बालबालिकाको स्थितिमा कुनै परिवर्तन आए त्यसको जानकारी समितिलाई दिने ।

७. छोरा र छोरीमा भेदभाव नगर्ने ।

(ख) सम्बन्धित समितिले पालना गर्नुपर्ने शर्तहरु

१. यस सम्झौतामा उल्लेखित रकम सम्झौता अवधि भरि वा शर्तको पालना भएसम्म चौमासिक उपलब्ध गराउने,

२. यस कार्यविधि भित्र रही समितिले दिएको सुझाव कार्यान्वयन गर्ने,

३. अनुगमनको क्रममा निर्देशिका अनुसार प्रदान गरीआएको सहयोग रकम रोक्का वा स्थगन गर्नुपर्ने कुनै पनि आधार भेटिएमा सुनुवाईको उचित मौका दिई लिखित रुपमा सम्बन्धित अभिभावक र विद्यालयलाई सूचना दिने,

४. सम्बन्धित अभिभावक र बालबालिकासँग निरन्तर सम्पर्कमा रहिरहनुपर्ने ।

अभिभावक/बालबालिका स्वयंका तर्फबाटः

नाम थरः..................

नागरिकता नं................

हस्ताक्षर .................

बालबालिकाको नामः

ठेगाना

विद्यालयको नाम कक्षा

औठा छाप

सञ्चालक समितिको तर्फबाट

नाम थरः.................

दस्तखतःपदः

संस्थाको छाप :

इति सम्वत्..........साल.............महिना........गते........रोज

## अनुसूची -४

## (दफा १७ को उपदफा (३) सँग सम्बन्धित)

## अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि दिइने सामाजिक सुरक्षा कार्यक्रम

## परिचय पत्रको ढाँचा

चौरजहारी नगरपालिकाको कार्यालय

**रुकुम (पश्चिम)** जिल्ला **कर्णाली** प्रदेश

परिचय पत्र नं. : ................................

नाम थर : ............................लिङ्ग : ............उमेर : ......

ठेगाना : चौरजहारी नगरपालिका, वडा नं : .............

जिल्ला : ....................... प्रदेश : ...............................

विद्यालय : ..................... अध्ययन गरिरहेको कक्षा : ...........

अभिभावकको नाम थर : ............. ना. प्र.प. नम्बर : ............

अभिभावकको ठेगाना : नगरपालिकाः ........, वडा नंः ...............

जिल्ला : ........................ प्रदेश : ....................

बैङ्कमा खाता खोलेको भए,-

बैङकको नाम र खाताको किसिम : ....................

बैङक खाताको नम्बर : ....................

रकम पाएको विवरण,-

| | |
|---|---|
| बुझिलिनेको,- | बुझाउनेको,- |
| नाम, थर : ..................... | नाम, थर : ................... |
| दस्तखत : .................. | दस्तखत : ................... |
| मिति : ................... | मिति : ................................... |
| कूल रकम : .................. | पद : .......................... |

## अनुसूची-५
**(दफा २२ सँग सम्बन्धित)**

**अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम**

**लाभग्राहीहरुको अभिलेख**

चौरजहारी नगरपालिकाको कार्यालय

**रुकुम (पश्चिम)** जिल्ला **कर्णाली** प्रदेश

| लाभग्राही नम्वर | लाभग्राहीको नाम थर | अध्ययन गर्ने भए विद्यालय | | अभिभावक/संरक्षकको नाम थर | अभिभावक/संरक्षकको नागरिकता नम्बर | ठेगाना |
|---|---|---|---|---|---|---|
| | | नाम | कक्षा | | | |
| | | | | | | |
| | | | | | | |

# सार्वजनिक निजी साझेदारी ऐन, २०७७

**प्रस्तावना:** सार्वजनिक निजी साझेदारीको माध्यमबाट पुर्वाधार संरचनाको निर्माण तथा संचालन गरी सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम चौरजहारी नगर सभाको ........ बैठकले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"चौरजहारी नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन चौरजहारी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"अनुमति पत्र"** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २३ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) **"अनुमति पत्र प्राप्त व्यक्ति"** भन्नाले परियोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) **"मञ्च"** भन्नाले चौरजहारी नगरपालिकामा स्थापना भएको सार्वजनिक निजी साझेदारी मञ्च सम्झनु पर्छ ।

(घ) **"उपभोक्ता"** भन्नाले यस दफा बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) **"नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्छ ।

(च) **"निर्माण"** भन्नाले पुर्वाधार संरचनाको निर्माण तहमा विकास वा पुर्नस्थापना गर्ने कार्य सम्झनु पर्छ ।

(छ) **"परियोजना"** भन्नाले पुर्वाधार संरचनाको निर्माण वा संचालन गर्न यस ऐन बमोजिम कार्यान्यवन गरिने परियोजना सम्झनु पर्छ ।

(ज) **"प्रस्तावक"** भन्नाले दफा १२ बमोजिम प्रस्ताव पेश गर्ने वा दफा १५ को उपदफा (३) बमोजिम निवेदन दिने व्यक्ति सम्झनु पर्छ ।

(झ) **"पुर्नस्थापन"** भन्नाले मौजुदा पुर्वाधार संरचनाको मर्मत, विस्तार वा पुनर्निमाण गरी पुनर्स्थापन गर्ने काम सम्झनु पर्छ ।

(ञ) **"पुर्वाधार संरचना"** भन्नाले सडक, सुरुङ मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रशारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रली वस सरंचना, ट्राम वे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन विसौनी स्थल, विमानस्थल, प्रदर्शन स्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, उद्योग, उर्जा उत्पादन तथा वितरण, रंगशाला, सार्वजनिक सभागृह, वहुआवासिय भवन वा सार्वजनिक गोदाम घर निर्माण सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पुर्वाधार संरचना समेतलाई जनाउँदछ ।

(ट) **"मनसायपत्र"** भन्नाले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा दफा १० बमोजिम माग गरिएको मनसाय पत्र सम्झनु पर्छ ।

(ठ) **"स्थानीय सरकार"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्छ ।

(ड) **"सम्झौता"** भन्नाले परियोजना कार्यान्वयन गर्न दफा २० बमोजिम प्रस्तावकसँग गरिएका सम्झौता सम्झनु पर्छ

(ढ) **"समिति"** भन्नाले सावर्जनिक निजी साझेदाारी प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ण) **"सर्वेक्षण"** भन्नाले परियोजना कार्यान्वयन गर्नको लागी गरिने सर्वेक्षण सम्झनु पर्छ र यस शव्दले परियोजनाको सम्भाव्यता अध्ययन, इन्जिनियरिङ डिजाइन कार्य र त्यसको लागी गरिने अन्वेषण समेतलाई जनाउछ ।

त) **"सार्वजनिक निजी साझेदारी"** भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै परियोजनाको निर्माण, संचालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पुर्णरुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी तथा पुर्ण वा आशिंक रुपले आम्दानीको जोखिम व्यहोर्ने गरी सार्वजनिक निकाय तथा निजि संस्था विच भएको करारीय प्रवन्ध सम्झनु पर्छ ।

(थ) **"शुल्क"** भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्तासंग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ ।

(द) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## परियोजना पहिचान तथा स्वीकृती

३. **सार्वजनिक निजी लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने :** (१) पुर्वाधार संरचना सम्बन्धी कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा यस ऐन बमोजिम कार्यान्वयन गर्न सकिनेछ ।

(२) सार्वजनिक निजी साझेदारी परियोजनामा देहायका विशेषता मध्ये अधिकांश विशेषताहरु समावेश भएको हुनुपर्नेछ :

(क) पुर्वाधार सेवाको निर्माण, पुनर्स्थापना वा आधुनिकिकरण गर्ने उद्देश्यका लागि निजि निकायको पुर्ण वा आंशिक पुँजि लगानी भएको,

(ख) निजि निकायलाई पुर्वाधार वा सेवाको संचालन, मर्मत वा सेवा प्रदान गर्ने गरी जिम्मेवारी दिइएको वा संचालन तथा मर्मत गर्न दिने गरी परियोजनाको व्यवस्थापन सम्झौता भएको,

(ग) निजी निकायलाई पुर्व निर्धारित मापनयोग्य मानक अनुसारको कार्यसम्पादनसँग आवद्ध भुक्तानीको व्यवस्था भएको,

(घ) निजी निकायबाट पुर्ण वा आंशिक रुपले आम्दानी जोखिम व्यहोर्ने व्यवस्था स्वीकार गरिएको,

(ङ) परियोजनाको सम्झौता अवधि स्पष्ट भएको ।

४. **सार्वजनिक निजी साझेदारीका ढाँचाहरु :** दफा ३ को अधीनमा रहि सार्वजनिक निजी साझेदारीका ढाँचाहरु देहाय बमोजिम हुन सक्नेछ :

(क) संचालन पुँजी बाहेक निजी लगानी आवश्यक नपर्ने प्रकृतिको संचालन तथा व्यवस्थापन करार,

(ख) न्युन वा उल्लेखनीय निजी पुँजी आवश्यक पर्ने निर्माण, स्वामित्वकरण, संचालन तथा हस्तान्तरण करार,

(ग) माथि खण्ड (क) वा (ख) मा उल्लेखित करारका अन्य रुपहरु ।

५. **परियोजना पहिचान गर्ने :** (१) नगरपालिकाले तोकिएको नगरपालिका अन्तगर्त सार्वजनिक निजी साझेदारी कार्यान्वयन गर्न सकिने परियोजना पहिचान गरी विवरण अद्यावधिक बनाई राख्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा नगरपालिकाले सर्भेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नु पर्ने छ ।

६. **प्राथमिकता निर्धारण गर्नेः** (१) नगरपालिकाले सार्वजनिक-निजि साझेदारीमा कार्यान्वयन गरिने परियोजनाको प्राथमिकता निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयनको प्राथमिकता निर्धारण गर्दा देहायका क्षेत्रलाई प्राथमिकतामा राख्नु पर्नेछ :

(क) सडक, पुल, विमानस्थल, रेलमार्ग, केवलकार, रोपवेको निर्माण जस्ता भौतिक पुर्वाधार,

(ख) विद्युत् उत्पादन, प्रशारण र वितरण तथा अन्य प्रकारको उर्जा क्षेत्र,

(ग) सुचना र सञ्चार

(घ) उद्योग, कलकारखानाको स्थापना, सञ्चालन तथा व्यवस्थापन

(ङ) फोहोरमैला व्यवस्थापन, खानेपानी, ढल निकास र सरसफाई जस्ता सहरी तथा ग्रामीण वातावरण,

(च) शिक्षा, स्वास्थ्य सम्बन्धी पुर्वाधार तथा सेवा, पर्यटन पुर्वाधार, औद्योगिक पुर्वाधार

(छ) सेवा र सुविधाजन्य शहरी पुर्वाधारहरु ।

७. **सार्वजनिक नीजि साझेदारी परियोजना छनौटका आधारहरुः** (१) देहायका आधारहरुमा सार्वजनिक नीजि साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गरिनेछ :

(क) स्थानीय सरकारले त्यस्तो परियोजनाको लागत व्यहोर्न सक्ने अवस्था भए वा नभएको,

(ख) परियोजनाको कार्यान्वयनको लागी गरिएको खर्च वा लगानीबाट सार्वजनिक स्तरमा गुणात्मक लाभ प्राप्त हुने अवस्था भए वा नभएको,

(ग) परियोजना आर्थिक रुपमा सम्भाव्य भएको,

(घ) स्थानीय सरकार र निजी निकायवीच जोखिम तथा लाभको उचित ढंगमा बाँडफाँड हुने अवस्था भए वा नभएको ।

(२) सार्वजनिक निजी साझेदारी बमोजिम कुनै परियोजना कार्यान्वयनका लागि सार्वजनिक नीजि साझेदारीको ढाँचा छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछ :

(क) परियोजनाको उद्देश्य पुरा हुने उपयुक्त स्वरुप भएको,

(ख) परियोजनाका लागी निजि क्षेत्रको साधन श्रोत उपलब्ध भएको,

(ग) परियोजनाको डिजाइन, लगानी, निर्माण, संचालन तथा मर्मत संभारमा निजी क्षेत्रले बहन गर्न सक्ने क्षमता भएको,

(घ) सम्भावित लगानिकर्ताहरुद्वारा स्वीकार गर्न सक्ने अवस्था भएको,

(ङ) उपभोक्ता तथा समुदायले स्वीकार गर्न सक्ने सेवा शुल्क भएको,

(च) वित्तिय संस्था तथा लगानिकर्ताहरुद्वारा स्वीकार गर्ने सक्ने अवस्था भएको,

(छ) लाभ तथा जोखिम बाँडफाँडको स्वरुप निर्धारण भएको,

(ज) स्थानीय सरकारको आर्थीक तथा व्यवस्थापकीय क्षमता भएको,

(झ) परियोजना सम्झौताको अवधि उल्लेख भएको,

(ञ) जटिल प्रकृतिका सार्वजनिक निजी साझेदारी सम्झौताहरु कार्यान्वयन गर्न सक्ने मानव संशासधनको उपलब्धता भएको ।

**८. परियोजना स्वीकृत गराउन पर्ने :** (१) नगरपालिकाले कुनै परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न उपयुक्त देखेमा समितिको सदस्य सचिवबाट स्वीकृत गराउन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना स्वीकृत गराउँदा नगरपालीकाले समितिसँग परामर्श गर्नुपर्नेछ ।

**९. सार्वजनिक निजी साझेदारी कार्यान्वयन नगरिने परियोजना :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका परियोजना सार्वजनिक निजी साझेदारी माध्यमबाट कार्यान्वयन गरिने छैन ।

(क) परियोजना सम्बन्धी वित्तिय, प्राविधिक वा संचालन सम्बन्धी जोखिम निजी क्षेत्रलाइ हस्तान्तरण नगरि निजी क्षेत्रबाट कुनैपनि काम वा सेवा प्राप्त गर्ने उद्देश्यबाट संचालन हुने,

(ख) सार्वजनिक सम्पत्ति वा दायीत्वको निजिकरण हुने,

(ग) सरकारी निर्णयले सरकारी स्वामित्वको उद्यम खडा गरी सार्वजनिक कामको व्यापारिकरण नहुने,

(घ) सार्वजनिक कार्यको लागी निजी निकायबाट प्रदान गरिएको दान, चन्दा वा उपहार प्राप्त हुने,

(ङ) देशको सुरक्षा संग सम्बन्धीत परियोजना,

(च) सावर्जनिक हितका दृष्टिले सार्वजनिक निजि साझदारीमा कार्यान्वयन गर्न नहुने,

**१०. मनसाय पत्र आह्वान गर्न सक्नेः** (१) समितिको दफा ८ बमोजिम स्वीकृत परियोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न आवश्यक कुराहरु खुलाई सार्वजनिक रुपमा सुचना प्रकाशित गरी मनसाय पत्र आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मनसाय पत्र पेश गर्न चाहने व्यक्तिले तोकिए बमोजिमका विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सुचनामा उल्लेखित समयावधि भित्र समिति समक्ष मनसाय पत्र पेश गर्नु पर्नेछ ।

**११. संक्षिप्त सुचि तयार गर्ने :** समितिले मनसाय पत्र प्राप्त भएको मितिले १ महिना भित्र मनसाय पत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको सक्षिप्त सुचि तयार गर्नेछ ।

**१२. प्रस्ताव आह्वान गर्न सक्ने :** (१) समितिको दफा ११ बमोजिम संक्षिप्त सुचि तयार गरेपछि सो सुचिमा परेका मनसाय पत्र पेश गर्ने व्यक्तिबाट परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सुचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्तिले तोकिएको विवरणहरु खुलाई सोही उपदफा बमोजिम प्रकाशित सुचनामा उल्लेखित समयावधि भित्र समिति समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ ।

**१३. सोझै प्रस्ताव आह्वान गर्न सक्ने :** दफा १२ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पहिले नै सर्वेक्षण भै सकेको वा तोकिए बमोजिम भन्दा कम लागतको परियोजना भए समितिले नगरपालिकाको सिफारिसमा परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सुचना प्रकाशन गरी सोझै प्रस्ताव आह्वान गर्न सक्नेछ ।

**१४. प्रस्ताव छनौट गर्ने :** (१) दफा १२ वा १३ बमोजिम प्रस्ताव प्राप्त भएपछि समितिले प्रस्ताव प्राप्त भएको मितिले पैतिँस दिन भित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नेछ :

(क) प्रस्तावकको आर्थिक हैसियत
(ख) प्रस्तावकको प्राविधिक क्षमता
(ग) परियोजनाको वातावरणीय अध्ययन प्रतिवेदन
(घ) स्थानीय सरकारलाई बुझाउने प्रस्तावित रोयल्टि रकम
(ङ) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासंग लिने प्रस्तावित शुल्क
(च) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार समितिले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउने छ ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि समितिले त्यसको जानकारी छिटो साधनद्वारा छनौट भएको प्रस्तावकलाई दिनु पर्नेछ ।

**१५. वार्ताद्वारा परियोजना कार्यान्वयन गर्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्तिमा दुइ पटक मनसाय पत्र वा प्रस्ताव आह्वान गर्दा पनि आवश्यक संख्यामा मनसाय पत्र वा प्रस्ताव

छनौट हुन नसकेको परियोजना समितिले नगरपालिकाको सिफारिसमा वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने भनि समितिले स्वीकृति दिएमा त्यस्तो परियोजना वार्ताद्वारा कार्यान्वयन गराउन सकिनेछ :-

(क) परियोजनाको प्रकृति वा लागतको कारण प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको, वा

(ग) अन्य कुनै कारणले वार्ता द्वारा परियोजना कार्यान्वयन गर्न उपयुक्त हुने ।

(३) उपदफा (२) बमोजिमको कुनै परियोजना वार्ता द्वारा कार्यान्वयन गर्न चाहने व्यक्तिले तोकिएको कुराहरु खुलाई नगरपालिका समक्ष निवदेन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा वार्ताद्वारा सो परियोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा नगरपालिकाले निवदेकसँग वार्ता गरी कार्यान्वयन गराउनेछ ।

१६. **वार्ताद्वारा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै फर्म वा कम्पनीले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नका लागी समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनउपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता गर्न अनुमति दिन मनासिब देखिएमा समितिले नगरपालिकासँग परामर्श गरी निवदेकसँग वार्ता गरी त्यस्तो परियोजनाको विस्तृत सम्भाब्यता अध्ययन गर्न गराउन अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागे को खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने फर्म वा कम्पनी स्वयंले वा नगरपालिकाको सहकार्यमा व्यहोर्ने गरि गर्नुपर्नेछ ।

(४) यस दफा बमोजम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै परियोजनाको कार्यान्वयनको लागि प्रतिस्पर्धा गराउंदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने फर्म वा कम्पनी छनौट हुन नसकेमा निजले सो परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन

गर्दा गराउंदा लागेको खर्च त्यस्तो परियोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत भएको फर्म वा कम्पनीले व्यहोर्नु पर्नेछ ।

१७. **समझदारीपत्र गर्न सक्ने :** दफा (१४) बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा (१५) को उपदफा (३) बमोजिमका विवरणका आधारमा परियोजना कार्यान्वयन गर्न उपयक्तु देखिएमा समितिले प्रस्तावकसँग परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ ।

तर परियोजनाको प्रकृति हेरी समितिले प्रस्तावकसंग प्रारम्भिक परियोजना सम्झौता गर्न सक्नेछ ।

१८. **परियोजनाको विवरण पेश गर्ने :** (१) दफा १७ बमोजिमको समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौतामा उल्लेखित समयावधि भित्र र समझदारीपत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा परियोजनाको प्रकृति हेरी ६ महिनामा नबढ्ने गरी समितिले तोकेको समयावधि भित्र प्रस्तावकले परियोजना कार्यान्वयन सम्बन्धी तोकिएको विवरणहरु समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसक्ने कुनै मनासिब कारण देखाइ समयावधि थपको लागी समिति समक्ष निवदने दिएमा समितिले वढिमा तीन महिनाको समयावधि थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले सो विवरण पेश गर्न नसक्ने कारण देखाई समिति समक्ष दिएको निवेदन जाँचबुझ गर्दा कारण मनासिव देखिएमा समितिले कुनै खास परियोजनाको हकमा सम्झौता भएपछि सो विवरण पेश गर्न स्वीकृति दिन सक्नेछ ।

१९. **रद्द गर्न सक्ने :** (१) दफा १८ बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा परियोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा समितिले त्यस्को कारण खुलाई प्रस्तावकसंग समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता गरेको भए त्यस्तो समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता र समझदारी पत्र वा प्रारम्भिक परियोजना सम्झौता नगरेकोमा निजको प्रस्ताव रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समझदारी पत्र, प्रारम्भिक परियोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले समिति वा नगरपालिका संग कुनै किसिमको हानी नोक्सानी बापतको क्षतिपुर्ति दावि गर्न पाउने छैन ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. **सम्झौता गर्ने :** (१) दफा १८ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसंग सम्झौता गर्न उपयुक्त देखिएमा समितिले आवश्यकता अनुसार वार्ता गरी सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्नु पुर्व समितिले नगरपालिकासंग परामर्श गर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्झौतामा समितिको तर्फबाट सचिवले हस्ताक्षर गर्नेछ ।

(४) प्रस्तावकले दफा १८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नु पर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसंग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

२१. **सम्झौतामा खुलाउनु पर्ने कुराहरु :** सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क) परियोजनाको विवरण,

(ख) परियोजना कार्यान्वयन सुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) परियोजनाको निर्माण वा संचालन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमति पत्रको अवधी,

(ङ) जोखिमको बाँडफाँड र परियोजना अवधिमा जोखिम व्यवस्थापन गरिने विधि, कार्यसम्पादनमा आधारित भुक्तानी सम्बन्धी व्यवस्था, कार्यसम्पादन मुल्याङ्कनका बस्तुगत आधार र मापदण्ड,

(च) परियोजना कार्यान्वयनको चरणवद्ध विवरण र कार्यान्वयन तालिका,

(छ) परियोजनाको प्राविधिक गुणस्तर तथा स्ट्याण्डर्स,

(ज) परियोजना संचालन सम्बन्धी विवरण,

(झ) परियोजना लिजमा दिइएको भए सोको विवरण र सोको सर्तहरु,

(ञ) परियोजनाको संचालन वा हस्तान्तरणको शर्त,

(ट) परियोजना संचालन गर्दा उपभोक्ता संग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ठ) परियोजनाको विमा सम्बन्धी व्यवस्था,

(ड) परियोजनामा जडित मेशिन तथा परियोजनाका हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(ढ) स्थानीय सरकारलाई बुझाउनु पर्ने रोयल्टि र भुक्तानी विधि,

(ण) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पुरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(त) परियोजनामा स्थानीय सरकारको कुनै लगानी हुने भए त्यस्तो लगानी र सो वापत स्थानीय सरकारले प्राप्त गर्ने प्रतिफल

(थ) अन्य आवश्यक कुराहरु ।

२२. **परफर्मेन्स वण्ड सम्बन्धी व्यवस्था :** प्रस्तावकले परफर्मेन्स वण्ठ वापत परियोजनाको कुल लागतको ०.५५ भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो वरावरको बैंक ग्यारेण्टी सम्झौतामा उल्लेखित समयावधि भित्र समिति समक्ष दाखिला गर्नुपर्नेछ ।

२३. **अनुमतिपत्र दिने :** दफा २० बमोजिम सम्झौता गरेपछि नगरपालिकाले प्रस्तावकलाई परियोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिने छ ।

२४. **रित पुगेको मानिने :** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम समितिबाट परियोजना स्वीकृत भई दफा २३ बमोजिम अनुमतिपत्र प्राप्त गरेकोमा त्यस्तो अनुमतिपत्र प्रचलित कानुनको रित पुर्याई जारी भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएका अनुमतिका शर्तहरु उपर अनुमतिपत्र बहाल रहेको अवधिभर प्रतिकुल हुने गरी कुनै कानुनी, प्रशासनिक वा नितिगत व्यवस्था गरिने छैन र सम्झौता प्रतिकुल हुने गरी गरिएको कुनै पनि कानूनी, प्रशासनिक वा नितिगत व्यवस्था मान्य हुने छैन ।

२५. **अन्य व्यक्तिलाई अनुमतिपत्र नदिइने :** परियोजनाको कार्यान्वयन गर्नको लागी कुनै क्षेत्रमा कुनै प्रस्तावलाई अनुमितपत्र दिइसकेपछि सम्झौतामा लेखिए बमोजिम सोही क्षेत्रमा सो परियोजनालाई प्रतिकुल असर पर्ने गरी त्यस्तै किसिमको परियोजनाको कार्यान्वयन गर्न अन्य व्यक्तिलाई अनुमतिपत्र दिइने छैन ।

२६. **अनुमतिपत्रको अवधि :** (१) अनुमतिपत्रको अवधि परियोजनाको प्रकृति वा क्षेत्रको आधारमा सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थिति परि अनुमतिपत्रको अवधी वढाउन आवश्यक भएको कारण खुलाई अवधी थपको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा र

सो निवेदनको व्यहोरा मनासिब देखिएमा समितिले बढिमा पाँच वर्ष सम्म अनुमतिपत्रको अवधी थप गर्न सक्नेछ ।

२७. **अनुमतिपत्र रद्द गर्न सक्ने:** (१) अनुमति प्राप्त व्यक्तिले सम्झौता बमोजिम परियोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको निर्देशिका वा सम्झौता विपरित कुनै काम गरेमा नगरपालिकाको सिफारिसमा समितिले अनुमतिपत्र प्राप्त व्यक्तिलाई सुचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त व्यक्तिसँग गरिएको सम्झौता स्वत: रद्द भएको मानिनेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमति प्राप्त व्यक्तिले समिति वा स्थानीय सरकार संग कुनै किसिमको दावि गर्न पाउने छैन ।

२८. **रोयल्टि बुझाउनु पर्ने :** रोयल्टि बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौता बमोजिम रोयल्टि सम्झौतामा उल्लेखित तरिकाबाट स्थानीय सरकारलाई बुझाउनु पर्नेछ ।

२९. **परियोजना हस्तान्तरण गर्नुपर्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्झौतामा लेखिए बमोजिम स्थानीय सरकार लाई परियोजना हस्तान्तरण गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिम परियोजना हस्तान्तरण हुँदा त्यस्तो परियोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालु हालतमा हुनुपर्नेछ ।

३०. **स्थानीय सरकारको स्वामित्व हुने :** दफा २९ बमोजिम हस्तान्तरण भएको परियोजना र सो संग सम्बन्धीत घर जग्गा तथा उपकरणको स्वामित्व स्थानीय सरकारको हुनेछ ।

## परिच्छेद-४

## अनुमतिपत्र प्राप्त व्यक्तिको अधिकार तथा सुविधा

३१. **शुल्क उठाउन पाउने :** अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सेवा सुविधा उपलब्ध गराए वापत उपभोक्ता संग शुल्क उठाउन सक्नेछ ।

३२. **घरजग्गा आदीमा प्रवेश गर्न सक्ने:** (१) परियोजना कार्यान्वयनको सिलसिलामा अनुमति पत्र प्राप्त व्यक्तिले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगाएत अन्य प्राकृतिक श्रोत र साधनको परिक्षण गर्न, त्यसको लागी आवश्यकता अनुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किला खडा गर्न वा

निशाना लगाउने प्रयोजनको लागी सम्बन्धीत धनिलाई अग्रिम सुचना दिइ घरजग्गा आदिमा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा आदिमा प्रवेश गर्दा सो जग्गामा लगाएको अन्नवालि वा हुर्केका रुख विरुवा काट्नु, उखेल्नु परेमा वा जग्गामा रहेका कुनै छेकबार, पर्खाल, कुनै मेशिनरी, औजार आदि हटाउनु, भत्काउनु वा लगाउनु परेमा सोको मनासिब क्षतिपुर्ति सम्बन्धित धनिलाई दिइ अनुमतिपत्र प्राप्त व्यक्तिले सो गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम घरजग्गा आदिमा प्रवेश गर्दा सम्भव भएसम्म सम्बन्धित धनि, सरोकारवाला व्यक्ति तथा सोको कारणबाट प्रभावित हुने व्यक्तिको उपस्थितिमा प्रवेश गर्नुपर्नेछ ।

३३. **घरजग्गाको प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न निषेध गर्न सक्ने :** (१) परियोजना कार्यान्वयनको सिलसिलामा परियोजना स्थल र त्यसको निश्चित दूरीमा पर्ने घरजग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न वा सो जग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न नपाउने कुरा सम्झौतामा लेखिएकोमा वा त्यस्तो घरजग्गा सो कामका निमित्त प्रयोग गर्न वा त्यस्तो घरजग्गामा कुनै निर्माण गर्न वा अन्य कुनै काम गर्न निषेध गरि पाउन अनुमतिपत्र प्राप्त व्यक्तिले नगरपालिका समक्ष निवेदन दिएमा र यसरी दिएको निवेदनको व्यहोरा मनासिव देखिएमा समितिले प्रचलित कानुन बमोजिम त्यस्तो घर जग्गा सो बमोजिम प्रयोग गर्न वा कुनै निर्माण गर्न वा कुनै काम गर्न नपाउने गरि निषेध गर्न सक्नेछ । तर त्यसरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानि बापतको क्षतिपुर्ति अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपुर्ति निर्धारण गर्नका लागि स्थानीय उपभोक्ताको प्रतिनिधित्व हुने गरी तोकिए बमोजिमको एक क्षतिपुर्ति निधार्रण समिति रहनछे र सो समितिले सम्बन्धित व्यक्तिलाई वास्तविक रुपमा पर्न गएको हानि नाक्सानिको मूल्यांकनं गरि क्षतिपूर्ति निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण गरिएको क्षतिपुर्तिको रकम चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको जानकारी पाएको मितिले ३५ दिन भित्र समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको उजुरी उपर तिन महिना भित्र निर्णय गरिसक्न ुपनर्छे र सो उजरीका सम्बन्धमा समितिल ेगरको ेनिणर्य अन्तिम हनुछे ।

**३४. घरजग्गा उपलब्ध गराइदिने:** (१) अनुमतिपत्र प्राप्त व्यक्तिलाई परियोजना कार्यान्यवनका लागी आवश्यक पर्ने घरजग्गा वा नगरपालिकाको स्वामित्वमा भएको जग्गा सम्झौता बमोजिम हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम खरिद गर्न त्यसरी खरिद गर्न वा अन्य रुपमा व्यवस्था गर्न नसकेमा सम्झातैामा कुनै घरजग्गा प्राप्त गर्नुपर्ने उल्लेख भएमा समितिले अनमुतिपत्र प्राप्त व्यक्तिको अनुरोधमा त्यस्तो घरजग्गा प्रचलित कानून बमोजिम उपलब्ध गराइदिनछे ।

(३) उपदफा (१) बमोजिम घरजग्गा प्राप्त गर्दा जग्गा धनिलाई दिनुपर्ने क्षतिपुर्ति सम्बन्धी अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भएतापनि स्थानीय सरकार को स्वामित्वमा रहेको वा सार्वजनिक जग्गा परियोजना कार्यान्यवनको लागी आवश्यक भएमा समितिले वा स्थानीय सरकारको स्वीकृति लिई त्यस्तो जग्गा सम्झौतामा लेखिए बमोजिम वा लिज वा वहालमा प्रयोग गर्न दिन सक्नेछ ।

**३५. परियोजनाको सुरक्षा गर्न सक्ने :** (१) परियोजनाको सुरक्षा अनुमतिपत्र प्राप्त व्यक्तिले आफै गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विशेष कारण देखाई परियोजनाको खास किसिमको सुरक्षाको लागी समितिसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्ने गरी त्यस्तो परियोजनाको सुरक्षाको व्यवस्था गर्न स्थानीय सरकारले परियोजनाको सुरक्षाको लागी प्रदेश वा संघिय सरकारसंग अनुरोध गर्नेछ ।

**३६. सहयोग उपलब्ध गराउनुपर्ने :** (१) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा समिति वा स्थानीय सरकारले अनुमतिपत्र प्राप्त व्यक्तिलाई उपलब्ध गराउनुपर्ने सहयोग, दिनुपर्ने स्वीकृति वा गरिदिनुपर्ने काम सम्झौतामा उल्लेखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ ।

(२) परियोजना कार्यान्वयन गर्ने सिलसिलामा अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानुन बमोजिम उपलब्ध  गराउन सकिने भएमा सो वापत व्यहोर्नुपर्ने खर्च र दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नेगरी समिति आफैले त्यस्तो सहयोग उपलब्ध गराउन वा स्थानीय सरकारको सम्बन्धित निकायलाई त्यस्तो सहयोग उपलब्ध  गराउन लेखि पठाउन सक्नेछ ।

**३७. विदेशि विनियमको सुविधा :** परियोजनाको कार्यान्वयको लागी ऋण वा शेयर पुजिँको रुपमा विदेशि मुद्रा लगानि भएमा अनुमतिपत्र प्राप्त

व्यक्तिलाई त्यस्तो ऋणको साँवा वा व्याज भक्तानि गर्न वा लगानि फिर्ता गर्नको लागी आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा पच्रलित काननु बमोजिम स्थानीय सरकारले प्रदेश वा संघीय सरकारसँग अनुरोध गर्नेछ ।

३८. **विष्फोटक पदार्थको प्रयोग :** परियोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले स्थानीय सरकारलाई अनुरोध गरी स्थानीय सरकारले संघिय, प्रदेश सरकार वा सम्बन्धित निकायसंग अनुरोध गर्नेछ ।

३९. **कानून बमोजिमको सुविधा पाउने :** यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरि भएको लगानिले यस ऐन बमोजिमको सुविधाको अतिरिक्त प्रचलित कानुन बमोजिम उद्योगले पाउने सम्पुर्ण संरक्षण, सुविधा, सहुलियत तथा छुट प्राप्त गर्नेछ ।

४०. **सेवा सुविधाका शर्त तोक्न सक्ने :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधिनमा रहि आवश्यक शर्त तोक्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम तोकिएका शर्त विपरित उपभोक्ताले सेवा सुविधा उपभोग गर्न पाउने छैन ।

## परिच्छेद-५
## लगानि सम्बन्धी व्यवस्था

४१. **अनुमतिपत्र प्राप्त व्यक्तिले लगानी गर्नुपर्ने :** (१) सम्झौतामा अन्यथा व्यवस्था भएको वाहेक परियोजना कार्यान्वयन गर्न आवश्यक लगानीको व्यवस्था अनुमति पत्र प्राप्त व्यक्तिले गर्नुपर्नेछ ।

(२) अनुमति प्राप्त व्यक्तिले परियोजना अन्तर्गतको घर, जग्गा वा मुख्य मेशिन उपकरण धितो राखि ऋण लिदाँ समितिले नीतिगत सहजिकरण गर्न सक्नेछ ।

४२. **संयुक्त लगानीमा परियोजना कार्यान्वयन गर्न सकिने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले सम्झौतामा उल्लेख भएबमोजिम कुनै परियोजना कार्यान्वयन गर्न जग्गा उपलब्ध गराएर, स्वपुँजीमा हिस्सदोरी गरेर वा अन्य रुपमा सयंक्तु लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको लगानि परियोजना कार्यान्वयन गर्ने निजि क्षेत्रलाई लगानीको हिस्सा लिन चाहेमा परियोजनाको प्रचलित मुल्यमा हिसाव गरि दिन सकिनेछ ।

**४३. अन्य व्यक्तिसंग सम्भौता गर्न सक्ने :** (१) अनुमति पत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा लगानी प्राप्त गर्न वा परियाजेना बमोजिमको कुनै काम कुनै व्यक्तिबाट गराउने गरि अन्य व्यक्तिसँग सम्झौता गर्न सक्नेछ । तर त्यसरी सम्झौता भएको कारणले परियोजना कार्यान्वयन गर्ने दायीत्वबाट निजले उन्मुक्ति पाउने छैन् ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले १५ दिन भित्र सो सम्झौताको प्रतिलिपि समिति समक्ष पेश गर्नुपर्नेछ ।

**४४. भुक्तानि सम्झौता गर्न सक्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गर्ने गरी वा दफा ३१ बमोजिमको शुल्क नउठाई अन्य रुपमा परियोजनामा गरेको लगानि फिर्ता पाउने गरी दफा २० बमोजिम सम्झौता भएकोमा नगरपालिकाले एकमुष्ट रुपमा वा किस्तावन्दिमा त्यस्तो रकम भुक्तानी गर्ने वा शुल्क भुक्तानी पाउने गरी सम्झौता गर्न सक्नेछ ।

**४५. सम्भाव्यता न्युन परिपुर्ति कोष :** (१) नगरपालिकाले संभाव्य आयको तुलनामा लागत बढी हुने परियोजनालाई अनुदान उपलब्ध गराउन सम्भाव्यता न्युन परिपुर्ति कोष खडा गर्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषमा नगरपालिकाले विनियोजन गरेको रकम जम्मा गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषबाट परियोजनालाई संभाव्य बनाउन आवश्यक रकम मात्र समितिको सिफारिसमा अनुदान दिइनेछ ।

(४) सम्भाव्यता न्युन परिपुर्ती कोष तथा सो को संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद-६

## समितिको गठन सम्बन्धी व्यवस्था (सावर्जनिक निजी साझेदारी मञ्च)

**४६. समितिको गठन :** (१) पुर्वाधार विकास र निर्माणमा सार्वजनिक निजी साझेदारी तथा निजि लगानी परिचालनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न देहायको सार्वजनिक निजी साझेदारी प्रवर्द्धन मञ्च गठन हुने छ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - उपाध्यक्ष

(ग) नगर कार्यपालिकाको सदस्य मध्येबाट १ जना -सदस्य

(घ) नगर कार्यपालिकाको सदस्य मध्येबाट १ जना महिला - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) सम्बन्धित क्षेत्रको वडा अध्यक्ष - सदस्य

(छ) निजी क्षेत्रबाट २ जना - सदस्य

(ज) नगरपालिकाले तोकेको २ जना बिशेषज्ञ/प्राविधिक (सार्वजनिक निजी साझेदारी बारे अनुभव/ज्ञान हासिल गरेको विज्ञ) - सदस्य

(झ) नगरपालिका कार्यालयको सार्वजनिक निजी साझेदारी इकाई प्रमुख - सदस्य सचिव

(३) समितिले सम्बन्धित विषयमा अनुभव भएको तथा विशेष ज्ञान हासिल गरेको कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) पुर्वाधार विकास र निमार्णमा सावर्जनिक निजी साझदोरी तथा निजी लगानी परिचालन गर्ने स्वीकृती निर्णय भए अनुसार सदस्य सचिवले दिनेछ ।

**४७. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिका बठैक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ ।

(३) समितिको बठैकको अध्यक्षता समितिको अध्यक्षता गर्नेछ र निजको अनपुस्थितिमा समितिका उपाध्यक्षले समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४८. परियोजनाको अनुगमन गर्न सक्ने :** (१) समितिले परियोजना कार्यान्वयनको अनुगमन गर्न सक्नेछ र त्यसरी अनुगमन गर्दा एकजना महिला सदस्यलाई सहभागी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजना अनुगमन गर्ने सिलसिलामा समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धी अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

**४९. परियोजनाको विवरण राख्नुपर्ने :** (१) नगरपालिकाले समितिको सुझाव लिई दफा (३) बमोजिम कार्यान्वयन गरिने परियाजेनाको पहिचान गरी सोको विवरण अद्यावधिक राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा नगरपालिकाले सर्वेक्षण भए वा नभएका परियोजनाको छुट्टाछुट्टै विवरण राख्नुपर्नेछ ।

**५०. सुझाव दिन सक्ने :** समितिले परियोजनाको कार्यान्वयनको सम्बन्धमा नगरपालिकालाई समय समयमा आवश्यक सुझाव दिन सक्नेछ ।

**५१. प्राविधिक समिति :** (१) दफा ५२ बमोजिम नगरपालिकाले कार्यान्वयन गर्ने परियोजना सम्बन्धमा सुझाव दिनको लागि सम्बन्धित नगरपालिकाको सचिवको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरि वढिमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित नगरपालिकाको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद-७
## विविध

**५२. नगरपालिकाको अधिकार हुने :** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ५ लाख रुपैयाँभन्दा कम लागत भएको परियोजना यस ऐन बमोजिम नगरपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्ने छैन ।

(२) उपदफा (१) बमोजिम परियोजना कार्यान्वयन गर्दा सम्झौता विपरित भएको खण्डमा यस ऐन बमोजिम समितिलाई प्राप्त हुने सम्पुर्ण अधिकार आवश्यक हेरफेर सहित नगरपालिकालाई प्राप्त हुनेछ ।

**५३. विवादको समाधान :** (१) परियाजेना कायार्न्वयन गर्ने सम्बन्धमा नगरपालिका र अनमुतिपत्र प्राप्त व्यक्ति विच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसि समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र  उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५४. क्षतिपुर्ति सम्बन्धी व्यवस्था :** (१) परियोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत

कुनै काम गरेबाट अर्को पक्षलाई हानी नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानी नोक्सानी वापतको मनासिब रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपुर्ति वापत वुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षतिपुर्ति नगरपालिकाबाट व्यहोर्नुपर्ने भएमा त्यस्तो क्षतिपुर्ति वापतको रकम हिसाव गरि नगरपालिकाले अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

५५. **लिज वा भाडामा दिन वा बेचविखन गर्न सक्ने :** (१) नगरपालिकाले अनुमतिपत्र प्राप्त व्यक्तिलाई आफ्नो वा नगरपालिकाको स्वामित्वमा रहेको, संस्थाको स्वामित्व वा अधिनमा रहेको कुनै घर वा जग्गा लिज वा भाडामा दिन, कुनै मेशिन, औजार वा पुर्वाधार संरचना विक्रि गर्न वा लिज वा भाडामा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लिज वा भाडामा दिदाँका शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन् ।

५६. **स्थानीय श्रोत, साधन र जनशक्तिको उपयोग गर्नुपर्ने :** अनुमतिपत्र प्राप्त व्यक्तिले परियोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय श्रोत, साधन, जनशक्ति र मुलुक भित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नुपर्नेछ ।

५७. **अध्ययन प्रतिवेदनमाथी अधिकार कायम रहने :** प्रस्तावकले प्रस्ताव साथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पुर्ण अधिकार कायम रहनेछ । प्रस्तावकको लिखित स्वीकृति विना यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामका लागि प्रयोग वा प्रकाशन गरिने छैन ।

५८. **नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ ।

५९. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समिति वा नगरपालिकाले आवश्यक कुनै नियमावली, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

# चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७७

## चौरजहारी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेकोऐन, २०७७

**प्रस्तावनाः** चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चौरजहारी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"चौरजहारी नगरपालिकाको आर्थिक ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि चौरजहारी नगरपालिका क्षेत्रभरी लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका स्थानीय रुटमा सवारी साधनमा अनुसूचि (६) बमोजिम स्थानीय सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **फोहोरमैला व्यवस्थापन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन गरेवापत फोहरमैला व्यवस्थापन शुल्क अनुसूची १४ मा उल्लिखित दरमा लगाईने छ र असूल उपर गरिनेछ ।

१६. **जरिवाना** : कानून विपरित कार्य गर्ने व्यक्ति वा निकायलाई अनुसूची १५ बमोजिम सजाय हुनेछ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन् ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ

१९. **सजाय हुने** : तोकिएको अवधिभित्र वा आर्थिक वर्षभित्र कर नतिर्ने व्यक्ति वा निकायलाई थप १० प्रतिशत जरिवाना लाग्नेछ ।

२०. यस ऐनमा उल्लेख भए बाहेकका अन्य शुल्क वा दस्तुर लिनुपर्ने भएमा नगर कार्यपालिकाले निर्णय गरी तोक्न सकिनेछ ।

२१. नगरपालिका क्षेत्रभित्र कुनै पनि किसिमको गैरकानूनी तरिकाले मदिराजन्य पदार्थ उत्पादन, विक्रि वितरण र सेवन गर्न नपाउने गरी एवम् व्यवसाय गर्न नपाउने गरी र यस अघि दर्ता भएका मदिराजन्य व्यवसायहरु समेत यस नगरपालिकाभित्र सञ्चालन नहुने गरी नगर कार्यपालिकाले कार्यविधि बनाई लागू गर्नु पर्नेछ ।

२२. नगर कार्यपालिकाले मानवीय स्वास्थ्यमा प्रतिकूल असर पार्ने सूर्तिजन्य पदार्थ (सूर्ति, चुरोट, विंडी लगायत) एवम् यस्तै अन्य पदार्थको उत्पादन, आयात र विक्रि वितरणमा पूर्ण प्रतिवन्ध लगाउने गरी आवश्यक नियम, कार्यविधि वा मापदण्ड बनाउन वा शर्तहरु तोक्न सक्नेछ ।

| अनुसूची १ | | |
|---|---|---|
| **सम्पत्ती कर** | | |
| सि.नं. | दर | कैफियत |
| १ | पहिलो रु ५ लाख सम्म ०.०२ प्रतिशतका दरले, ५ लाखभन्दा माथि १० लाखसम्म ०.०३ प्रतिशतका दरले, १० लाखभन्दा माथि २० लाखसम्म ०.०५ प्रतिशतका दरले, २० लाखभन्दामाथि ५० लाखसम्म ०.०७ का दरले, ५० लाखभन्दा माथि १ करोडसम्म ०.०९ प्रतिशतका दरले र १ करोडभन्दा माथि जतिसुकै भए पनि ०.१ प्रतिशतका दरले लगाउने । जग्गाको मूल्याङ्कन अनुसूची अनुसूची १.१ मा उल्लेख भए अनुसार हुनेछ । संरचनाको मूल्यांकन अनुसूची १.२ मा उल्लेख भए बमोजिम हुनेछ । संरचनाको ह्रास कट्टी अनुसूची १.३ बमोजिम हुनेछ । | घर र घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाईने र वार्षिक २० प्रतिशत जरिवाना हुने । सम्पत्ति कर सम्बन्धी थप व्यवस्था सम्पत्ति कर सम्बन्धी कार्यविधि, २०७४ अनुसार मूल्यांकन समितिले तोके बमोजिम हुने । |

| अनुसूची २ | | |
|---|---|---|
| **भूमी कर (मालपोत)** | | |
| सि.नं. | दर (प्रति ५०० वर्गमिटर) | कैफियत |
| १ | अनुसूची २.१ मा उल्लेख भए बमोजिम लगाउने | घरले चर्चेको जग्गा वाहेकमा मालपोत लगाईने, वार्षिक १० प्रतिशत जरिवाना लाग्ने र विगत वर्षका वक्यौतामा समेत यसै बमोजिम हुनेछ । |

| अनुसूची ३ | | |
|---|---|---|
| <u>वहाल कर</u> | | |
| सि.नं. | दर | कैफियत |
| १ | बहाल अंकको १० प्रतिशतका दरल वहाल कर उठाउने प्रयोजनको लागि वहालमा दिने संरचनाको न्यूनतम भाडा अनुसूची ३.क बमोजिम हुनेछ । | बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ । क्षेत्रगत आधारमा चौरजहारी नगरपालिका, नगर कार्यपालिकाले न्युनतम बहाल दर तोक्न सक्नेछ । चौरजहारी नगर कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा संम्झौतपत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ। |

## अनुसूची ४

### व्यवसाय कर

| क्र.सं. | विवरण | | कर/दस्तूर/शूल्क | | कैफियत |
|---|---|---|---|---|---|
| | | | दर्ता | नविकरण | |
| १ | संघ संस्था दर्ता र सिफारिस | कम्पनी | ३००० | १८०० | |
| | | सहकारी | १५०० | ९०० | |
| | | समूह क्लव | १००० | ६०० | |
| २ | पोल्ट्री फार्म, थोक | | ३५०० | २१०० | |
| ३ | निजि वैंक स्थापना | | ८००० | ४८०० | |
| ४ | उद्योग नामसारी | ठुलो | २५०० | १५०० | |
| | | मझौला | १५०० | ९०० | |
| | | सानो | १००० | ६०० | |
| ५ | फर्म वा व्यवसाय | घ वर्गको ठेक्का लाईसेन्स | ६०००० | ३६००० | |
| ६ | ५ देखी २० हर्ज पावर उद्योग दर्ता र सिफारिस | | २००० | १२०० | |
| ७ | २० देखी माथि हर्ज पावर उद्योग दर्ता र सिफारिस | | ३००० | १८०० | |
| ८ | पोल्ट्री फार्म, खाद्य, तेल, माहुरी पालन, पशुपालन तथा काठ उद्योग | | २००० | १२०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | इट्टा भट्टि | सामान्य | १०००० | ६००० | |
| | | आधुनिक | १५००० | ९००० | |
| १० | पाउरोटी उद्योग | | १००० | ६०० | |
| ११ | केवुल नेटवर्क | | ५००० | ३००० | |
| १२ | म्यानपावर कम्पनी | स्वदेश | ३००० | १८०० | |
| | | विदेश | ५००० | ३००० | |
| १३ | सुन चाँदी (गरगहना) | थोक तथा फुटकर ठुला | ५००० | ३००० | |
| | | थोक तथा फुटकर साना | ३००० | १८०० | |
| १४ | क्यासेट तथा भिडियो रेकडर र प्लेयर थोक तथा खुद्रा | | १००० | ६०० | |
| १५ | इलेक्ट्रोनिक पसल | | १५०० | ९०० | |
| १६ | हार्डवयर पसल | | ५००० | ३००० | |
| १७ | पलाईवोर्ड, सिसा फरम पसल | | १००० | ६०० | |
| १८ | पेट्रोल पम्प ड्रमथोक तथा फुटकर | | ५००० | ३००० | |
| १९ | पेट्रोल पम्प डिपो | | १०००० | ६००० | |
| २० | तरकारी थोक तथा फुटकर पसल | | ७०० | ४२० | |
| २१ | इन्जिनिरिङ तथा परामर्श | | ५००० | ३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सेवा | | | | |
| २२ | अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | | ५००० | ३००० | |
| २३ | नापी, विमा एजेन्ट, मेडिकल, दन्त चिकित्सा | | ३००० | १८०० | |
| २४ | मिल व्यवसाय | | १५०० | ९०० | |
| २५ | मिठाई, नास्ता, खाना होटल | | १००० | ६०० | |
| २६ | छापाखाना | | २५०० | १५०० | |
| २७ | कलर ल्याब | | १५०० | ९०० | |
| २८ | चलचित्र व्यवसाय | | ३५०० | २१०० | |
| २९ | मेला कर आयोजक | | २००० | १२०० | |
| ३० | वित्तिय तथा सहकारी संस्था अभिलेखिकरण | | २००० | १२०० | |
| ३१ | विमा कम्पनी | | ५००० | ३००० | |
| ३२ | ल्याब औषधि पसल | | २००० | १२०० | |
| ३३ | वैदेशिक म्यानपावर कम्पनी | | १०००० | ६००० | |
| ३४ | जुत्ता पसल थोक | | २५०० | १५०० | |
| ३५ | जुत्ता पसल फुटकर | | १००० | ६०० | |
| ३६ | सिलाई कटाई टेलर्स | | ५०० | ३०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | घट्ट दर्ता सिफारिस | | १००० | ६०० | |
| ३८ | एफ.एम. रेडियो दर्ता | | ५००० | ३००० | |
| ३९ | कन्सल्टेन्सी दर्ता | | ५००० | ३००० | |
| ४० | सैलुन (कपाल काट्ने) | | ५५० | ३३० | |
| ४१ | फोटो स्टुडियो | | ५५० | ३३० | |
| ४२ | साइनवोर्ड पेन्टीङ साधा | | ५५० | ३३० | |
| ४३ | साइनवोर्ड पेन्टीङ फ्ल्याक्स | | १६५० | ९९० | |
| ४४ | श्रींगार पसल | | ५५० | ३३० | |
| ४५ | कुखुरा मार्केट | | ११०० | ६६० | |
| ४६ | खसी मार्केट | | १६५० | ९९० | |
| ४७ | रागां मार्केट | | २२०० | १३२० | |
| ४८ | एग्रोभेट पसल | | ११०० | ६६० | |
| ४९ | भाडा पसल | | ३३०० | १९८० | |
| ५० | गल्ला पसल | | २७५० | १६५० | |
| ५१ | ग्यारेज गाडि पसल | | २७५० | १६५० | |
| ५२ | पुस्तक तथा स्टेशनरी पसल | | २२०० | १३२० | |
| ५३ | फेन्सी पसल सानो | | २२०० | १३२० | |
| ५४ | फेन्सी पसल ठुलो | | ३३०० | १९८० | |
| ५५ | कपडा पसल | | २७५० | १६५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५६ | खुद्रा पसल | | ११०० | ६६० | |
| ५७ | ग्यास विक्रेता | | २२०० | १३२० | |
| ५८ | सुर्तिजन्य | वितरक | ११००० | ६६०० | |
| | | थोक | ५५०० | ३३०० | |
| | | फुटकर | २७५० | १६५० | |
| ५९ | होटल | क वर्गको होटल | ५५०० | ३३०० | |
| | | ख वर्गको होटल | ३८५० | २३१० | |
| | | ग वर्गको होटल | २२०० | १३२० | |
| | | साना होटल | १६५० | ९९० | |
| ६० | औषधि थोक विक्रेता | | ५५०० | ३३०० | |
| ६१ | रिचार्ज कार्ड | | २२०० | १३२० | |
| ६२ | राँगा, भैसी खरिद गरी वाहिर लिने प्रतिगोटा | | ३३० | १९८ | |
| ६३ | निजी विद्यालय | क्याम्पस तर्फ (प्रति कक्षा) | १०५०० | ६३०० | |
| | | मा.वि. तर्फ (प्रति कक्षा) | ५२५० | ३१५० | |
| | | आधारभुत तर्फ (प्रति कक्षा) | ४२०० | २५२० | |
| ६४ | निजी विद्यालय पूर्व प्रा.वि. तर्फ | प्रति कक्षा | २६२५ | १५७५ | |
| ६५ | मोवाइल टावर सरकारी | | ४२०० | २५२० | |
| ६६ | मोवाइल टावर निजि | | १०५०० | ६३०० | |
| ६७ | तापक्रम यन्त्र | | २१०० | १२६० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | ग्रिल उद्योग | | ५५०० | ३३०० | |
| ६९ | संस्था वा कम्पनी सूचिकृत | | १००० | ६०० | |
| ७० | गार्मेन्ट उद्योग | | २५०० | १५०० | |
| ७१ | इन्स्टिच्युट | | २५०० | १५०० | |
| ७२ | यसमा तोकिए बाहेकका व्यवसायहरु | व्यवसायको प्रकृति अनुसार | १००० देखि ५००० सम्म | ६०० देखि ३००० सम्म | |
| १. अन्यत्र दर्ता (घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, कम्पन्नी रजिष्टारको कार्यालय लगायत दर्ताको लागि तोकिएका अन्य संस्था वा कार्यालय) भएका व्यवसायहरुले नगरपालिकाबाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाणपत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस नगरपालिका क्षेत्रमा व्यापार व्यवसाय गर्न पाउनेछन् । | | | | | |
| २. अन्यत्र दर्ता नभएका साना व्यवसायिहरुले यस नगरपालिकामा दर्ता भएरमात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन् । दर्ता हुँदा माथि उल्लेखित वर्गीकरण अनुसारको दर्ता शुल्क तिर्नुपर्नेछ । | | | | | |

| अनुसूचि ५ | | | | |
|---|---|---|---|---|
| जडिबूटी, कवाडी र जीवजन्तू कर | | | | |
| क्र.सं. | विवरण | | परिमाण | कर/दस्तूर/शूल्क |
| १ | कवाडी माल | सिसा | प्रतिकिलो | रू २ |
| | | कागज | प्रतिकिलो | रू १ |
| | | फलाम | प्रतिकिलो | रू २ |
| | | स्टिल | प्रतिकिलो | रू २ |
| २ | काठ | | प्रति घनफिट | रू ८ |
| ३ | खोटो | | प्रति किलो/लिटर | रू ८ |
| ४ | अन्य | | प्रतिकिलो | रू ३ |
| ५ | दारकाट सिफारिस प्रजाति | | प्रति रुख | रू ५०० |

| अनुसूचि ६ | | | | |
|---|---|---|---|---|
| साना सवारी साधन कर | | | | |
| क्र.सं. | विवरण | कर/दस्तूर/शूल्क | | कैफियत |
| | | प्रति टिप | नविकरण | |
| १ | बस | ३५० | | |
| २ | ट्रक | ३३० | | |
| ३ | मिनि बस | ३०० | | |
| ४ | जिप | २०० | | |
| ५ | अटो सञ्चालन अनुमति इजाजत दस्तुर | १०००० | ७५०० | |
| ६ | ट्याक्टर | २५० | | |
| ७ | मिनि ट्रक | ३५० | | |
| ८ | दश चक्का ट्रक | ८०० | | |
| ९ | देवाल ढुङ्गा वान्न लगाउने प्रति ट्याक्टर | २७५ | | |
| १० | देवाल ढुङ्गा वान्न लगाउने प्रति टिपर | १००० | | |
| ११ | गिट्टी/मोरङ/वालुवा प्रति ट्याक्टर | ३३० | | |
| १२ | गिट्टी/मोरङ/वालुवा प्रति टिपर | ११०० | | |

| अनुसूची७ | | | |
|---|---|---|---|
| **विज्ञापन कर** | | | |
| क्र. सं. | विवरण | दर | कैफियत |
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ६०० | (१) भवनको छत र कौशीमा परिचय पाटी वा विज्ञापन सामग्री राख्न पाइने छैन्। (२) भवनमा झ्याल छोपेर परिचय पाटी वा विज्ञापन सामाग्री राख्न पाइने छैन्। (३) बाटोको सीमानादेखि दश फिट भित्र तथा संधियारको सिमानादेखि पाँच फिट भित्र र सार्वजनिक स्थान वा संस्थान वा कार्यालय वा सार्वजनिक सेवा प्रवाह गर्ने स्थानमा विज्ञापन सामाग्री राख्न पाइने छैन्। (४) सार्वजनिक उत्तरदायित्व अन्तर्गत निर्माण भएका जुनसुकै संरचनामा निर्माणकर्ताको नाम बाहेक राखिएका जुनसुकै तस्बीर वा अक्षरको विज्ञापन कर छुट हुने छैन्। भवन, जमिन, व्यापारिक वा व्यवसायीक केन्द्र, होटल वा रेष्टुरेण्ट वा विद्यालय वा सिनेमा हल वा पेट्रोल पम्प वा जुनसुकै भवनको भित्री भागमा विज्ञापन गर्ने प्रयोजनका लागि राखिएका प्रचार सामाग्रीमा विज्ञापन कर छुट हुने छैन्। (६) सुर्तीजन्य, मदिरा तथा |
| २ | होर्डिङ्ग बोर्ड, नियोन साईन, र यस्तै विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ८०० | |
| ३ | डिजीटल बोर्ड, ग्लो साइन बोर्डमा गरिने विज्ञापन प्रचार सामग्रीको प्रति वर्ष प्रति वर्ग फुट रु | ७०० | |
| ४ | माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको लागि प्रति दिन रु | १५० | |
| ५ | माल बाहक सवारी साधनको दाँयाबाँया पट्टीको भागमा अधिकतम दश स्क्वायर फुटसम्मको स्थायी रुपमा लेखिएको वा छापिएको प्रचार सामाग्रीका लागि प्रति वर्ष प्रति वर्ग फुट रु | १०० | |
| ६ | खेलकुद मैदान, मेला, जात्रा, पर्व र यस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामाग्रीको अधिकतम पन्ध्र दिन र बीस स्क्वायर फुटका लागि प्रति दिन रु | ४०० | |

| | | | |
|---|---|---|---|
| ७ | सवारी साधनको छत (अधिकतम तीन फुट उचाईसम्म मात्र), दुई पाङ्गा बीचको भाग, पछाडीको सीसा (सीसाको जम्मा भाग मध्येको अधिकतम पचास प्रतिशत सम्म मात्र) मुख्य झ्यालको माथि पट्टीको भेन्टीलेशनमा विज्ञापन प्रचार सामाग्रीको प्रति स्क्वायर फुट रु | २०० | नेपाल सरकारबाट प्रतिवन्धित तथा चौरजहारी नगरपालिका, नगर कार्यपालिकाबाट निषेध गरिएका बिज्ञापन प्रचार पसार गर्न पाईने छैन् । |
| ८ | आकाशमा बेलुन, ज्याकेटमा वा बेलुन बाकेर गरिने विज्ञापन (प्रति दिन) रु. | १५० | |
| ९ | अन्यको हकमा प्रति वर्गफिट प्रति बर्ष रु | ४५० | |

| अनुसूची ८ | | | |
|---|---|---|---|
| **मनोरञ्जन कर** | | | |
| क्र.सं. | विवरण | दर | कैफियत |
| १ | मेला महोत्सव लगायत अन्य मनोरञ्जनात्मक कार्यक्रम | प्रतिदिन २००० | थप कार्यविधि चौरजहारी नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

| अनुसूची ९ | | | |
|---|---|---|---|
| **वहाल विरौटी कर** | | | |
| क्र.सं. | विवरण | दर | कैफियत |
| १ | निर्माण, रेखदेख, मर्मत, संभार खर्च | यस सम्बन्धमा चौरजहारी नगरपालिका नगर कार्यपालिकाले तोके बमोजिम हुने | बहालमा दिने संरचनाको स्वरुप अनुसार थप कार्यविधि चौरजहारी नगरपालिका नगर कार्यपालिकाले तोक्न सक्नेछ । |

## अनुसूची १०

### पार्किङ शूल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | दुई पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा १५ | नगरपालिकाले तोकेको स्थलमामात्र पार्किङ गर्नुपर्नेछ । सार्वजनिक आवगमनमा असर पुग्ने गरी पार्किङ गरेमा रु ५०० देखि ५००० सम्म जरिवाना गरिनेछ । |
| २ | चार पाङ्ग्रे सवारी साधन | प्रतिघण्टा ३० | |
| ३ | छ पाङ्ग्रे वा सो भन्दा बढीका लागि | प्रतिघण्टा ५० | |

## अनुसूची ११

### ट्रेकिङ शूल्क

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | स्वदेशी | रु २० प्रति दिन | |
| २ | विदेशी | १ डलर प्रतिदिन | |

| अनुसूची १२ | | | |
|---|---|---|---|
| **सेवा शूल्क तथा दस्तुर** | | | |
| क्र.स. | सेवाको विवरण | दर | कैफियत |
| १ | घर जग्गा नामसारी सिफारिस | ३०० | |
| २ | मोहि लगत कट्टा सिफारिस | ५०० | |
| ३ | नक्सामा घर कायम सिफारिस | ५०० | |
| ४ | छात्रवृति सिफारिस | १०० | |
| ५ | विपन्न विद्यार्थी छात्रवृति सिफारिस | नलाग्ने | |
| ६ | अपाङ्ग सिफारिस | नलाग्ने | |
| ७ | अस्थायी बसोबास सिफारिस | स्वदेशमा ५०० र विदेशमा रु १००० | |
| ८ | स्थायी बसोबास सिफारिस | २५० | |
| ९ | नागरिकता सिफारिस | १०० | |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | १५० | |

| | | | |
|---|---|---|---|
| ११ | अंगिकृत नागरिकता सिफारिस | १००० | |
| १२ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५००० | |
| १३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | ० | |
| १४ | विद्युत जडान सिफारिस | नक्सा पास भएमा ५०० नक्सा पास नभएमा १००० | कच्ची घरको हकमा रु १०० |
| १५ | धारा जडान सिफारिस | नक्सा पास भएमा ५०० नक्सा पास नभएमा १००० | कच्ची घरको हकमा रु १०० |
| १६ | जिवित रहेको सिफारिस | ० | |
| १७ | दुवै नाम गरेका व्यक्ति एकै हो भन्ने सिफारिस/फरक जन्ममिति संशोधन सिफारिस | १५० | |
| १८ | जग्गा मुल्याङ्कन सिफारिस/प्रमाणित | प्रतिहजार १ | |
| १९ | व्यवसाय बन्द सिफारिस | ५०० | |
| २० | व्यवसाय संचालन नभएको सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | |
| २२ | कोर्ट फि मिनाहा सिफारिस | ० | |
| २३ | नाबालक परिचयपत्र सिफारिस | १०० | |
| २४ | चौपाय सम्बन्धि सिफारिस | ३०० | |
| २५ | व्यवसाय दर्ता सिफारिस | ५०० | |
| २६ | उद्योग ठाउंसारी सिफारिस | ५०० | |
| २७ | आन्तरिक बसाइसराई सिफारिस | १०० | |
| २८ | विद्यालय संचालन स्वीकृती/कक्षा वृद्धि सिफारिस (निजि) | १०००० | |
| २९ | विद्यालय वा संकाय थप सिफारिस | १५००० | |
| ३० | पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस वा | १०००० | |

| | | | |
|---|---|---|---|
| | अनुमति (निजि) | | |
| ३१ | व्यक्तिगत विवरण सिफारिस | १५० | |
| ३२ | जग्गा दर्ता सिफारिस | १५० (प्रतिरोपनी) | |
| ३३ | संरक्षक सिफारिस ( व्यक्तिगत) | १५० | |
| ३४ | संरक्षक सिफारिस (संस्थागत) | १०० | |
| ३५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० | |
| ३६ | जिवितसंगको नाता प्रमाणित | २०० | |
| ३७ | मृतकसंगको नाता प्रमाणित | १०० | |
| ३८ | कोठा खोल्ने कार्य/रोवरमा वस्ने कार्य | रु १००० प्रतिकोठा | |
| ३९ | नि:शूल्क वा स:शूल्क स्वास्थ्य उपचार सिफारिस | ० | |
| ४० | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ | १५० | |

| | | | |
|---|---|---|---|
| | पठाउने कार्य | | |
| ४१ | संस्था दर्ता सिफारिस ( नाफामूखी) | १००० | नवीकरण गर्दा रु ५०० मात्र |
| ४२ | संस्था दर्ता सिफारिस ( गैर नाफामूखी) | ७०० | नवीकरण गर्दा रु ५०० मात्र |
| ४३ | घर बाटो प्रमाणित | ५०० | ग्रामिण क्षेत्रमा रु १०० |
| ४४ | चार किल्ला प्रमाणित | १००० | ग्रामिण क्षेत्रमा रु ५०० |
| ४५ | जन्म मिति प्रमाणित | ५० | |
| ४६ | विवाह प्रमाणित | १००० | |
| ४७ | कागज/मन्जुरिनामा प्रमाणित | ५०० | |
| ४८ | हकवाला वा हकदार प्रमाणित | ५०० | |
| ४९ | अविवाहित प्रमाणित | १००० | |
| ५० | जग्गा रेखांकनको कार्य/सो कार्यको रोवर | ५०० | |
| ५१ | जग्गाको फिल्ड रेखांकन | न्युनतम रु ४००० प्रतिकित्ता प्रतिकोष र प्रति रोपनी थप रु. ३०० | |
| ५२ | ट्रेस नक्सा | प्रति कित्ता रु. १०० | |
| ५३ | जग्गा धनी पूर्जा हराएको सिफारिस | १५० | |

| | | | |
|---|---|---|---|
| ५४ | पूर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| ५५ | अंग्रेजी सिफारिस तथा प्रमाणित | १००० | |
| ५६ | मिलापत्र कागज गराउने | मिलापत्रको प्रकृति हेरी ५०० देखि १५००० | |
| ५७ | एकिकृत सम्पति कर/घर जग्गा कर सिफारिस | २०० | |
| ५८ | बहाल कर सिफारिस | २०० | |
| ५९ | विज्ञापन कर सिफारिस | २०० | |
| ६० | मालपोत वा भूमी कर सिफारिस | २०० | |
| ६१ | जन्म दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | |
| ६२ | मृत्यू दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | |
| ६३ | बसाइसराई जाने आउने दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | |

| | | | |
|---|---|---|---|
| ६४ | सम्बन्धविच्छेद दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | |
| ६५ | विवाह दर्ता | ३६ दिन भित्र नि:शूल्क, त्यसपछिको ३५ दिनभित्र रु ८ र त्यसपछि जतिसुकै दिन भएपनि रु. ५०, प्रतिलिपि रु. ५० | |
| ६६ | नयां व्यवसाय दर्ता सिफारिस | ५०० | |
| ६७ | व्यवसाय नविकरण सिफारिस | ५०० | |
| ६८ | योजना संझौता सिफारिस/उपभोक्ता समिति दर्ता सिफारिस | २०० | |
| ६९ | बैंक खाता खोल्ने सिफारिस | १५० | |
| ७० | इन्जिनियरिङ्ग दर्ता/नविकरण (सुचिकृत) शूल्क | ७००० | |
| ७१ | भवन निर्माण स्वीकृती आवासीय प्रयोजनको लागि प्रति वर्ग फुट | १० | |

| | | | |
|---|---|---|---|
| ७२ | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | १५ | |
| ७३ | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्शा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्शा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | २५ | |
| ७४ | भवन नक्शा नामसारी दस्तुर प्रति वर्गफिट | ५ (नियमित) र ७ (तहगत) | |
| ७५ | नगरपालिकाभित्र कार्यक्षेत्र भएका क्लब, संघसंस्था, गैर नाफामूलक सहकारी संस्था सूचीकृत शुल्क | १००० | |
| ७६ | विभिन्न यातायात प्रा.लि., नाफामूलक संघसंस्था, व्यवसाय सूचीकृत शुल्क | १००० | |
| ७७ | कार्य सम्पन्न सिफारिस | कुल बजेटको ०।५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ७८ | खानेपानी समितिमा उठेको रकम नगरपालिकामा जम्मा गर्नु पर्ने | जम्मा रकमबाट वार्षिक १५ प्रतिशत | |
| ७९ | जरिवाना दस्तूर न्यूनतम | १००० | |
| ८० | यसमा उल्लेख भए बाहेक अन्य भएमा | ५०० | |

**पशु शाखा तर्फको राजस्व दर**

| | | | |
|---|---|---|---|
| ८१ | पशु खोप | प्रति डोज रु १० | पि.पि.आर |
| | | प्रति डोज रु २५ | खोरत |
| | | प्रति डोज रु २५ | जे.इ |
| | | प्रति डोज रु १५ | एच. एस. वि.क्यू.कमन |
| | | प्रति डोज रु १०० | रेविज |
| | | प्रति डोज रु १० | कुखुराका खोपहरु |
| ८२ | पशु उपचार सेवा | प्रति पशु रु. १० | गाई/ भैसी |
| | | प्रति पशु रु. ५ | भेडा/बाखा/बंगुर/खरायो/पन्छीजाती |
| | | प्रति पशु रु. २५ | कुकुर/बिरालो |
| | | प्रति पशु रु. ५० | घोडा/हात्ति/बाँदर र अन्य बन्यजन्तु |
| ८३ | प्रयोगशाला सेवा | प्रति पशु रु. १० | गोवर परिक्षण |
| | | प्रति पशु रु. १० | पिसाव परिक्षण |
| | | प्रति पशु रु. १० | थुनेलो परिक्षण |

| | | | |
|---|---|---|---|
| | | प्रति पशु रु. १० | छाला परिक्षण |
| | | प्रति पशु रु. २५ | रगत परिक्षण |
| | | प्रति पशु रु. १० | पन्छी पोष्टमार्टम |
| | | प्रति पशु रु. १०० | कुकुर/बिराला पोष्टमार्टम |
| | | प्रति पशु रु. २५ | गाई /भैसी पोष्टमार्टम |
| | | प्रति पशु रु. २०० | घोडा/हात्ति/बाँदर र अन्य बन्यजन्तुको पोष्टमार्टम |
| | | प्रति पशु रु. २५ | भेडा/बाखा/बंगुरको पोष्टमार्टम |
| ८४ | कृत्रिम गर्भाधान सेवा | प्रति डोज रु २५ | गाई |
| | | प्रति डोज रु २५ | भैसी |
| | | प्रति डोज रु २५ | बाखा |
| ८५ | पशु बन्ध्याकरण | प्रति पशु रु. १५ | बोका/थुमा |
| | | प्रति पशु रु. १५ | बहर/राँगा |
| ८६ | मेजर अपरेशन | प्रति पशु रु.२०० | गाई/भैसी/भेडा/बाखा/बंगुर/कुकुर |

| अनुसूची १३ | | | | |
|---|---|---|---|---|
| **पर्यटन शूल्क (प्रतिदिन)** | | | | |
| क्र.स. | विवरण | दर | | कैफियत |
| १ | दृश्यावलोकण | स्वदेशी | रू. १० | |
| २ | | बिदेशी | १ डलर | |
| ३ | अध्ययन भ्रमण | स्वदेशी | रू. १० | |
| ४ | | विदेशी | १ डलर | |
| ५ | तिर्थयात्रा | स्वदेशी | रू. १० | |
| ६ | | विदेशी | १ डलर | |

| अनुसूची १४ | | | |
|---|---|---|---|
| **फोहोरमैला व्यवस्थापन शूल्क** | | | |
| क.स. | विवरण | शूल्क (रू.) मासिक | कैफियत |
| १ | सबै प्रकारका होटेल व्यवसाय | १२० | नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावि फोहोर फाल्ने व्यक्ति वा निकायलाई रु ५०० देखि ५००० सम्म जरिवाना गरिने, पोल्टि फर्म, वधशाला नगरपालिकाले तोकेको स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ । |
| २ | पोल्टी फर्म | १५० | |
| ३ | वधशाला, फ्रेस हाउस | ७५ | |
| ४ | माथि उल्लेखित बाहेक अन्य व्यवसाय पसलहरुको लागि | ७५ | |
| ५ | घर भित्रबाट निष्कने फोहोर | १५ | |

| अनुसूची१५ | | | |
|---|---|---|---|
| **दण्ड जरिवाना** | | | |
| क.स. | विवरण | दर | कैफियत |
| १ | सडकको क्षेत्राधिकारभित्र एवम् सार्वजनिक स्थलमा जथाभावि पार्किङ गरेमा, निर्माण सामग्री राखेमा पशुचौपाया छाडा छोडेमा, जथाभावि होडिङ वोर्ड राखेमा, जथाभावी फोहोर फालेमा, दर्ता प्रमाणपत्रविना व्यापार व्यवसाय सञ्चालन गरेमा तथा अन्य नगरपालिकाले गर्न नहुने भनि तोकेका कार्यहरु गरेमा | ५०० देखि ५००० सम्म | त्यस्ता मालसामान नियन्त्रणमा लिई जरिवाना गरेर फिर्ता दिईने एवम् जफत भएको ३५ दिनभित्र फिर्ता लिन नआएमा जफत गरिने |

| अनुसूची १.१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (क) आ.व. २०७७।०७८ को घरजग्गा रजिष्ट्रेशन पारित गर्ने तथा सम्पत्ति कर उठाउने प्रयोजनको लागि प्रति ५०० वर्गमिटरको न्यूनतम मूल्याङ्कन | | | | | | | | |
| क्र.स. | वडा नं. | जग्गा | अब्बल | दोयम | सिम | चहार | पाँचौ | कैफियत |
| १ | १ | खेत | ४५०,०००.०० | ३५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| २ | | पाखो | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| ३ | २ | खेत | ४५०,०००.०० | ३५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| ४ | | पाखो | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| ५ | ३ | खेत | ४५०,०००.०० | ३५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| ६ | | पाखो | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| ७ | ४ | खेत | ४२५,०००.०० | ३२५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | | |
| ८ | | पाखो | २७५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | ६५,०००.०० | | |
| ९ | ५ | खेत | ४२५,०००.०० | ३२५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | | |
| १० | | पाखो | २७५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | ६५,०००.०० | | |
| ११ | ६ | खेत | - | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| १२ | | पाखो | - | १००,०००.०० | ६५,०००.०० | ४०,०००.०० | | |
| १३ | ७ | खेत | ४२५,०००.०० | ३२५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | | |
| १४ | | पाखो | २७५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | ६५,०००.०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | ८ | खेत | ४२५,०००.०० | ३७५,०००.०० | ३२५,०००.०० | २२५,०००.०० | | |
| १६ | | पाखो | २७५,०००.०० | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| १७ | ९ | खेत | ४२५,०००.०० | ३७५,०००.०० | ३२५,०००.०० | २२५,०००.०० | | |
| १८ | | पाखो | २७५,०००.०० | २५०,०००.०० | १५०,०००.०० | ७५,०००.०० | | |
| १९ | १० | खेत | | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| २० | | पाखो | | १५०,०००.०० | १००,०००.०० | ४५,०००.०० | | |
| २१ | ११ | खेत | | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| २२ | | पाखो | | १५०,०००.०० | १००,०००.०० | ४५,०००.०० | | |
| २३ | १२ | खेत | | २७५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | | |
| २४ | | पाखो | | १२५,०००.०० | ७५,०००.०० | ३५,०००.०० | | |
| २५ | १३ | खेत | | ३००,०००.०० | २५०,०००.०० | १५०,०००.०० | | |
| २६ | | पाखो | | १५०,०००.०० | १००,०००.०० | ४५,०००.०० | | |
| २७ | १४ | खेत | | २७५,०००.०० | २२५,०००.०० | १२५,०००.०० | | |
| २८ | | पाखो | | १२५,०००.०० | ७५,०००.०० | ३५,०००.०० | | |
| (ख) नगरपालिकाभित्रका विभिन्न बजार तथा बजारोन्मुख क्षेत्रका घडेरी जग्गाको न्यूनतम मूल्यांकन | | | | | | | | |
| १ | विमानस्थलदेखि त्रिवेणी चोक मूल सडकसँग जोडिएको घडेरी जग्गा १०० मिटरभित्रको प्रति ५०० वर्गमिटरको रु ४१ लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल सडकको दायाँबायाँ १०० मिटर भित्रसम्मको घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ३५ लाख । | | | | | | | |

| | |
|---|---|
| २ | विजयश्वरीडाडाँदेखि उमाविसम्म मूल सडकसँग जोडिएका १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २४ लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल सडकको दायाँबायाँ १०० मिटर भित्रसम्मको घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र प्लटिङ एरियाका घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १७ लाख । |
| ३ | चौरजहारी नगरपालिका वडा नं. ३ को लापुले, स्यालखोला र टाटागाउँ क्षेत्रका मध्यपहाडी लोकमार्गको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी प्रति ५०० वर्गमिटरको रु २२ लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्रसम्मका घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १८ लाख । |
| ४ | चौरजहारी वसपार्कदेखि पिपलबोट लामीछानेगाउँ विमानस्थल हुँदै सल्लीजार जाने मोटरबाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १० लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरसम्म पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ७ लाख । |
| ५ | बसपार्कदेखि मध्यपहाडी लोकमार्गको पूल बन्ने प्रस्तावित ठाउँ र रामजानकी मन्दिरसम्मको मोटर बाटोको दायाँबायाँ १०० मिटरभित्रको र मिसन अस्पताल आसपासका घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १० लाख ५० हजार र ५०० मिटरभित्र पर्ने मोटरेवल वाटोको दायाँवायाँ १०० मिटरभित्रका घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ८ लाख ८० हजार । |
| ६ | त्रिवेणी चोकदेखि टाटागाउँ हुँदै मध्यपहाडी लोकमार्गसँग जोडिने स्थानसम्मको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ११ लाख ५० हजार र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु ८ लाख ५० हजार । |
| ७ | त्रिवेणीदेखि पानीखोला घारीपाखा हुँदै खौचिने सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा |

| | |
|---|---|
| | प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| ८ | पानीखोलादेखि विद्युत पोखरी हुँदै विजय्वरीसम्मको सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| ९ | घारीपाखादेखि टाटागाउँहुँदै मध्यपहाडी लोकमार्ग जोड्ने सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| १० | जनज्योती आविदेखि खौचिनेसम्मको सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| ११ | मध्यपहाडी लोकमार्गको हाल निर्माणाधिन पूलदेखि रामजानकी मन्दिरसम्मको सडकको दायाबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| १२ | मूरल देखि जनज्योती आवि स्यालखोला हुँदै खौचिने हात्तिसार सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २५ लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु २० लाख । |
| १३ | खालटाकुरादेखि खाली स्यालीआला हुँदै मध्यपहाडी लोकमार्ग जोड्ने सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र |

| | |
|---|---|
| | पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख । |
| १४ | पेट्रोल पम्प (सुमनसुधा) देखि रुमेगाउँ हुँदै खालटाकुरासम्मको सडकको दाय्बायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु २० लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १५ लाख |
| १५ | त्रिवेणीदेखि जैसीगाउँ हुँदै खालटाकुरा विजय्वरीसम्मको सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १५ लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १० लाख । |
| १६ | कसम होटलदेखि यदुस्मृति प्रतिष्ठान हुँदै बिष्टआलासम्मको सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १५ लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १० लाख । |
| १७ | चौरजहारी अस्पतालदेखि घारीगाउँ मन्कोट सडकको दायाँवायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु १५ लाख र ५०० मिटरभित्रसम्मको मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटको रु १२ लाख । |
| १८ | चौरजहारी नगरपालिका अन्तर्गत कोटजहारी मेलैनाउलीदेखि डारेअमरै हुँदै कोटजहारी स्कूल हुँदै न्याउनली बजारसम्को ग्रामिण सडकको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ८ लाख ८० हजार र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति ५०० वर्गमिटरको ६ लाख ६० हजार |
| १९ | चौरजहारी नगरपालिकाको वडा नं. ७ नार्जिबजार र वडा नं. ७ को मेलैनाउली १०० मिटरभित्र पर्ने घडेरी जग्गा प्रति |

| | |
|---|---|
| | ५०० वर्गमिटरको रु ९ लाख र बजार क्षेत्रभन्दा बाहिर ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको १०० मिटरभित्र दायाँबायाँ पर्ने प्रति ५०० वर्गमिटरको रु ७ लाख । |
| २० | चौरजहारी नगरपालिका वडा नं. ११ चन्द्रबजारदेखि टाटा चौफा बजार हुँदै झुल्नेटासम्म निस्कने ग्रामिण सडकको दायाँबायाँ १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको रु ७ लाख ५० हजार र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्रसम्म घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ६ लाख ५० हजार । |
| २१ | विजयश्यरी कालिमाटी मन्कोटडाडाँ सडकको दायाँबायाँ १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको रु ५ लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्रसम्म घडेरी जग्गा प्रति ५०० वर्गमिटरको रु ४ लाख । |
| २२ | मेलैनाउलीदेखि खहरे हुँदै लहरेसिमलसम्मको सडकको दायाँबायाँ १०० मिटरभित्र प्रति ५०० वर्गमिटरको रु ६ लाख र ५०० मिटरभित्र पर्ने मोटरेवल बाटोको दायाँबायाँ १०० मिटरभित्रसम्म घडेरी जग्गा प्रति ५०० वर्गमिटरको ५ लाख । |
| **(ग) विविध** | |
| १ | कुनै जग्गामा घर/गोठ रहेछ भने घरले चर्चेको जग्गाको मूल्यको थप ५० प्रतिशत मूल्य कायम गरी थैली अंक कायम गर्नुपर्नेछ । |
| २ | जग्गा रजिष्ट्रेशन पास गर्दा घर बाटो खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस (नगरपालिकामा कार्यरत अमिनको रोहवरमा), दलित वर्गमा पर्छ भने दलितको सिफारिस, मालपोत कर र सम्पत्ती कर तिरेको रसिद एवम् वडा कार्यालयले गर्ने अन्य सिफारिस अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ । सिफारिसमा तोकिएको मापदण्ड (जस्तै- सडकदेखि १०० मिटरभित्र पर्छ वा ५०० मिटरभित्र पर्छ या सोभन्दा बाहिर पर्छ भन्ने कुरा) बारे स्पष्ट रुपमा खुलाईएको हुनुपर्नेछ र सो जग्गामा घर छ भने घरको किसिम कच्ची पक्की कुन खालको हो स्पष्ट खुलाईनु पर्नेछ । |

| | |
|---|---|
| ३ | नगरपालिका, वडा कार्यालय वा अन्य विषयगत निकायबाट सिफारिस दिँदा वा प्रमाणित गर्दा वा वडा कार्यालय वा नगरपालिका वा अन्य विषयगत कार्यालयबाट अनुदान ऋण वा राहत प्रदान गर्दा वा कुनै उपभोक्ता समिति विद्यालय व्यवस्थापन समिति वा अन्य यस्तै समितिहरुमा बस्दा कानून बमोजिम कर तिरे नतिरेको जाँचबुझ गरी कर तिरेको रसिद संलग्न गर्न लगाउनु पर्नेछ । कानून बमोजिम कर नतिर्ने व्यक्तिहरुलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गरिनेछ । |
| ४ | सिफारिस दिने अधिकारीले यो मूल्यांकन पुस्तिका एक पटक राम्ररी अध्ययन गरी पुस्तिकामा भने बमोजिमको सिफारिस दिनुपर्नेछ । |

## अनुसूची १.२

**संरचनाको मूल्य निर्धारण**

| क्षेत्र | | संरचनाको मूल्य प्रति वर्गफिट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आर.सि.सि. फ्रेम स्टक्चर | | सिमेण्ट जोडाईमा आर.सि.सि. छाना | | माटोको जोडाईमा आर.सि.सि. वा सिमेण्ट जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाईमा जस्ता वा टायलको छाना | |
| | | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | व्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | ३३०० | २५०० | १९८० | १५०० | १३२० | १००० | ११०० | ८८० |
| ख | आवासीय क्षेत्र | ३००० | २००० | १८०० | १३०० | १२०० | ९०० | १००० | ८०० |
| ग | कृषि क्षेत्र | २७०० | १८०० | १६२० | ११०० | १०८० | ८०० | ९०० | ७२० |
| घ | वन तथा वगर क्षेत्र | २४३० | १५०० | १४५८ | ९०० | ९७२ | ७०० | ८१० | ६४८ |

| कच्ची घर एकमुष्ट | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नं. | कच्ची घरको प्रकार र न्यूनतम मूल्य | | | | पुष्ट्याई | कैफियत |
| | घ१ | घ२ | घ३ | घ४ | | |
| १ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | चौरजहारी बजार बाहेकका क्षेत्रमा | |
| | ६००,०००.०० | ४००,०००.०० | ३००,०००.०० | ३५,०००.०० | चौरजहारी बजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजन बाहेक | घ१ भन्नाले ढुंगा वा इट्टाको गारो, टिन वा स्लेटले छोएको छानो, भूँईतला र बाँकी दुई तला(बुँईकल) भएका एवम् वाहिर सिमेन्ट प्लाष्टर गरिएका घरहरु, घ२ भन्नाले ढुंगा वा इट्टाको गारो, टिन वा स्लेटले छोएको छानो, भुँईतला र बाँकी एक तला भएका घरहरु, घ३ भन्नाले ढुंगा वा इट्टाको गारो भई खर वा फुसले छाएको, भुईतला र थप एक तला भएका घरहरु र घ४ भन्नाले घ१, घ२ र घ३ वाहेकका घरहरुलाई |
| | ७००,०००.०० | ५००,०००.०० | ४००,०००.०० | ५०,०००.०० | चौरजहारी बजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजनको लागि | |
| २ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | चौरजहारी बजार बाहेकका क्षेत्रमा | |
| | ६००,०००.०० | ४००,०००.०० | ३००,०००.०० | ३५,०००.०० | चौरजहारी बजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | बाहेक | बुझिन्छ । |
| | ७००,०००.०० | ५००,०००.०० | ४००,०००.०० | ५०,०००.०० | चौरजहारी बजार क्षेत्रमा व्यापारिक वा व्यवसायिक प्रयोजनको लागि | |
| ३ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| ४ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| ५ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| ६ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |
| ७ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| ८ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |
| ९ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |
| १० | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| ११ | ५००,०००.०० | ३००,०००.०० | २००,०००.०० | २५,०००.०० | | |
| १२ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |
| १३ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |
| १४ | ४५०,०००.०० | २५०,०००.०० | १५०,०००.०० | २५,०००.०० | | |

| अनुसूची १.३ | | | | | |
|---|---|---|---|---|---|
| **संरचनाको ह्रास कट्टी** | | | | | |
| संरचनाको किसिम | आर.सि. सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाईमा आर.सि.सि. छाना | माटोको जोडाईमा आर.सि.सि. वा सिमेण्ट जोडाईमा जस्ता, टायलको छाना | माटोको जोडाईमा जस्ता, टायलको छाना | सेड वा कच्ची घर |
| १-५ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ५-१० वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| १०-१५ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| १५-२० वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| २०-२५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| २५-३० वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| ३०-३५ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |

| अनुसूची २.१ | | | | |
|---|---|---|---|---|
| जग्गाको वर्गीकरण अनुसार मालपोत दर | | | | |
| वडा नं. | क्षेत्र | वर्गीकरण | स्थान | प्रति ५०० वर्गमिटरको मालपोत करको दर (रु) |
| १ | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | २२५ |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १८० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | १५० |
| | | घ | कच्चीसडकले छोएका सडकदेखि ५०० मिटरभित्रका जग्गाहरु | ११० |
| | कृषि | ङ | वनर वगर क्षेत्रमा परेका बाहेकका खेत | ७५ |
| | | च | वनर वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ४० |
| | वन र वगर | छ | खोलाभित्रपरेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| २ | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्र | २२५ |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १८० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको | १५० |

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्र | |
| | | घ | कच्ची सडकले छोएका सडकदेखि ५०० मिटरभित्रका जग्गाहरु | ११० |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ७५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ४० |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |
| ३ | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | २२५ |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १८० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | १५० |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ११० |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ७५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ४० |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २५ |

| | | | | |
|---|---|---|---|---|
| ४ | व्यापारिक | क | मूल सडकको दायाँबायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूल सडकको दायाँबायाँ ५०० मिटरभित्रका क्षेत्र | १५० |
| | | ग | मूल सडकको दायाँबायाँ ५०० मिटरभन्दा बाहिरको क्षेत्र | ११० |
| | | घ | कच्ची सडकको दायाँबायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ५ | व्यापारिक | क | मूल सडकको दायाँबायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूल सडकको दायाँबायाँ ५०० मिटरभित्रका क्षेत्र | १५० |
| | | ग | मूल सडकको दायाँबायाँ ५०० मिटरभन्दा बाहिरको क्षेत्र | ११० |
| | | घ | कच्ची सडकको दायाँबायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |

| | | | | |
|---|---|---|---|---|
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ६ | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १७० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १३० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ७ | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १५० |

| | | | | |
|---|---|---|---|---|
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्चीसडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वनर वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वनर वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्रपरेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ८ | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १५० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्चीसडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वनर वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वनर वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्रपरेका वा खोला किनाराले छोएका | २० |

| | | | | |
|---|---|---|---|---|
| | | | जग्गाहरु | |
| ९ | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १७० |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १३० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्चीसडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वनर वगर क्षेत्रमा परेका बाहेकका खेत | ४० |
| | | च | वनर वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| १० | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १३० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्चीसडकको दायाँवायाँ ५०० मिटरभित्रका | ७५ |

| | | | | |
|---|---|---|---|---|
| | | | जग्गाहरु | |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| ११ | व्यापारिक | क | मूलसडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १८० |
| | आवाशीय | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | १३० |
| | | ग | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ११० |
| | | घ | कच्चीसडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| १२ | आवाशीय | क | मूलसडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | ११० |
| | | ख | मूलसडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको | ९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्र | |
| | | ग | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ७५ |
| | कृषि | घ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | च | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| १३ | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १५० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | ११० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ९५ |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ५५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |

| | | | | |
|---|---|---|---|---|
| १४ | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १५० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | ११० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ९५ |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ५५ |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३५ |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २५ |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | २० |
| १५ | **ऐलानी जग्गा उपयोग प्रति १०० वर्गमिटरको (उपत्यकाभित्र)** | | | |
| | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | १००० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | ८०० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ७०० |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका | ६०० |

| | | | | |
|---|---|---|---|---|
| | | | जग्गाहरु | |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ५०० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | ४०० |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | ३०० |
| १६ | **ऐलानी जग्गा उपयोग प्रति रोपनी (विजयश्वरी देखि मेलैनाउली हुँदै नार्जि-चन्द्रबजार-चौफा-नुवाकोटडाँडा सडकको दायाँवायाँ) र जहारीखोला आसपास** | | | |
| | व्यापारिक | क | मूल सडकको दायाँवायाँ १०० मिटरभित्रका जग्गाहरु | ७०० |
| | आवाशीय | ख | मूल सडकको दायाँवायाँ ५०० मिटरभित्रका क्षेत्र | ६०० |
| | | ग | मूल सडकको दायाँवायाँ ५०० मिटरभन्दा वाहिरको क्षेत्र | ५०० |
| | | घ | कच्ची सडकको दायाँवायाँ ५०० मिटरभित्रका जग्गाहरु | ४०० |
| | कृषि | ङ | वन र वगर क्षेत्रमा परेका बाहेकका खेत | ३०० |
| | | च | वन र वगर क्षेत्रमा परेका बाहेकका पाखो जग्गाहरु | २०० |
| | वन र वगर | छ | खोलाभित्र परेका वा खोला किनाराले छोएका जग्गाहरु | १५० |

| | | |
|---|---|---|
| १७ | माथि उल्लेख भए बाहेकका ऐलानी पाखो जग्गा उपयोग प्रतिरोपनी | १५० |
| **"मूल सडक" भन्नाले देहायका सडकहरुलाई बुझ्नु पर्नेछ र माथि उल्लेखित मूल सडकले सम्बन्धित वडामा पर्ने मूल सडक खण्डलाई जनाउँनेछ ।** | | |
| १ | चौरजहारी विमानस्थलदेखि त्रिवेणी चोकसम्मको मूल सडक | |
| २ | विजयश्वरीडाडाँदेखि उमाविसम्मको मूल सडक | |
| ३ | चौरजहारी नगरपालिका वडा नं. ३ को लापुले, स्यालखोला र टाटागाउँ क्षेत्रका मध्यपहाडी लोकमार्ग | |
| ४ | चौरजहारी वसपार्कदेखि पिपलबोट लामीछ्यानेगाउँ विमानस्थल हुँदै सल्लीबजार जाने मोटरबाटो | |
| ५ | बसपार्कदेखि मध्यपहाडी लोकमार्गको पूल बन्ने प्रस्तावित ठाउँ र रामजानकी मन्दिरसम्मको मोटर बाटो | |
| ६ | त्रिवेणी चोकदेखि टाटागाउँ हुँदै मध्यपहाडी लोकमार्ग | |
| ७ | त्रिवेणीदेखि पानीखोला घारीपाखा हुँदै खौचिने जाने सडक | |
| ८ | पानीखोलादेखि विद्युत पोखरी हुँदै विजय्वरीसम्मको सडक | |
| ९ | घारीपाखादेखि टाटागाउँ हुँदै मध्यपहाडी लोकमार्ग जोड्ने सडक | |
| १० | जनज्योती आविदेखि खौचिनेसम्मको सडक | |
| ११ | मध्यपहाडी लोकमार्गको हाल निर्माणाधिन पूलदेखि रामजानकी मन्दिरसम्मको सडक | |
| १२ | मूरल देखि जनज्योती आवि स्यालखोला हुँदै खौचिने हात्तिसार सडक | |
| १३ | खालटाकुरादेखि खाली स्यालीआला हुँदै मध्यपहाडी लोकमार्ग जोड्ने सडक | |
| १४ | पेट्रोल पम्प (सुमनसुधा) देखि रुमेगाउँ हुँदै खालटाकुरासम्मको सडक | |
| १५ | त्रिवेणीदेखि जैसीगाउँ हुँदै खालटाकुरा विजय्वरीसम्मको सडक | |

| | |
|---|---|
| १६ | कसम होटलदेखि यदुस्मृति प्रतिष्ठान हुँदै बिष्टआलासम्मको सडक |
| १७ | चौरजहारी अस्पतालदेखि घारीगाउँ मन्कोट सडक |
| १८ | कोटजहारी मेलैनाउलीदेखि डारेअमरै हुँदै कोटजहारी स्कूल हुँदै न्याउनली बजारसम्मको ग्रामिण सडक |
| १९ | चौरजहारी नगरपालिका वडा नं. ११ चन्द्रबजारदेखि टाटा चौफा बजार हुँदै झुल्नेटासम्म निस्कने ग्रामिण सडक |
| २० | विजय्वरीदेखि कालिमाटी हुँदै मन्कोटडाडाँसम्मको सडक |
| २१ | मेलैनाउलीदेखि खहरे हुँदै लहरेसिमलसम्मको सडक |

## अनुसूची ३.क

### <u>वहाल कर प्रयोजनको लागि न्यूनतम भाडा</u>

१. कूल भाडाको १० प्रतिशतका दरले मासिक रुपमा भाडा बापतको वहाल कर तिर्नु पर्नेछ ।

२. वहाल करको लागि विभिन्न वर्गका घरहरु/ग्यारेज/घुम्ती/जग्गाअन्य/ संरचनाको न्यूनतम भाडा दर देहाय बमोजिम रहेको छ । यसमा उल्लेखित वाहेक अन्य कार्यविधि चौरजहारी नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

| सि. नं. | न्यूनतम घर भाडा दर (प्रतिकोठा) रु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क वर्ग | | ख वर्ग | | ग वर्ग | | घ वर्ग | | ग्यारेज | घूम्ती |
| | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | आवास | पसल/ व्यवसाय | | |
| १ | ५०००।०० | ७०००।०० | ४०००।०० | ५०००।०० | २००० | ३००० | ५०० | १५०० | प्रति १०० वर्ग मटरको १०००।०० | प्रति घूम्ती ५००।०० |

नोटः ग्रामिण बस्तीहरुमा माथि उल्लेखित न्यूनतम भाडा दरको ५० प्रतिशत मात्र भाडा कायम हुनेछ ।

# चौरजहारी नगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७७

**प्रस्तावनाः** नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चौरजहारी नगरपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित, व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२३ बमोजिमको चौरजहारी नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कानूनको नाम "चौरजहारी नगरपालिका आर्थिक कार्यविधि ऐन, २०७७" रहेको छ ।

(२) यो कानून सभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले चौरजहारी नगरपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ङ) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको

हकमा चौरजहारी नगरपालिकाको प्रमुख र प्रमुखको हकमा नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौरजहारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "कार्यालय" भन्नाले चौरजहारी नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले चौरजहारी नगरपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ ।

(ञ) "नगरपालिका" भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्छ ।

(ट) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले चौरजहारी नगरपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ठ) "तालुक कार्यालय" भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा चौरजहारी नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ण) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(त) "बजेट संकेत" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही नगरपालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका

आयोजना कार्यक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी चौरजहारी नगरपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(थ) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(द) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्विकृती प्राप्त चौरजहारी नगरपालिकाले तोकेको कुनै बैंक सम्झनु पर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्ने गरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(ध) "मातहत कार्यालय" भन्नाले चौरजहारी नगरपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(न) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(प) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको चौरजहारी नगरपालिकाको कार्यकारी अधिकृतलाई सम्झनुपर्छ ।

(फ) "वडा कार्यालय" भन्नाले चौरजहारी नगरपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(ब) "वडा सचिव" भन्नाले चौरजहारी नगरपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(भ) "विनियोजन" भन्नाले चौरजहारी नगरपालिका सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(म) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा बनाइएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(य) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(र) "सञ्चित कोष" भन्नाले चौरजहारी नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(ल) "सभा" भन्नाले चौरजहारी नगर सभा सम्झनुपर्छ ।

(व) "संपरीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्वन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(श) "कार्यपालिका" भन्नाले चौरजहारी नगर कार्यपालिका सम्झनुपर्छ ।

(ष) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक तोकिएको वा नतोकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(स) "बिषयगत शाखा" भन्नाले चौरजहारी नगरपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा एकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## सञ्चित कोष सञ्चालन सम्वन्धी व्यवस्था

३. **सञ्चित कोषको सञ्चालन :** (१) सञ्चित कोषमा देहायका रकमहरु रहने छन् :–

(क) नगर सभाबाट स्वीकृत कानून बमोजिम लगाईएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त रकम ।

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) नगरपालिकाले लिएको आन्तरिक ऋण वापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिम नगरपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त नगरपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानून र अन्य प्रचलित कानूनको अधीनमा रही सञ्चित कोषको संचालन नगरपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४. **सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्व :** (१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. **बजेट तथा कार्यक्रम तर्जुमा गर्ने** : (१) आगामी आर्थिक वर्षमा नगरले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० वमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १५ गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नगरपालिकाबाट स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) नगरपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. <u>बजेट निकासा</u>: (१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र मातहतका कार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारीप्राप्त भएपछि तोकिए बमोजिम बैंक मार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ ।

तर आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाव मिलान बाहेकको अन्य भुक्तानी सम्वन्धी काम हुने छैन् ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता  कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएका पदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्नेछ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र रहेर प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने र कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानून र प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. **बजेट रोक्का वा नियन्त्रण गर्न सक्ने :** दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार नगरपालिकाले पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. **खर्च गर्ने कार्यविधि :** नगरपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर, सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. **रकमान्तर तथा श्रोतान्तरः** (१) नगरपालिकाको स्वीकृत बजेटको कुनै एक बजेट उपशीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम नपुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी नगर कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।

तर पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन् ।

(२) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार नगर कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) नगर पालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **बजेट फिर्ता हुनेः** स्वीकृत बार्षिक बजेटमा विनियोजन भई निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद-४
## कारोबारको लेखा

**११.** **कारोबारको लेखा :** (१) विनियोजन, धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।

तर महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको लेखा राख्नका लागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) नगरपालिकाले अनुदान, सहायता, लगानी, विनियोजन, राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारका कारोवार र खर्चको लेखा नगरपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन, राजस्व, धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी नगर कार्यपालिका, नगरसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

**१२.** **जिम्मेवार व्यक्ति जवाफदेही हुने** : (१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरी गराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) वमोजिम लेखा तयार गरे नगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारीसमक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिन आएमा लेखाउत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ र त्यसपछि पनि दोहोरिन आएमा पटकैपिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनुपर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ र सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँ जरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथा यस कानून अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कलमैपिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानूनअन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

**१३. राजस्व दाखिला र राजस्व लेखाः** (१) प्रचलित कानून बमोजिम नगरपालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरु कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम संचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. <u>नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने</u> : (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सी मालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध भई आएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरी बढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा दाखिला नगरेको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्न लगाउने र पन्ध्र दिनसम्म ढिलो गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ ।

**१५. <u>आर्थिक प्रतिवेदन पेश गर्ने :</u>** (१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी नगर कार्यपालिका, नगर सभा, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(३) नगरपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. **हानी नोक्सानी असुल उपर गरिने:** यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद-५
## आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा बेरुजु असुल फछ्र्यौट

१७. **आन्तरिक नियन्त्रण प्रणाली: (१)** नगरपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

१८. **आन्तरिक लेखापरीक्षण:** (१) नगर कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही नगरपालिकाको आन्तरिक लेखापरिक्षण शाखा वा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) नगरपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) नगरपालिकाको आन्तरिक  वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

१९. **स्पष्टीकरण नदिने उपर कारबाही:** (१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफवा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

२०. **बेरुजु असूल, फछ्र्यौट, नियमित र लगत कायम गर्नेः** (१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नु पर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहऱ्याईएको रकमको लगत कार्यालयले अद्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्नेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औल्याएको बेरुजु सम्बन्धमा कार्यपालिकाको अनुमतिले सभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फर्छ्यौट सम्वन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) बेरुजु असूल फर्छ्यौट, नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिम सम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

२१. **बरबुझारथ** : (१) नगरपालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी

जिन्सी वा सरकारी कागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. **नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने** : (१) कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. लिलाम बिक्री तथा मिन्हा दिने : (१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योकानून अन्तर्गत उठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐन बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति

नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद-७
## विविध

२४. **<u>काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीः</u>** लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवार व्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धी काम गर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१)वमोजिम तोकिएको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. **<u>वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :</u>** यस कानून र अन्य प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. **<u>आर्थिक प्रशासनको सञ्चालन :</u>** (१) नगरपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था नभएसम्मका लागि यो कानून र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२७. **<u>संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्नेः</u>** नगरपालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनु पर्नेछ ।

२८. **<u>विद्युतीय प्रविधिको प्रयोग गर्न सक्ने :</u>** (१) यस कानून बमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणलीको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आवश्यक प्रणाली नगरपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको

सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

२९. **लेखापरीक्षण सहजीकरण समिति:** (१) नगरपालिकाबाट सम्पादन गरिने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फर्छ्यौट गर्न गराउन नगर कार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा नगरपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. **अधिकार प्रत्यायोजन:** यो कानून वा यसअन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ ।

३१. **नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार:** यस कानूनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

# चौरजहारी नगरपालिकाबाट कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन् २०७७

**प्रस्तावना:** चौरजहरी नगरपालिकाको समग्र विकासको लागी नगरपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनि व्यवस्था गर्न वान्छनीय भएकाले,
चौरजहारी नगर सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो कानून बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(१) यस कानूनको नाम **"चौरजहारी नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७६"** रहेको छ ।

(२) यो कानून नगरपालिका भर लागू हुनेछ र यस कानून बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानून तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,-

(क) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) **"कर अधिकृत"** भन्नाले नगरपालिकाले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्ने जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(घ) **"कर एकाई"** भन्नाले नगरपालिकामा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने नगरपालिकाको राजश्व शाखा वा सो प्रयोजनको लागि

तोकिएको कार्यालयको रुपमा रहेको नगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ ।

(ङ) **"करदाता"** भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सुचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(च) **"कर निर्धारण"** भन्नाले कर कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) **"गैरकर राजस्व"** भन्नाले परिच्छेद- १४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ ।

(ज) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति,पत्नि र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले चौरजहारी नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्माचारी सम्झनु पर्छ ।

(ञ) **"फर्म"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ट) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"सभा"** भन्नाले चौरजहारी नगर सभा सम्झनु पर्छ ।

(ड) **"नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनुपर्छ ।

(ढ) **"संविधान"** भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्छ ।

३. **व्याख्याः** यो कानूनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद – २

## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्तः** (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछः-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वैच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(२) गैरकर राजस्व लगाँउदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

५. **कर प्रशासनः** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन चौरजहारी नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार करएकाई रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाबाट स्विकृत दरवन्दी अनुसारका बिभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा नगरपालिकाले प्रचलित कानून बमोजिम स्विकृत दरवन्दिका आधारमा एक वा सो भन्दा बढि तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा नगरपालिकालाई सुझाब दिने ।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने ।

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

८. **अधिकार प्रत्यायोजनः** (१) प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगरपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारीः** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद – ४

## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति करः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पति कर लगाउने भनी तोकेको घर र जग्गामा मूल्याङ्कित रकमको आर्थिक ऐनमा उल्लेख भएको दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भुमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्यक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछः

(क) घरको वनौट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडीएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायमम भएको खुद सम्पत्तिमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मुल्यांकन गर्न देहायको घर मुल्यांकन समिति गठन गर्न सक्नेछः

(च) (क) नगरपालिकाले तोकेको ईन्जिनियर वा प्राविधिक × संयोजक

(छ) (ख) नगरपालिकाले तोकेको घर जग्गा सम्बन्धि विज्ञ एक जना -सदस्य

(ज) (ग) कर एकाईको प्रमुख -सदस्य सचिव

(६) घर जग्गा मुल्यांकन समितिले स्थानिय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मुल्यांकन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मुल्यांकनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मुल्यांकन समितिले वैठकको कार्याविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(झ) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ती जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा

(ञ) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सवैको वरावर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी असार मसान्तभित्र नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

११. **घर बहाल करः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र वहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर बहाल आय रकमको दश प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गर्नेछ ।

**स्पष्टिकरणः**यस दफाको प्रयोजनको लागि "घर" भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्चा संरचना सम्झनु पर्छ ।

(२) घर वहालमा लगाउन व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनि वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनि वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिदा प्रत्येक घरधनिले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौता संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतिस दिनभित्र कर एकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पनि, फर्म, एजेन्सि, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर बहालमा लिएको बहाल भुक्तानि गर्दा अग्रिम कर कट्टि गरी घरधनिका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर वहाल कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर वहालको प्रयोजनको लागि नगरपालिकाले न्यूनतम मासिक घर वहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर वहाल रकम निर्धारण सम्वन्धी अन्य व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

(८) घर वहालमा दिने घरधनीले घर वहाल करको विवरण प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर वहाल कर एकमुष्ट अग्रिम रुमपा श्रावण महिनाभित्र दाखिला गर्ने घरधनिलाई घर वहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

१२. **घर जग्गा रजिष्ट्रेसन शुल्कः** (१) नगरपालिकाले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनु पर्नेछ । यसरी असुल भएको जग्गा वा घ जग्गा रजिष्ट्रेसन शुल्क रकममध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले

लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्कको दुई प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरीएको न्युनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन गर्ने कार्यालयबाट असूल उपर गरिनेछ ।

(६) रजिष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकममध्ये जुन वढी हुन्छ सो रकमको १ (एक) प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कमा २४ प्रतिशत रकम छुट हुनेछ ।

(८) संघीय, प्रदेश र नगरपालिका तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन् ।

(९) नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी तोकेको राजस्व खातामा जम्मा गर्नुपर्नेछ ।

१३. **सवारी साधन करः** (१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि **"सवारी साधन"** भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ने चार पाङ्ग्रे, तीन पाङ्ग्रे वा दुई पाङ्ग्रे सवारी साधन सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

(३) यस दफा बमोजिमको लगाईएको सवारी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी साधन धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझाउनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साधनधनीले यस दफा बमोजिमको कर दाखिला गर्नुपर्नेछ ।

१४. **भुमिकर (मालपोत) :** (१) नगरपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन् ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुबिधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो वैठकले पारित गर्नु पर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमोजिमको भूम्किर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धित वडा कार्यालय वा स्थानिय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) नगरपालिकाले प्रकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली नगरपालिकाभर वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन सक्नेछ । सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन् ।

१५. **मनोरञ्जन करः** (१) नगरपालिकाले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्टजस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरञ्जन कर मनोरञ्जन स्थलको संचालकले मनोरञ्जनको लागि टिकेट बिक्री गर्दाको अवस्थामा असूल गर्नेछ । यसरी असुल गरेको मनोरञ्जन कर रकममध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरञ्जन करको दुई प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

१६. **विज्ञापन करः** (१) नगरपालिकाको सूचनापाटी (होर्डिंग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्नसक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असुल भएको विज्ञापन कर रकममध्ये नगरपालिकाले लगाएको सबै र परदेशले लगाएको विज्ञापन करको दुई प्रतिशत रकम नगरपालिकाको संचित

कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिनेछ ।

(४) यस ऐन बमोजिम असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) को बमोजिमको अनुमती पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क; सौन्दर्य विगार्न नहुने कुरा, सामग्रिको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सुचनापाटी (होर्डिंग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजस्व एकाई वा सो एकाइले तोकेको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिनाहा हुन सक्ने छैन् ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन् ।

१७. **व्यवसाय करः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाइलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय बार्षिक रुपमा वुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ वुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरण हेरफेर, परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद- ५

## करदाता दर्ता सम्बन्धी व्यवस्था

१८. **करदाताको पहिचान तथा दर्ताः** (१) व्यवसाय संचालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पति, निजले गरेको कारोवार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाइले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्ने छ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्वन्धि कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

१९. **करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिमाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाव किताव र अभिलेख दुरुस्त राख्ने ।

(च) कर खधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने ।

(छ) कर एकाईलाइ आवश्यक सहयोग गर्ने ।

२०. **करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :

(क) सम्मानपूर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावि गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्ने छ ।

२१. **करदाताको प्रतिनिधित्व** : (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी

वा लेखापाल वा लेखापरिक्षक वा नजले लिखत रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

**स्पस्टीकरणः** यस दफाको प्रयोजनको लागि "**उमेर पुगेको**" भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद – ६

## विवरण दाखिला सम्वन्धि व्यवस्था

२२. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा वेयहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

२३. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भईसकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखेला भएको मितिले तीन (३) महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद – ७

## कर दाखिला सम्बन्धी व्यवस्था

२४. **कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दखिला गर्नुपर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

२५. **<u>कर दाखिलाको निस्सा दिनु पर्ने :</u>** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनुपर्नेछ ।

## परिच्छेद – ८

## <u>कर फिर्ता समायोजन</u>

२६. **<u>कर फिर्ता सम्वन्धी व्यवस्था</u>** : (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२७. **<u>कर समायोजन सम्वन्धी व्यवस्था :</u>** (१) करदाताले दफा २६ वमोजिम फिर्ता पाउने ठहरीएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद – ९

## <u>कर परीक्षण र कर निर्धारण</u>

२८. **<u>कर परीक्षण र कर निर्धारण :</u>** (१) यस एन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा दहायको सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछ :

(क) खातापाता, हरहिसाव वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोवार नदेखिएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोवारको आधारमा करको दाहित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक परेकोमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाह हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टिकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टिकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नुपर्नेछ ।

(५) स्वयम् कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

२९. **कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिम कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

(३) उपदफ (१) बमोजिम कर रकम बैक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद – १०

## <u>कर संकलन सम्बन्धी व्यवस्था</u>

३०. **<u>कर संकलन सम्बन्धी व्यवस्था :</u>** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क वापतको रकमा करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असूल गर्न सक्नेछ ।

(क) करदातालई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताले चल तथा अचल सम्पतिमाथि दावि वा कब्जा गरेर ।

(छ) करदाताको सम्पति एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारवाही सुरु भएपछि सो कारवाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउनु बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३१. <u>किस्तावन्दीमा कर असुली :</u> कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ ।

तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाहा हुने छैन् ।

## परिच्छेद-११

## जरिवाना शुल्क र व्याज

३२. **जरिवाना लाग्नेः-** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगो बीस प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३३. **व्याज लाग्नेः-** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नतिरेमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक बीस प्रतिशत व्याज लाग्ने छ ।

३४. **अभिलेख नराखेमा शुल्क लाग्नेः-** यस ऐन बमोजिम अभिलेख राख्नु पर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु १०००/- शुल्क लाग्ने छ ।

३५. **समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्नेः-** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००/- शुःल्क लाग्ने छ ।

३६. **झुट्टा विवरण दिएमा शुल्क लाग्नेः-** यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी कर दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ ।

३७. **व्याज नलाग्नेः-** यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवाना पूनः व्याज लाग्ने छैन् ।

## परिच्छेद-१२

## पूर्वादिश र प्रशासकीय पुनरावलोकन

३८. **पूर्वादिश माग गर्न सक्नेः** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐन व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिइएकोमा प्रमुख प्रशासकिय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादिश जारी गरी करदातालाई सो पूर्वादिश उपलब्ध गराउने छ ।

मा जुनसुकै कुरा लेखिएको भएतापन (2) र (1) उपदफा (3)ि अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादिश जारी गर्न सकिने छैन् ।

बमोजिमको पूर्वादिश अदालतको आदेशबाट अन्यथा (1) उपदफा (4) नभएसम्म कायम रहने छ ।

३९ **प्रशासकिय पुनरावलोकन हुन सक्नेः** यस ऐन बमोजिम देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैर कर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

४०. **प्रशासकिय पुनरावलोकनको प्रक्रियाः** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदाफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० कार्यदिनभित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद-१३
## पुनरावेदन

४१. **उजुरी नलाग्नेः** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन् ।

४२. **पुनरावेदन दिन सक्नेः** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावलोकन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१४
## गैर कर राजश्व

४३. **सेवा शुल्क तथा दस्तुरः** नगरपालिकाले संविधानको अनुसुची ८ बमोजिमका क्षेत्र र विषयमा आफुले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४४. **पर्यटन शुल्कः** (१) नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन् ।

४५. **सवारी साधान पार्किङ शुल्कः** नगरपालिकाले आफुले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाई उठाउन सक्नेछ ।

तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेशस्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ शुल्क उठाउन सक्ने छैन् ।

४६. **बहाल विटौरी शुल्कः** नगरपालिकाले सार्वजनिक, नगरपालिकाको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गमा रहेका पोखरी, हाटबजार,

प्रदर्शनीस्थल र ती ठाँउमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

४७. **जडीबुटी, कवाडी र जीवजन्तु शुल्कः** नगरपालिकाले जडीबुटी र जीवजन्तुको कारोबारमा शुल्क लगाई उठाउन सक्नेछ ।

४८. **केवलकार शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका केवलकारमा शुल्क लगाई उठाउने छ ।

(२) उपदफा (२) बमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम संकलन गरेको महिना पछीको महिनाको २५ दिन भित्र विवरण साथ कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

४९. **डुङ्गा परिवहन (बोट सेवा) शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुङ्गा परिवहन (बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ ।

५०. **अन्य शुल्क लगाउन सक्नेः** (१) नगरपालिकाले अनुसुची २ उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(2) नगरपालिकाले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन ,२०७४ को विपरित नुहने गरी आफुले प्रदान गरेको सेवात्र वा विषयमा शुल्क सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षे , लगाउन सक्नेछ ।

(३) उपदफा (२) मोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण नगरपालिकाले त्यस्तो निर्णय भएको सात (७) दिन भित्र नगरसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछी वस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

५१. **छुट वा मिनाहाः** (१) नगरपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पुर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान व्यवहार गरिनेछ ।

(2) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्रीकारोबार कर नलाग्ने व्यवस्था , गरेकोमा नगरपालिकाले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

(3) उपदफा बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा (1) सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक दिएको विवरण नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ ।

## परिच्छेद-१५

## समन्वय सम्बन्धी व्यवस्था

५२. **नेपाल सरकारसँग समन्वयः** (१) नगरपालिकाले संघिय कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैर कर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(2) उपदफा बमोजिमको एकद्वार प्रणाली अपनाउन (1) नगरपालिका वा नगरपालिकाले अधिकार सम्पेको अधिकृत वा अधिकृतले नेपाल सरकार वा नेपालसरकारले सो प्रयोजनका लागि अधिकार सम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(3) नगरपालिकाले संविधान साझा सुचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार र दर वा कर प्रशासन सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।

(4) उपदफा बमोजिम व्यवस्था अन्तर्गत समन्वय (3) र (2) गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि सोहीअनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५३. **प्रदेश सरकारसँग समन्वयः** (१) नगरपालिकाले प्रदेश कानुन वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली उपनाउन सक्नेछ ।

(2) उपदफा बमोजिमको एकद्वार प्रणाली अपनाउन (1) नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर पाल सरकारले सो प्रयोजनका लागिअधिकृतले नेपाल सरकार वा ने अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधारमा वा कर प्रशासन सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

बमोजिमको (३) र (२) उपदफा (४)व्यवस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

५४. **केन्द्रीय बैंकसँग समन्वय :** नगरपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रिय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५५. **अन्य निकाय, कार्यालय र संस्थासँग समन्वय :** नगरपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसंग सम्वन्धित बिषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय वा बैंकसँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१६

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्वन्धि व्यवस्था

५६. **राजश्व सम्वन्धि नयाँ प्रस्ताव** : नगरपालिकाले कर तथा गैर कर सम्वन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श लिनु पर्नेछ ।

५७. **सूचना सार्वजानिक गर्नु पर्ने** : (१) यस कानून बमोजिम नगरपालिकाले लगायको कर र गैर कर राजश्व उठाउने कार्यालय प्रमुखले सो कर राजश्वको दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना समेत सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

राजश्वका दर र बमोजिम नगरपालिकाले कर (१) उपदफा (२) त्यसमा भएको हेरफेर समेत मिलाई नगरपालिकाको वेभसाइटमा राख्ने ब्यवस्था मिलाउनु पर्नेछ ।

नगरपालिकाले कर र राजश्व दरमा हेरफेर सम्बन्धि विवरण (३) केन्द्रिय सूचना प्रणालीमा राख्ने प्रयोजनको लागि नेपाल सरकार अर्थ कार्यालयलाई उपलब्ध गराउनु मन्त्रालय वा सो मन्त्रालयले तोकेको पर्नेछ ।

## परिच्छेद-१७

## विविध

५८. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई कर लगायतको तिर्नु बुझाउनु पर्ने विवरण र प्रमाण पेश गर्न सूचना दिने, रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्वन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

५९. **ठेक्कामा लगाउन नपाइने :** स्थानिय सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाईने छैन् ।

६०. **अनुसूची हेरफेर -:** नगर कार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यसपछि बस्ने सभाको बैठकमा पेश गर्नुपर्नेछ ।

६१. **कागजातको ढाँचा :** (१) नगरपालिकाले यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको ढाँचा वा तरिका वा नतोकिएको कुनै विवरणको जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२)उपदफा (१) बमोजिमका आदेश वार सूचना सर्वसाधारणको जानकारीको लागि नगरपालिकाको सूचनापाटी, वेवसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

६२. **सूचना तामेली रीत पुगेको मानिने :** यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहायक बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछ ।

क) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको ।

ख) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको ।

ग) नावालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको ।

घ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको ।

ङ) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर एकाईको अधिकृतको नाम पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्युटर प्रविधिबाट इन्स्क्रिप्ट वा इनकोड गरिएको, छाप लगाईएको वा सो कागजातमा लेखि यस ऐन बमोजिम जारी गरिएको तामेली गरिएको वा दिएको कागजातलाई रितपूर्वकको मानिनेछ ।

६३. **कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्टयाई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुर्‍याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्नेभए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) नगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजागतहरु सम्बन्धित आर्थिक बर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

६४. **अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि नगरपालिकाको अधिकार प्राप्त अधिकृतलाई बयान गराउने, प्रमाण बुझ्ने, सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, लिखतहरु पेश गर्न

लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६५. **आदेश वा निर्देशन दिन सक्ने :** संघिय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संबिधान र संघिय तथा प्रदेश सरकारको कर सम्बन्धि कानुन र ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

६६. **कर अधिकृत परिचय पत्र :** कर एकाइमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परीचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तब्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित ब्यक्तिलाई देखाउनु पर्नेछ ।

६७. **विभागिय कारबाही र सजाय हुने** : (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व घटी बढी गर्ने, समान अवस्थामा करदाताबिच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजि स्वार्थ पुर्ति गर्ने उदेश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानि दिएमा सम्बन्धित व्यक्तिले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी कर्मचारीको सेवा सम्बन्धी कानुन बमोजिम आफुलाई कारबाही गर्ने अधिकार भएको बिषयमा आफैले विभागीय कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको बिषयमा बिभागिय कारवाहीको लागी अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रचलित कानुन बमोजिम अनुचीत कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा

कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धि कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधिभर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिम छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिनाभन्दा बढि हुने छैन् ।

६८. **पुरुस्कृत गर्न सक्ने**: (१) नगरपालिकाले यथार्थपरक र विश्वसनिय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईने पुरस्कार सम्बन्धि अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६९. **म्याद हदम्याद नजाने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ ।

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

७०. **निर्देशिका वा दिग्दर्शन (म्यानुयल) बनाउने अधिकार:** यस ऐन बमोजिमको काम प्रभाबकारी रुपमा गर्न नगर कार्यपालिका वा नगर कार्यपालिकाले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

## अनुसूची १

## (दफा १० को उपदफा (४) सँग सम्बन्धित)

**<u>ह्रासकट्टी गर्ने तरिका</u>**

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरिका समान कट्टी तरिका (युनिफार्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नु पर्नेछ ।

**सुत्र**

$$\text{ह्रासकट्टी रक} = \frac{\text{सम्पत्तिको प्रारम्भिक मूल्य} - \text{अनुमानितशेष मूल्य}}{\text{सम्पत्तिको आयु}}$$

**उदाहरण**

कुनै सम्पत्तिको मूल्य सुरुमा रु १०,००,००० ।०० छ । यसको आयु २० वर्ष छ । २० वर्षपछि यो सम्पत्ति विक्रि गर्दा रु २,००,००० ।०० आउँछ भने यसको प्रतिवर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छः-

$$\text{ह्रासकट्टी रकम} = \frac{१००००००-२०००००}{२०}$$

$$= \frac{८०००००}{२०}$$

$$= ४००००$$

प्रतिवर्ष रु ४००००।०० ह्रासकट्टी खर्च घटाउन पाइन्छ ।

## अनुसूची २
### (दफा ५० को उपदफा (१) सँग सम्बन्धित)
### <u>नगरपालिकाले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र</u>

१. खानेपानी, पोखरी, घाट र धारा

२. बिजुली

३. टेलीफोन

४. सरसफाई र ढल व्यवस्थापन, वातावरण, फोहरमैला व्यवस्थापन

५. स्नान गृह, शौचालय

६. सार्वजनिक पार्क

७. हाट बजार

८. पशु बधशाला

९. अतिथि गृह, छात्रबास

१०. अचल सम्पत्ति मूल्याङ्कन शुल्क
मर्मत सुधार (आफूले निर्माण गरेका अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी खर्च)

# नगर प्रहरी ऐन, २०७७

**प्रस्तावना** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरपालिकाले यो नगर प्रहरी सम्बन्धि ऐन, २०७६ बनाई लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम **"नगरपालिकाको नगर प्रहरी सम्वन्धि ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन नगरपालिकाको नगरसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) **"ऐन"** भन्नाले चौरजहारी नगर प्रहरी ऐन, २०७६ लाई सम्झनु पर्दछ ।

(ख) **"नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **"मुख्य कार्यालय"** भन्नाले नगरपालिका रहेको केन्द्रिय कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) **"समिति"** भन्नाले चौरजहारी नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

(ङ) **"नगर प्रहरी"** भन्नाले चौरजहारी नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) **"करार पद"** भन्नाले म्याद तोकिएको नगरपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ ।

(छ) **"परिवार"** भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

(ज) **"भत्ता"** भन्नाले चौरजहारी नगरपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

(झ) **"आर्थिक वर्ष"** भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

(ञ) **"कार्यपालिका"** भन्नाले चौरजहारी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ट) **"सभा"** भन्नाले चौरजहारी नगरसभा सम्झनु पर्दछ ।

(ठ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(ड) **"तोकिएको"** वा **"तोकिए वमोजिम"** भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ) **"जवान"** भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

(ण) **"नगर प्रहरी कर्मचारी"** भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३. ऐनको व्याख्या नगरपालिकाले गर्ने :** (१) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को सम्वन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठन** : (१) नगरपालिकामा एक नगर प्रहरी सेवा समुह रहनेछ ।

(२) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह** : (१) नगर प्रहरीमा नगर कार्यपालिकाले तोकेको पद र तह रहने छन् ।

(२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

६. **नगर प्रहरीको काम, कर्तव्य र अधिकार :** देहायको कार्यमा सहयोग पुऱ्याउनको लागि नगरपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछ :-

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वय गर्ने र गराउने ।

(छ) सार्वजनिक, ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने ।

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने ।

(झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(ढ) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा

मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(ण) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(थ) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(न) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(फ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(ब) चौरजहारी नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(भ) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(म) शहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(य) दमकल (Fire Brigade) सेवा र एम्बुलेन्सलाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(र) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(ल) नगरपालिकाले तोकेका भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु एवं अन्य कार्यहरु गर्ने गराउने ।

(व) स्थानीय विद्यालयहरुमा पठनपाठन कार्यमा सहयोग पुऱ्याउने ।

(श) पर्यावरणीय कार्यमा सरिक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

(ष) स्थानीय श्रोत परिचालनमा सहयोग तथा जमीनको अधिकतम उपयोग गर्न सकृय हुने ।

(स) महिला तथा घरेलु हिंसा, कुरिती, कुसंस्कार बिरुद्ध जनचेतना संचालन गर्ने

(ह) स्थानीय सरकारको विनियोजित बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।

(क्ष) नगरपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।

(त्र) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने ।

(ज्ञ) तोकिए बमोजिम जनसेवा, सामूहिक श्रम, उद्यमशीलता आदिमा सरिक हुने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

७. **स्थायी पद श्रृजना गर्न नपाईने** : (१) नगरपालिकामा रहने नगर प्रहरीको लागि स्थायी पद सिर्जना गर्न पाईने छैन् ।

(२) नगरपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक वा स्वयम्सेवकको रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ ।

(३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना नगर कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

(४) नगरसभामा पद श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी वा सेवा परिवर्तन गरी पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन् :-

(क) नगर प्रहरी नायव निरीक्षक

(ख) नगर प्रहरी सहायक निरीक्षक

(ग)) नगर प्रहरी जवान

(घ) नगर प्रहरी सहयोगी

८. **नियुक्ति गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा नगरपालिको प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

९. **पदपूर्ति गर्ने तरिका** : (१) नगर प्रहरी नायव निरीक्षक पदमा साठी प्रतिशत र नगर प्रहरी सहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिताद्धारा र बाँकी बढुवाद्धारा करारमा पदपूर्ति गरिनेछ ।

(२) नगर प्रहरी जवान पद र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिला ३३ प्रतिशत

(ख) आदिबासी/जनजाति २७ प्रतिशत

(ग) दलित २५ प्रतिशत

(घ) विपन्न १५ प्रतिशत

(४) यस ऐनको खण्ड (क), (ख), (ग) को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलितलाई सम्झनु पर्छ ।

(५) उपदफा ३ वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ ।

तर त्यसरी नतोकेसम्मको लागि नगरपालिकाले तोकेको महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(६) उपदफा (३) बमोजिम छुट्याईएका पदको लागि दरखास्त पेश गर्दा देहाय बमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(क) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको ।

(ख) दलितको सूचीमा स्पष्ट खुलेको दलित जाति वाहेक अन्यको हकमा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(ग) विपन्नको हकमा नगरपालिका वा कानून बमोजिमको अन्य निकायले दिएको विपन्न प्रमाणित कागजात ।

(७) उपदफा (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक फ्र्याक्सन) आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(८) उपदफा (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

(९) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरीको मुख्य काममा कूल जनशक्तिको १ तिहाई खटिने र २ तिहाई श्रम र उत्पादन कार्यमा लाग्ने छन् ।

(१०) वहालवाला कर्मचारीले सरकारी बिदाको दिनमा मात्र नगर प्रहरी कार्यमा खटिने छन् ।

(११) नगर प्रहरी पदमा साधारणतया सुरक्षा निकायमा आवश्यक न्यूनतम योग्यता भएकालाई नियुक्ति दिइने छ ।

तर स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै निम्न उम्मेदवारलाई पनि अवसर दिईनेछ :-

(क) स्थानीय सरकारको क्षेत्रमा कार्यरत कर्मचारी र शिक्षक

(ख) स्थानीय सरकारको क्षेत्रमा रहेका सिकर्मी, डकर्मी, plumber, electrician, कृषि, वन, जडिबुटि विषयमा तालिम प्राप्त व्यक्तिहरूलाई स्वयंसेवकको रुपमा नियुक्ति गर्न सकिने छ ।

(ग) नगरपालिकाका योग्य युवाहरु (पूर्व सुरक्षाकर्मी, पूर्व कर्मचारी, कलाकार, शिक्षक, बुद्धिजिबी आदि)

१०. **खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु** : (१) नगर प्रहरी नायव निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :-

(क) दरखास्त आह्वान भएको सालको बैशाख १ गते २१ वर्ष उमेर पुगेको र २६ वर्ष ननाघेको ।

तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व लडाकु वा पूर्व सुरक्षाकर्मी वा म्यादी प्रहरीको हकमा ४० वर्ष ननाघेको ।

(ख) स्वीकृत विश्वविद्यालयबाट डिप्लोमा वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

(ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(ञ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

११. **खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता :-**

(क) दरखास्त आह्वान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २६ वर्ष ननाघेको र वहालवाला नगर प्रहरी वा सेवा

परिवर्तन गरी आउने कर्मचारी वा पूर्व लडाकु वा पूर्व सुरक्षाकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा ४० वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र

(ग) यस दफामा उल्लेख भए बाहेकका अन्य कुरा दफा १० मा तोकिए वमोजिम हुनेछ ।

१२. **पदपूर्ति समिति** : नगरपालिकाको करारमा कर्मचारी भर्नाको लागि गठित पदपूर्ति समिति नै नगर प्रहरीहरुको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नगरपालिका स्थित प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

१३. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार** : (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दफा ९ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।

(ज) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

१४. **योग्यताक्रम सूची तयार गर्ने** : (१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) उपदफा (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

१५. **जेष्ठताक्रम कायम गर्ने** : (१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१६. **परीक्षणकालमा राखिने** : नयाँ सेवा करारमा नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई सुरुमा पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने आधारमा बढिमा छ महिनाको सेवा करार सम्झौता गरिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार सम्झौता रद्द गर्न सक्नेछ ।

१७. **करार नियुक्ति थप** : (१) दफा १८ वमोजिमको अवधिमा नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरिनेछ र थप १ वर्षको लागि करार अवधी थप हुनेछ ।

१८. **नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा भर्ना** : (१) नगर प्रहरी जवान र नगर प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले नगरपालिकाले तोके वमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।

(२) उपदफा (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ :-

(क) नगर प्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको तथा नगर प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र ४५ वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ वा सो सरह उतिर्ण गरेको ।

तर नगर प्रहरी सहयोगी पदको हकमा साधारण लेखपढ गर्न जान्ने हुनु पर्नेछ ।

(ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

(ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

(च) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

(छ) आँखा माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

(ज) छाती नफुलाउँदा घटीमा ३० इन्च र फुलाउँदा ३२ इन्च भएको ।

(झ) नेपाली नागरिक ।

(ञ) महिलाको लागी घटीमा ५ फिट र पुरषको लागी घटीमा ५ फिट २ इन्च उचाई भएको ।

१९. **करार नियुक्ति सदर** : (१) दफा १६ वमोजिमको अवधिमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरी थप १ वर्षको करार नियुक्ति दिईनेछ ।

(२) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

२०. **जेष्ठताक्रम कायम गर्ने** : नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । वहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५

## सरुवा तथा वढुवा

२१. **सरुवा सम्बन्धी व्यवस्था** : अधिकृतस्तरको नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ । अन्य नगर प्रहरी कर्मचारीहरुको

सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ ।

२२. **बढुवा गर्ने अधिकारी** : पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढुवा गर्नेछ ।

२३. **वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि** : (१) नगर प्रहरी हवल्दारदेखि नगर प्रहरी नायव निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा निरन्तर रुपमा तीन वर्षको सेवा करार अवधि पुगेको र अधिकृतस्तरका प्रहरी कर्मचारीको हकमा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष सेवा करार सेवा पुगेको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन् :-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ङ) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

२४. **वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधार** : नगर प्रहरी कर्मचारीलाई वढुवा गर्दा यस ऐन वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ । तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :-

(क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा

(ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा

(ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा

(घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता

२. कार्यसम्पादन मूल्याकंन

३. शैक्षिक योग्यता

४. तालिम

(ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।

(च) बढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।

(छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ ।

शैक्षिक योग्यता प्रथम द्वितिय
तृतिय कैफियत

१. हाल वहाल रहेको पदमा नयाँ
१० ८ ६
नियुक्ति दिँदा आवश्यक पर्ने न्यूनतम
शैक्षिक योग्यता भएमा

२. आवश्यक न्यूनतम योग्यता भन्दा
५ ४ ३
माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा

तर,

(१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिने छ ।

(ज) कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ ।

(झ) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अङ्क दिइनेछ ।

## परिच्छेद - ६
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

२५. **नगरपालिका प्रशासनको नियन्त्रण रहने** : नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

२६. **नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने** : नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ ।

२७. **कारवाही गर्दा परामर्श लिने** : नगरपालिकाले कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकता अनुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ७
## विदा

२८. **विदा अधिकारको कुरा होइन** : (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन् ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) नगर प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउने छन् :-

(क) भैपरी आउने र पर्व विदा
(ख) विरामी विदा
(ग) किरिया विदा
(घ) प्रसुती विदा
(ङ) प्रसुति स्याहार विदा

२९. **विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने** : (१) यस ऐन वमोजिम विदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन् ।

(२) दफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

तर निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**३०. भैपरी/पर्व विदा** : (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

(२) भैपरी/पर्व आउने विदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

(३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन् ।

(४) विदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

(५) भैपरी/पर्व विदा वसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

(६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

**३४. विरामी विदा :** (१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशनसहित विरामी विदा पाउने छ ।

(२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिने छ ।

(३) प्रहरी कर्मचारीले विरामी विदा बढिमा ९० दिनसम्म संचित गर्न सक्नेछ ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ ।

(५) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको विरामी विदा पाउने छैन ।

**३३. किरिया विदा** : (१) नगर प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा

महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

३४. **प्रसूती विदा** : (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ । साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ ।

(४) उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ ।

३५. **प्रसूती स्याहार विदा** : (१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ ।

(४) प्रसूति स्याहार विदा लिने नगर प्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

३६. **सट्टा विदा** : कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा सट्टा विदा दिन सक्नेछ ।

तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन् ।

३७. **बिदा माग गर्ने विधि** : (१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ :-

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भन्ने,

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

**३८. विदा दिने अधिकारी :** (१) देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :-

| विदाको किसिम | विदा स्वीकृत गर्ने अधिकारी |
|---|---|
| १. भैपरी आउने र पर्व विदा | नगर प्रहरी प्रमुख |
| २. विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३. प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४. किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५. सट्टा विदा प्रमुख प्रशासकीय अधिकृत | |

(२) यस्ता स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**३९. विदा परिणत नहुने** : यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन् ।

**४०. सार्वजनिक विदा गाभिने** : भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ ।

**४१. कार्यालयमा अनुपस्थित हुने उपर कारवाही** : विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**४२. निकासा लिन नभ्याएमा** : कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो

नगर प्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

४३. **गयल खाली जनाउने** : कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका सामान्य प्रशासन तथा जनशक्ति विकास शाखामा पठाई सकेपछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

४४. **झुट्टा कारण देखाएमा सजाय हुने** : कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ ।

४५. **तालिम अवधिमा विदा बस्ने बारे** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन् ।

## परिच्छेद - ८

## आचरण

४६. **दान उपहार लिन नहुने** : आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

४७. **चन्दा लिन नहुने** : कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

४८. **स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने** : नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**४९. सम्पत्तिको विवरण दिनुपर्ने** : (१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले साठी दिनभित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्नेछ ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य ।

(२) उपदफा १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५०. व्यापार व्यवसाय गर्न नहुने** : कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन ।

**५१. नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**५२. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने** : नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**५३. नगरपालिकाको आलोचना** : नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा

नगरपालिका र नगरबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**५४. निर्वाचनमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**५५. राजनीतिमा भाग लिन नहुने** : नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**५६. समय पालन र नियमितता** : नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**५७. अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**५८. नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने** : नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**५९. बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

**६०. सजाय** : उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

(क) नसिहत दिने ।

(ख) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

(घ) तल्लो तहमा घटुवा गर्ने ।

(ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

६१. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने** : नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

६२. **तलब वृद्धि वा पदोन्नति रोक्ने** : नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

६३. **दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपीलकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरणसम्वन्धी दफा उल्लंघन गरेमा ।

(घ) नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

६४. **नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) वरावर अनुशासनहीनताको काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

६५. **सजाय सम्बन्धी कार्यविधि** : (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस दफा वमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

(ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनुपर्ने छैन् ।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण

सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।

(५) उपदफा (४) वमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ ।

तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाँकी तलव भत्ता पाउने छैन् ।

(ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन् ।

६६. **सजायको आदेश दिने** : जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

६७. **सेवाको अन्त्य गर्ने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस दफा वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदैं

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा,

६८. **पुनरावेदनको कार्यविधि** : (१) दफा ६७ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

६९. **नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश न्यायिक समिति वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद - १०
## अवकाश, उपदान र निवृत्तिभरण

७०. **अनिवार्य अवकाश** : (१) यो ऐन जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

(क) नगर प्रहरी नायब निरीक्षक - ५२ वर्ष

(ख) नगर प्रहरी सहायक निरीक्षक - ५१ वर्ष

(ग) नगर प्रहरी हवल्दार/नगर प्रहरी जवान - ५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ ।

**स्पष्टीकरण** : नियमको प्रयोजनको लागि नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय वमोजिम गरिनेछ :

(क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

(ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर ।

७१. **उपदान** : नगर प्रहरी कर्मचारीले उपदान पाउने छैनन् ।

७२. **निवृत्तिभरण** : (१) नगर प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन् ।

(२) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा एकमुष्ट राहत प्राप्त गर्नेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल - सदस्य

(ग) प्रतिनिधि : नगर प्रहरी प्रमुख -सदस्य सचिव

(३) दफा (२) वमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

## परिच्छेद - ११

## तलब, भत्ता

७३. **तलब भत्ता** : नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

७४. **टाइम स्केलः** (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यत: स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ । तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ ।

(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ ।

७५. **तलब वृद्धि** : देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि एग्रेट वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का । तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिने छ ।

७६. **कायम मुकायम भई काम गरेको तलब भत्ता** : कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

## परिच्छेद - १२

## कायम मुकायम र कार्यवाहकको व्यवस्था

७७. **कायम मुकायम मुकरर गर्न सक्ने :** (१) नगर प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन ।

तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ ।

(२) यस दफावमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिने छ ।

(३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

७८. **कायम मुकायम गर्ने अधिकारी** : (१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) दफा (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ ।

(३) दफा (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन् :-

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,

(ख) निलम्बन भएकोमा सो अवधिभर,

(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

७९. **निमित्त भई काम गर्ने व्यवस्था** : (१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबैभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

८०. **एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने** : कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन् ।

८१. **काम गरेको अवधिको तलब भत्ता** : (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ ।
तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद - १३

## तालिम

८२. **तालिमको व्यवस्था** : नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन चौरजहारी नगरपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ ।

८३. **तालिम संचालन हुने स्थान** : नगर प्रहरीको तालिम नगरपालिकाले तोकिएको स्थानमा हुनेछ ।

८४. **तालिमको अवधि** : नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि चौरजहारी नगरपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ ।

८५. **तालिमको अनिवार्यता** : (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुन: एकपटक तालिमको

मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

८६. **तालिमको पाठ्यक्रम** : विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

८७. **प्रशिक्षार्थीले पाउने सुविधा** : (१) नगरपालिका वाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नगरपालिकाका नेपाल प्रहरीले पाए सरह राशन र भत्ता पाउने छन् ।

८८. **तालिम सफल भएमा** : देहाय तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :-

(क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करार नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन् ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार नियुक्तिको लागि योग्य हुनेछन् ।

८९. **समिति गठन हुने** : दफा ८७ र ८८ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहर वमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

९०. **प्रारम्भिक पोशाक** : (१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक चौरजहारी नगरपालिकाले दिनेछ ।

९१. **तालिममा सामेल गराउने संख्या** : नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन् ।

९२. **प्रशिक्षण भत्ता** : राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

९३. **अतिथि प्रशिक्षकहरुको पारिश्रमिक** : अतिथि प्रशिक्षकको पारिश्रमिक नगरपालिकाले तोके बमोजिम हुनेछ ।

९४. **आन्तरिक तालिम** : एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन् ।

## परिच्छेद - १४
## पोशाक

**९५. नगर प्रहरी पोशाक** : नगर प्रहरीको पोशाकको रंग र किसिम तथा अन्य विवरण प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ ।

**९६. प्रारम्भिक पोशाक र सामान** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**९७. जाडो मौसमका लागि दिइने पोशाक** : प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

**९८. सेरोमोनियल पोशाक** : अधिकृत कर्मचारीहरुलाई सेरोमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**९९. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा** : नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भए बमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**१००. नगर प्रहरीको पोशाक सट्टा भर्ना** : नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाँ दिईनेछ ।

## परिच्छेद - १५
## विविध

**१०१. विभागीय आदेश र निर्देशन** : यस ऐनको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय
(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय
(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय
(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय
(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**१०२. स्वयम्सेवकको रुपमा नगर प्रहरी भर्ना गर्न सकिनेः-** (१) नगरपालिकाले नगरपालिकाको आवश्यकता एवम् स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले प्रत्येक युवाहरुलाई अनिवार्य रुपमा जीवनमा एकपटक फौजी तालिम दिनु पर्ने

मान्यता अनुसार कम्तिमा ६ महिनाको लागि स्वयम्सेवकको रुपमा कामकाज गर्ने गरी नगर प्रहरी भर्ना गर्न सक्नेछ ।

(२) स्वयम्सेवकको रुपमा नगरपालिकाले तोकेको कामकाज गर्ने गरी भर्ना गरिएका नगर प्रहरीहरुलाई निश्चित अवधि पूरा भईसकेपछि व्यवसायमा आवद्ध गरी स्वरोजगारीमूलक कार्यहरुमा लगाउन पर्यत्न गरिनेछ ।

(३) स्वयम्सेवकको रुपमा भर्ना भएका नगर प्रहरीले नगरपालिकाले तोकेका कार्यहरु अनिवार्य रुपमा सम्पादन गर्नुपर्नेछ । निजहरुले दैनिक जीवनयापनको लागि आवश्यक न्यूनतम रकम बाहेकको अन्य रकम पाउने छैनन् ।

(४) स्वयम्सेवक प्रहरी सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१०३. पुरस्कारः** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् ।

(क) प्रमुख प्रशासकीय अधिकृत

(ख) प्रहरी नायब निरीक्षक

**१०४. चाडपर्व खर्च पाउने** : नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**१०५. अन्य सुविधा तथा व्यवस्था** : (१) चौरजहारी नगरपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ ।

(२) कार्यरत नगर प्रहरीहरुले चौरजहारी नगरपालिकाको अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यो ऐन बन्नुपूर्व कर संकलकको रुपमा कार्यरत कर संकलकहरु स्वतः नगर प्रहरीमा रुपान्तरित हुनेछन् । कर संकलक पदमा कार्यरत कुनै कर्मचारी नगर प्रहरी हुन नचाहेमा निजको करार सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

तर नगर प्रहरीको लागि आवश्यक शारीरिक सुसङ्गठन लगायतका योग्यता पूरा गर्नुपर्नेछ ।

१०६. **बाधा अड्काउ फुकाऊ** : चौरजहारी नगरपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी सम्बन्धी ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ र सोमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित कानूनमा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

१०७. **ऐन संशोधन** : यस ऐनमा आवश्यक संशोधन चौरजहारी नगरपालिकाको नगर सभाबाट गर्न सकिनेछ ।

१०८. **नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** नगर कार्यपालिकाले यस ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

# चौरजहारी नगरपालिकामा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावना** : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न, चौरजहारी नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "चौरजहारी नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुकुलन"** भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनुपर्छ।

(ख) **"उत्सर्जन"** भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले चौरजहारी नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"खुल्ला क्षेत्र"** भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा

विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनुपर्छ ।

(ङ) **"जलवायू परिवर्तन"** भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायूमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनुपर्छ।

(च) **"जोखिमपूर्ण फोहर"** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ।

(छ) **"जैविक विविधता"** भन्नाले पारिस्थितिकीय प्रणाली (इको सिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ ।

(ज) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) **"निष्काशन"** भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ ।

(ञ) **"परिषद्"** भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् सम्झनु पर्छ।

(ट) **"प्रदूषण"** भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ठ) **“प्रस्ताव”** भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

(ड) **“प्रस्तावक”** भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ढ) **“फोहरमैला”** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनुपर्छ ।

(ण) **“वन”** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुटयानले ढाकिएको क्षेत्र सम्झनु पर्छ ।

(त) **“वन पैदावार”** भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार ।

**(थ)** **"वातावरण"** भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु,आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

**(द)** **"वातावरणीय अध्ययन"** भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसवाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

**(ध)** **"सम्पदा"** भन्नाले नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(न) **“सिमसार”** भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake), पोखरी (Pond), जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ ।

(प) **“संरक्षण”** भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

(फ) **"सम्बन्धित निकाय"** भन्नाले प्रचलित संघीय तथा प्रदेश कानूनमा अन्यथा उल्लेख भए बाहेक स्थानीय तहको हकमा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद - २

## वातावरण संरक्षण

३. **वातावरण संरक्षण गर्नुपर्ने** : (१) आफ्नो क्षेत्राधिकार क्षेत्र भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाकोहुनेछ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने**: (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी नगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी

कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम कार्यपालिकाबाट हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ।

५. **सम्पदाको संरक्षण गर्नुपर्ने** : (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

६. **वातावरणीय अध्ययन गर्नुपर्ने** : (१) प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विष्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरि सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) यस ऐन वमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्वन्धित निकायबाट कार्यसूची स्वीकृत गर्नुपर्नेछ।

(९) वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आँफै संलग्न भएको अबस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून बमोजिम स्वीकृत हुनेछ।

७. **<u>मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने</u>**: (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुनेगरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ।

८. **<u>वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने</u>**: (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरूमध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नुपर्नेछ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना वनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने**: यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. **प्रस्ताव सम्बन्धी अन्य व्यवस्था** : (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन इकाईको हुनेछ ।

११. **रोक लगाउन सक्ने** : (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन ।

१२. **अनुकूलन योजना बनाउन सक्ने** : (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ।

१३. **हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण कार्यहरू गर्न सक्ने** : (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१४. **प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने** : (१) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा

प्रदेश र संघीय सरकारलाई सोको जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, बिक्रि वितरण, भण्डारनमा बन्देज लगाउन सक्नेछ रआवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **प्रयोगशाला स्थापना गर्न सक्ने :** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. **नमुना संकलन गर्न दिनुपर्ने:** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

१७. **वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने :** नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

१८. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार :</u>** (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१९. सरसफाई सहजकर्ता नियुक्त गर्न सक्ने** : सफापानी र सरसफाई (Clean Water & Sanitation) सम्बन्धी दिगो विकास लक्ष्य प्राप्तिको लागि पूर्ण सरसफाईका सबै सूचकहरु पूरा गरी नगरपालिकालाई पूर्ण सरसफाई उन्मूख क्षेत्र घोषणा गर्न, खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) को प्रभावकारी कार्यान्वयन गर्न, सरसफाईसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय र सहकार्य गरी अपेक्षित उपलब्धि हासिल गर्न, सरसफाईसँग सम्बन्धित नीति, नियम र योजनाहरुको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा नियमन गर्न कार्यपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार मान्यता प्राप्त शिक्षण शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेका व्यक्तिहरुलाई आवश्यकताको आधारमा आवश्यक सङ्ख्यामा प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी सरसफाई सहजकर्तामा निश्चित अवधिको लागि नियुक्त गर्न सक्नेछ ।

**२०. सरसफाई सहजकर्ताको काम, कर्तव्य र अधिकार** : (१) सरसफाई सहजकर्ताहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यो ऐन तथा यो ऐन अन्तर्गत बनेको नियममा उल्लेखित एवम् प्रचलित खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कानून, योजना तथा मापदण्डहरुमा निर्देशित सरसफाई सम्बन्धि क्रियाकलापहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने र गराउने,

(ख) नगरपालिकालाई पूर्ण सरसफाई उन्मूख क्षेत्र घोषणा गर्न खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan) को कार्यान्वयन गरी पूर्ण सरसफाईका सूचकहरु तोकिएको अवधिभित्रै पूरा गर्न सरसफाईसँग सम्बन्धित सरोकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य र अन्तरक्रिया गरी तोकिएका क्रियाकलापहरु प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने तथा गराउने ।

(ग) टोल तथा वडास्तरमा स्वीकृत पूर्ण सरसफाई मार्गदर्शन एवम् खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि कार्यविधि अनुसार

खानेपानी, सरसफाई तथा स्वच्छता समितिहरु गठन गर्ने, ती समितिहरुसँग अन्तरक्रिया गरी सरसफाई अभियानहरुको प्रभावकारी र प्रतिफल प्राप्त हुने किसिमले ढङ्गले सञ्चालन गर्ने ।

(घ) पूर्ण सरसफाई उन्मूख क्षेत्र घोषणाको लागि पूर्ण सरसफाई सम्बन्धि मार्गदर्शनमा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनमा नगरपालिका एवम् मातहतका निकायहरुलाई आवश्यक तथ्याङ्क उपलब्ध गराई सरसफाई सम्बन्धि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ङ) सरसफाई क्रियाकलापहरुको स्वघोषणा, अनुगमन र प्रमाणिकरण, पूर्ण सरसफाई अभियान सम्बन्धि क्षमता अभिवृद्धि, स्रोत व्यवस्थापन, पुरुस्कार, सम्मान र कदर, निरीक्षण, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन लगायतका कार्यहरुमा नगरपालिकासँगको समन्वयमा आवश्यक सहजीकरण र निरन्तर रुपमा प्रतिवेदन गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) नगर कार्यपालिकाबाट सरसफाई सहजकर्ता नियुक्ति गर्न नगरपालिकाको वार्षिक कार्यक्रम र योजनामा सो सम्बन्धि बजेट तथा कार्यक्रम समावेश भएको हुनुपर्नेछ ।

(३) सरसफाई सहजकर्ताको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२१. **फोहरमैलाको प्रबन्ध गर्ने दायित्वः** (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा

जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

२२. **फोहरमैला व्यवस्थापन गर्ने दायित्व :** (१) नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा

कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ।

२३. **फोहरमैला उत्पादन कम गर्ने** : (१) नगरपालिकाभित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्न उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैलामात्र निष्काशन गरी फोहरमैलाको परिणामलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**स्पष्टिकरणः "आफ्नो क्षेत्र"** भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

२४. **फोहरमैला पृथकीकरणः** (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

२५. **फोहरमैलाको निष्काशन** : (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

२६. **फोहरमैला व्यवस्थापन केन्द्रः** (१) कार्यपालिकाले फोहर मैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्यक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **जोखिमपूर्ण फोहरको व्यवस्थापन** : (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्रीवितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ।

२८. **फोहरमैलाको न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग** : (१) कार्यपालिकाले फोहरमैला न्यूनिकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिणामलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

२९. **अनुमति सम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. <u>फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता</u> : (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात् व्यवस्थापन ।

३१. <u>प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने</u> : (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

३२. **<u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने</u>** : (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

३३. **<u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने</u>** : (१) कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

३४. **<u>सेवा शुल्क उठाउन सक्ने</u>** : (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४
## जैविक विविधता संरक्षण

३५. **जैविक विविधताको संरक्षण गर्नुपर्ने** : (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेधगर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण,-

(१) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीय वासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३) जैविक विविधता संरक्षणतथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

३६. **<u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने</u>:** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राखु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **<u>स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास आदिको संरक्षण गर्नुपर्ने</u>** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ ।

३८. **<u>खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था</u>** : (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३९. **<u>जलाधार संरक्षण गर्नुपर्ने</u>** : (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धीत निकायको कर्तव्य हुनेछ ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिकाभित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

४०. **वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेः** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनकोमापदण्डअनुरुपसबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधतार जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्नआवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकावाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट

वन पैदावर सम्वन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने,

४१. **निजी वन दर्ता तथा व्यवस्थापन** : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४२. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था** : (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

४३. **सहरी वनको विकास र व्यवस्थापन** : (१) कार्यपालिकाले आफ्नो क्षेत्र भित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४४. **वनक्षेत्रको प्रयोग** : कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा

वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

४५. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन** : (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जोकोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

४६. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. **नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा वृक्षारोपण**: (१) नगरपालिकाभित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्नसक्नेछ ।

## परिच्छेद-६
## संस्थागत व्यवस्था

४८. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन** : (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम।

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

४९. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् गठन गर्न सक्ने** : (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् ;

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्वास्थ्य समिति संयोजक - सदस्य

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक - सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिलासहित ३ जना - सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना - सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

(झ) वातावरण तथा विपद् व्यवस्थापन इकाई संयोजक- सदस्य सचिव

(३) वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

५०. **समितिहरु गठन गर्न सक्ने** : (१) नगर कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

५१. **अनुगमन तथा मूल्यांकन** : (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ४९ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद् वा परिषद्ले तोकेको निरीक्षण समितिहरूवाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने** : (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ

नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## कसूर, जरिवाना तथा क्षतिपुर्ती

**५३. कसूर : कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-**

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न कार्यपालिकाले तोकेको समय

वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

५४. **<u>सजाय तथा जरिवाना</u>** : (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछः

(क) दफा ५३ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५३ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५३ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(घ) दफा ५३ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५३ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्ने छ ।

(च) दफा ५१ को खण्च (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५३ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने छ ।

(ज) दफा ५३ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुन गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५३ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(ञ) दफा ५३ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक

पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्ने छ ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म ।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ । यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा

संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

५५. <u>**क्षतिपूर्ति**</u> : (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्नकार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समिततिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५६. <u>**निवेदन दिन सक्ने**</u> : (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५७. **पुनरावेदन :** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

५८. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरि सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८

## विविध

५९. **ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा :** (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

६०. **भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन :** संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

६१. **समन्वय र सहजीकरण गर्ने :** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

६२. **सर्वेक्षण :** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६३. **गुनासो व्यवस्थापन** : कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धि गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६४. **परामर्श लिन सक्ने** : **नगर**सभा, कार्यपालिका वा वातावरण तथा विपद् व्यवस्थापन इकाईले यस ऐनको कार्यान्विनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

६५. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण तथा विपद् व्यवस्थापन इकाईमा प्रत्यायोजन गर्न सक्नेछ ।

६६. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६७. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६८. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने** : यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ ।

# चौरजहारी नगरपालिका विनियोजन ऐन, २०७७

चौरजहारी नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

**प्रस्तावनाः** चौरजहारी नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम चौरजहारी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"चौरजहारी नगरपालिका विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७।०७८ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः-** (१) आर्थिक वर्ष २०७७।०७८ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४९,२०,९२,४७०।०० (अक्षरुपी उन्पचास करोड बीस लाख बयानब्बे हजार चार सय सहत्तर रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को लागि चौरजहारी नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो

शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. जग्गा खरिद प्रक्रियालाई सरल र सहज बनाई नगरपालिका, वडा कार्यालय, विद्यालय एवम् अन्य सरकारी निकायहरुको लागि आवश्यक संरचना निर्माणको कार्यलाई तीब्रता दिन प्रचलित बजार मूल्य, जग्गाको न्यूनतम मूल्याङ्कन र नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको मूल्याङ्कन समेतलाई विश्लेषण गरी नगर कार्यपालिकाबाट लागत अनुमान स्वीकृत गरी सोही लागत अनुमानमा उल्लेखित दरभन्दा बढि नहुने गरी संघीय सार्वजनिक खरिद ऐन र चौरजहारी नगरपालिका सार्वजनिक खरिद नियमावली बमोजिमको खरिद प्रक्रिया अवलम्वन गरी खरिद गर्न सकिने छ ।

५. **विविध** : (१) आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) सम्बन्धमा देहाय बमोजिम गर्ने -:

(क) कूल पुँजीगत खर्च शीर्षकमा विनियोजित रकमको बढिमा ५ प्रतिशतले हुन आउने रकम आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) को रुपमा छुट्याउनु पर्नेछ ।

(ख) कूल कन्टिन्जेन्सी रकमको बढिमा १० प्रतिशतले हुन आउने रकम विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषमा

जम्मा गर्नु पर्नेछ र प्राकृतिक प्रकोप पीडित राहत सम्बन्धि कार्यविधि, २०७४ अनुसार उद्धार, राहत, पुनर्स्थापना र पुनःनिर्माणको लागि एवम् कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि उक्त रकम खर्च गर्न सकिनेछ ।

(ख) कूल कन्टिन्जेन्सी रकमको बढिमा ५ प्रतिशतले हुन आउने रकम आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ अनुसार खर्च गर्नु पर्नेछ ।

(ग) कूल कन्टिन्जेन्सी रकमको ५० प्रतिशत रकम पुँजीगत प्रकृतिका कार्यक्रम (आयोजना सञ्चालनको लागि आवश्यक उपकरण खरिद, भौतिक संरचना निर्माण,पुँजीगत अनुसन्धान तथा परामर्श खर्च लगायतमा) र ३५ प्रतिशत रकम चालू प्रकृतिका कार्यक्रमह (फिल्ड भत्ता, उपभोक्ता समितिहरुको सशक्तिकरण, आयोजनामा खटिने कर्मचारीहरुको सेवा सुविधा, आयोजनासँग सम्बन्धित सामग्रीहरु खरिद, सार्वजनिक सुनुवाई लगायतमा) को लागि खर्च गर्नुपर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख भए अनुसारको मापदण्डको अधिनमा रहि नगर कार्यपालिकाले कन्टिन्जेन्सी वापतको रकमको लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) आयोजना कार्यान्वयनको लागि नगर कार्यपालिकाले कार्यान्वयन कार्ययोजना र समय तालिका बनाई लागू गर्नुपर्नेछ । आयोजना कार्यान्वयन कार्य योजनामा अनुगमन तथा मूल्यांकनको लागि समेत कार्य योजना बनाई लागू गर्नु पर्नेछ । कार्यान्वयन कार्ययोजना बनाउँदा कार्तिक मसान्तभित्र स्वीकृत कार्यक्रमहरु कर्यान्वयनको लागि सम्पूर्ण खरिद प्रक्रिया टुङ्ग्याई कार्यान्वयनको लागि सम्झौता गरिसक्नुपर्नेछ । धेरै लागत अनुमान भएका र कार्य सम्पन्न गर्न बढि समय आवश्यक पर्ने ठूला आयोजनाहरु बाहेक अन्य आयोजनाहरु आर्थिक वर्षको वैशाख मसान्तभित्र सम्पन्न गरी भुक्तानी भईसक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) कर्मचारी एवम् पदाधिकारीहरुको एक दिनको आधारभूत तलव बराबरको रकम वार्षिक रुपमा नगरपालिकाको आकस्मिक कोषमा जम्मा गर्नु पर्नेछ । उक्त रकम प्रकोप पिडित, आर्थिक सहायता, जोखिममा परेका बालबालिकाहरुको उद्धार तथा पुनःस्थापना लगायतको आकस्मिक कार्यहरुमा खर्च गर्न सकिनेछ ।

(४) नगरपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको कन्टिन्जेन्सी वापतको रकम र जनसहभागिता बाहेकको रकम कटाएर हुन आउने रकमको १ प्रतिशत बराबरको रकम मर्मत संभार कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) आर्थिक वर्ष २०७६।०७७ को असार मसान्तसम्म निरन्तर रुपमा कार्य गरी कार्य सम्पादनस्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि नगरपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण बमोजिम श्रम सम्बन्धी कानून र नगरपालिकाको आर्थिक स्रोत समेतको आधारमा कम्तिमा साविकको सेवा शर्त र सुविधा कायम हुने गरी नगर कार्यपालिकाले थप गर्न सक्नेछ । करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०७७ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादनस्तर मापन गर्नुपर्नेछ । कार्यबोझ र कर्मचारीले पूरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरी नगर कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ । नगर कार्यपालिकाले कर्मचारीको कार्य सम्पादन स्तर, सेवाको प्रकृति र कार्यालयको कार्य बोझ समेतलाई विश्लेषन गरी एक प्रकृतिको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समुहमा काम गर्ने गरी जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्नेछ ।

(६) वडा समितिका पदाधिकारीहरुलाई बैठकको विषयवस्तु र त्यसको भारलाई विश्लेषण गरी महिनामा बढिमा एक वटा बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराईनेछ । कार्यालय समयमा भएका नियमित प्रकृतिका बैठकहरुमा बैठक भत्ता उपलब्ध गराईने छैन् ।

तर, कोरोना महामारीको विद्यमान अवस्था विश्लेषण गरी नगर कार्यपालिकाको निर्णयानुसार बैठक भत्ता लगायतका अन्य भत्ताहरु कटौती गर्न सकिनेछ ।

(७) २० किलोमिटरभन्दा कम दूरीमा कार्यालयको काममा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई अनुगमन तथा मूल्याङ्कन खर्च उपलब्ध गराईने छैन् ।

तर, कार्यालय समय बाहेक अतिरिक्त समयमा नगरपालिकाको कामकाज गर्ने गरी कुनै कर्मचारी वा पदाधिकारीहरुलाई खटाईएमा कामको प्रकृति र कार्य सम्पादन प्रतिवेदनको विश्लेषण गरी खाजा वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(८) नगरस्तरिय अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरु एवम् फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुलाई मासिक तलवको ३५ प्रतिशतले हुन आउने रकम मासिक रुपमा फिल्ड प्रतिवेदनको आधारमा फिल्ड भत्ता वापत उपलब्ध गराउनु पर्नेछ ।

तर फिल्ड भत्ता पाउने त्यस्तो कर्मचारी महिनामा कम्तिमा १५ दिन फिल्ड गएको र फिल्डमा जानुको औचित्य र उपलब्धी स्पष्ट हुनुपर्ने छ ।

(९) कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि अतिरिक्त समय जोखिमपूर्ण स्थान (हेल्थ हेल्प डेस्क, क्वारेन्टाइन, आइसोलेसन, स्वाव संकलन, परीक्षण लगायत) मा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य कर्मचारीहरुलाई नेपाल सरकार एवम् प्रदेश सरकारले निर्माण गरेको मापदण्ड र निर्णयानुसार कामको प्रकृति र जोखिम हेरी मासिक तलवमानको बढिमा २५ प्रतिशतदेखि १०० प्रतिशतसम्म प्रोत्साहन वा जोखिम भत्ता उपलब्ध गराईनेछ ।

तर फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध हुने छैन् ।

(१०) नगरपालिकामा रहेका सरकारी सवारी साधनको प्रयोग व्यक्तिगत प्रयोजनमा गर्न पाईने छैन् । यदि कोही कसैले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो पटक

भए रु १०००।०० र पुनः प्रयोग गरेमा रु ५०००।०० जरिवाना गर्न सक्नेछ । सरकारी सम्पत्ति दुरुपयोग गर्ने वा गर्न खोज्ने व्यक्तिहरुलाई कानून बमोजिमको थप कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(११) विगतदेखि निरन्तर रुपमा कम्तिमा पाँच वर्ष वा सोभन्दा बढि अवधि स्थानीय तहमा काम गरेका एवम् स्थानीय भत्ता खाईरहेका कर्मचारीहरुलाई निजहरुको नियुक्ति र सेवा शर्तको आधारमा स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

तर स्थानीय भत्ता प्राप्त गरिरहेका करार कर्मचारीहरुको हकमा साविक बमोजिम नै हुनेछ ।

(१२) नगर कार्यपालिकाको निर्णयानुसार करारमा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि, २०७६ अनुसार नगर प्रहरी लगायत स्वीकृत अन्तरिम दरवन्दी अनुसारका रिक्त पदहरुमा स्थायी कर्मचारी खटी आएमा वा अर्को कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी तत्काल सेवा प्रवाहलाई निरन्तरता दिन संचित कोषमा थप व्ययभार नपर्ने करारमा कर्मचारी व्यवस्था गर्न सकिनेछ ।

(१३) नगरपालिकाभित्र आफ्नो कार्यक्रम कार्यान्वयन गर्न चाहने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । साथै नगरपालिकासँगको समन्वयबिना त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न पाईने छैन् ।

(१४) बजेट कार्यान्वयनको क्रममा वार्षिक बजेट कार्यक्रममा समावेश नभएको कुनै अत्यावश्यक दायित्व सिर्जना भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कूल बजेटमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर राजस्व बाँडफाँड (संघीय सरकार) | ७९,१८९.४७ | - | | ७९,१८९.४७ | १६.०९ |
| २ | | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर राजस्व बाँडफाँड (प्रदेश सरकार) | ६१०.०० | - | | ६१०.०० | ०.१२ |
| ३ | | संघीय सरकार समानिकरण अनुदान | ३१,२१५.०० | ७२,४८५.०० | | १०३,७००.०० | २१.०७ |
| ४ | | संघीय सरकार सशर्त अनुदान | १८०,५०३.०० | ४४,४९७.०० | | २२५,०००.०० | ४५.७२ |

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कूल बजेटमा हिस्सा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| ५ | | संघीय सरकार समपूरक अनुदान अनुदान | - | ६,४००.०० | | ६,४००.०० | १.३० |
| ६ | | संघीय सरकार विशेष अनुदान | - | २०,०००.०० | | २०,०००.०० | ४.०६ |
| ७ | | प्रदेश सरकार समानिकरण अनुदान | १०,१९३.०० | - | | १०,१९३.०० | २.०७ |
| ८ | | प्रदेश सरकार सशर्त अनुदान | - | ५,०००.०० | | ५,०००.०० | १.०२ |
| ९ | | प्रदेश सरकार समपूरक अनुदान अनुदान | - | १७,०००.०० | | १७,०००.०० | ३.४५ |
| १० | | प्रदेश सरकार विशेष अनुदान | - | ५,०००.०० | | ५,०००.०० | १.०२ |
| ११ | | आन्तरिक स्रोत | २०,०००.०० | - | | २०,०००.०० | ४.०६ |
| जम्मा | | | ३२१,७१०.४७ | १७०,३८२.०० | - | ४९२,०९२.४७ | १००.०० |
| चालू बजेट प्रतिशतमा | | | ६५.३८ | | | | |
| पूँजीगत बजेट प्रतिशतमा | | | ३४.६२ | | | | |